# अध्याय एक

# परिचय

## १.१.शोध शीर्षक

यस शोध कार्यको शीर्षक **रामप्रसाद ज्ञवालीका बालआख्यानहरूको अध्ययन** रहको छ ।

## १.२. शोधको प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३. परिचय

रामप्रसाद ज्ञवालीको जन्म मिति २०२४ साल वैशाख ११ गते पिता दुर्गाप्रसाद ज्ञवाली र माता कुन्तादेवीको गर्भबाट लुम्बिनी अञ्चल, गुल्मी जिल्ला थानपति गाउँ विकास समिति वडा नं ३ फेक्दी भन्ने ठाउँका निम्न मध्यमवर्गीय परिवारमा भएको थियो । ज्ञवालीका तीन जना दाजुहरू र एक बहिनी रहेका छन् । ज्ञवाली काइँला सन्तान हुन् । रामप्रसाद ज्ञवालीको अक्षरारम्भ ६ वर्षको उमेरमा स्थानीय प्रा.वि. सागर पोखरीमा भएको थियो ।

उनले ३ कक्षासम्मको पढाइ उक्त विद्यालयबाट पूरा गरी कक्षा चारमा कोट भन्ने स्थानमा रहेको राष्ट्रिय नि.मा.वि. मा शिक्षा अगाडि बढाउँदै गए । कक्षा पाँचदेखि रुरु संस्कृत माध्यमिक विद्यालय रिडीमा पढ्न थाले । त्यहीँ पढ्दा पढ्दै वि.सं. २०३४ सालतिर उनी स्थानीय व्यक्ति (नाताले काका पर्ने) सँग संस्कृत पढ्न भनी भारतको हरिद्वारमा गए र उनी वि.सं. २०४२ सालमा वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रथम श्रेणीमा शास्त्री परीक्षा उत्तीर्ण गरी नेपाल फर्के । नेपाल फर्की पुनः आफ्नो शिक्षालाई अधि बढाएका ज्ञवालीले वि.सं. २०४९ मा त्रिभुवन विश्वविद्यालयबाट प्रथम श्रेणीमा सर्वप्रथम भई नेपाली विषयमा स्नातकोत्तर तह उतीर्ण गरेका हुन ।

हालसम्म उनका **विवश आँसु** नाटक (२०४४), **परिवर्तनको मोडमा** उपन्यास (२०५०), **जीवनका घुम्तीहरू** उपन्यास (२०५३), **औँसीका फूलहरू** महाकाव्य (२०५३), **आख्यानकार पारिजात** समालोचना (२०५८), **पुतली र भुसिल्किरा** कवितासङ्ग्रह (२०५९), **एकादेशमा** खण्डकाव्य (२०६१), **सानी परेवी र बाज** सचित्र बालकथा (२०६१), **पाश्चात्य साहित्यसिद्धान्तको सरल व्याख्या** सैद्धान्तिक समालोचना (२०६२), **भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका** भूमिकाहरूमात्र (२०६४), **सम्पत्ति** एकाङ्कीसङ्ग्रह (२०६३), **अश्रुग्याँस** कवितासङ्ग्रह (२०६३), **फुटकर कविताका केही बान्कीहरू** समालोचनासङ्ग्रह (२०६४), **आहा! कति मिठो खीर!** सचित्र बालकथा (२०६५), **कालाजादुको कथा** सचित्र बालकथा (२०६५), **दयालु भावना** सचित्र बालकथा (२०६६), **साहित्यकार रमेश विकल** औपन्यासिक जीवनी (२०६६) र **तेस्रो आँखाको आलोचना** आलेखालोचना-सङ्ग्रह (२०६७), औपन्यासिक जीवनी जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् । यीबाहेक अन्य केही बालसाहित्यिक कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

## १.४. शोधसमस्या

रामप्रसाद ज्ञवालीको साहित्यिक यात्रा खास गरी कविता, निबन्ध, नाटक, उपन्यास र गीत आदि बहुविध साहित्यिक विधाहरूमा पाइन्छ । कविता र समालोचना विधामा उनले कलम चलाएको पाइन्छ तापनि बालसाहित्यतर्फ पनि उनको कलम सशक्त ढङ्गले अगाडि बढेको पाइन्छ । उनका विभिन्न मितिमा प्रकाशित केही सिर्जनात्मक कृतिहरूको अध्ययन विश्लेषण भइसकेको देखिए तापनि बालसाहित्यिक कृतिहरूको शोधपरक अध्ययन, विश्लेषण हुन बाँकी देखिएकोले उनका बालसाहित्यिक कृतिहरूको अध्ययन गर्नु उचित देखिएको र अध्ययनका शोध समस्याहरू निम्नलिखित रहेका छन् :

१. रामप्रसाद ज्ञवालीको जीवनी, व्यक्तित्व केकस्तो रहेको छ ?

२. बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक विकास के कसरी हुँदै आएको छ ?

३. बालआख्यानकार रामप्रसाद ज्ञवालीका बालआख्यानहरू केकस्ता रहेका छन् ?

४. बालआख्यानकार रामप्रसाद ज्ञवालीका बालआख्यानात्मक कृतिहरूका प्राप्ति केकस्ता रहेका छन् ?

## १.५. शोधको उद्देश्य

रामप्रसाद ज्ञवालीका बालसाहित्यिक कृतिहरूको अध्ययन र विश्लेषणका निमित्त निम्मलिखित उद्देश्यहरू राखिएको छ :

१. बालआख्यानकार रामप्रसाद ज्ञवालीको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ,

२. बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक बिकासको अध्ययन गर्नु ,

३. बालआख्यानकार रामप्रसाद ज्ञवालीको बालआख्यानहरूको विश्लेषण गर्नु,

४. बालआख्यानकार रामप्रसाद ज्ञवालीका बालआख्यानका प्राप्तिहरूको निरूपण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

साहित्यकार रामप्रसाद ज्ञवालीद्वारा रचित एक्काइसवटा साहित्यिक तथा समालोचनात्मक कृतिहरू प्रकाशित छन् । अनेक व्यक्तिहरूबाट ती कृतिहरूमाथि टिप्पणी तथा अध्ययन गरिएको पाइन्छ । उनका कृतिहरूमाथि शोधकार्य पनि गरिएको पाइन्छ । नेपाली साहित्यको पछिल्लो अवधिमा बहुआयामिक स्रष्टा तथा द्रष्टा व्यक्तित्वका रूपमा चर्चित र स्थापित भएका बहुमुखी प्रतिभा रामप्रसाद ज्ञवालीको व्यक्तित्व र कृतित्वका सम्बन्धमा भएका पूर्वकार्यहरूको अध्ययन प्रस्तुत शोध कार्यका निम्ति सहयोगी हुने र आवश्यक पनि भएकोले यहाँ तिनको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ :

- जगन्नाथ उपाध्यायले, **रामप्रसाद ज्ञवाली र आँसीका फूलहरू** (२०५१), शीर्षकको समालोचनात्मक महाकाव्य लेखमा रामप्रसाद ज्ञवालीको कवि व्याक्तित्वको चर्चा गर्दै उनलाई प्रतिभाशाली व्याक्तित्वको रूपमा विश्लेषण गरेका छन् । उनी प्रगतिवादी महाकाव्यकार भएको मूल्याङ्कन प्रस्तुत गरेका छन् ।
- नेत्र एटमले, महाकाव्यात्मक सहवरणमा **आँसीका फूलहरू** (२०५५) शीर्षकको समालोचना प्रस्तुत गरेका छन् । यसमा उनले रामप्रसाद ज्ञवालीको कवित्वको सामान्य चर्चा गर्दै नेपाली महाकाव्य परम्परामा कवि

रामप्रसाद ज्ञवालीले नेपाली जनक्रान्तिको महŒवलाई केन्द्रीय विषय बनाएर प्रगतिशील सन्देश दिएको भनी विश्लेषण गरेका छन् । साथै यस महाकाव्यका माध्यमबाट नेपाली समाजका अनेक यथार्थहरूको सादृश्यमा वि.सं.२०४६ सालको नेपाली जनआन्दोलनको प्रतिविम्विन गरिएको कुरालाई आलोचनात्मक दृष्टिकोणले मुल्याङ्कन गरेका छन ।

- चन्द्रप्रसाद न्यौपानेले, **औँसीका फूलहरू,** (२०५६) **पूर्णिमाको खोजी** शीर्षकको लेखमा २०४६ सालदेखि २०५६ सालसम्म लेखिएका नेपाली महाकाव्यहरूको चर्चा गर्दै यी महाकाव्यकारहरूमध्ये विचार, कला र युगबोधका दृष्टिले महाकाव्यकार रामप्रसाद ज्ञवालीको महाकाव्य 'औँसीका फूलहरू' सर्वश्रेष्ठ महाकाव्य भएको निष्कर्ष गरेका छन् ।
- प्रभात सापकोटाले रामप्रसाद ज्ञवालीले रचेका **औँसीका फूलहरू** (२०५७) महाकाव्यलाई केन्द्रमा राखेर तातो महाकाव्य 'औँसीका फूलहरू' शीर्षकको लामो तुलनात्मक समालोचना प्रस्तुत गरेका छन् । यसमा उनले नेपाली महाकाव्यहरूमध्ये लक्ष्मीप्रसाद देवकोटाको नेपाली **शाकुन्तल** महाकाव्य, बालकृष्ण समको **चिसो चुलो** महाकाव्य, मोदनाथ प्रश्रितको **मानव** महाकाव्य र जगदीश शम्शेर राणाको **नरसिंह अवतार** महाकाव्यसँग रामप्रसाद ज्ञवालीको **औँसीका फूलहरू** महाकाव्यको तुलना गरी उत्कृष्ट पाँच नेपाली महाकाव्य अर्न्तगत **औँसीका फूलहरू**को मुल्याङ्कन गरेको पाइन्छ ।
- विनयकुमार शर्मा, (२०५९) ले नेपाली भाषामा लेखिएका चौरासी वटा महाकाव्यहरूका अध्ययन गरी तयार पारेको 'नेपाली महाकवि र महाकाव्य' शीर्षकको बृहत् आकारको पुस्तकमा महाकाव्यकार रामप्रसाद ज्ञवालीका **औँसीका फूलहरू** महाकाव्यलाई विभिन्न उप-शीर्षकहरूमा विश्लेषण गरेको पाइन्छ । जसमा यो महाकाव्य सुन्दर शैली, सामाजिक विषयवस्तु, प्रगतिशील विचार बोकेको राम्रो महाकाव्य हो भनी समसामयिक युवा

रचनाकारहरूमध्ये रामप्रसाद ज्ञवाली विशिष्ट रहेको मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

ज्ञाननिष्ठ ज्ञवालीले रामप्रसाद ज्ञवालीको **औँसीका फूलहरू** (२०६२) महाकाव्यमाथि विहङ्गम दृष्टि दिंदै महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यसम्म पुग्न नसकेको तर त्यसको पछिपछि हिडेको देखिने महाकाव्यका रूपमा यस महाकाव्यको मूल्याङ्कन गरेको पाइन्छ । यस लेखका अनुसार स्वच्छन्द भाषा शैली र प्रगतिवादी विचारधारामा रचना गर्नु कवि रामप्रसाद ज्ञवालीको विशेषता हो । यस लेखमा महाकाव्यलाई विषय, शैली, भाषा, प्रवृत्तिजस्ता विभिन्न पक्षबाट मूल्याङ्कन गर्दै नेपाली महाकाव्य परम्परामा यस महाकाव्यको स्थान निर्धारण गर्ने प्रयत्न गरिएको छ ।

ज्ञाननिष्ठ ज्ञवालीले साहित्यकार रामप्रसाद ज्ञवाली अनेक स्रष्टा द्रष्टाहरूका सृजनात्मक तथा समालोचनात्मक पुस्तकहरूमाथि लेखिएका भूमिकापरक लेखहरूको गम्भीर अध्ययन गर्दै **भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू** नाममा कृति तयार पारेका छन् (काठमाडौँ : हजुरको पुस्तक प्रकाशन (२०६३) । यस कृतिमा उनले भूमिका लेखनको सिद्धान्त र प्रकार बहुआयामिक भूमिका लेखनको अध्ययन तथा मूल्याङ्कन प्रस्तुत गरेका छन् । यस क्रममा उनले ज्ञवालीका साहित्यिक व्याक्तित्व र रचनाधर्म सम्बन्धी सङ्केत प्रस्तुत गर्दै साहित्यकार रामप्रसाद ज्ञवालीलाई बहुमुखी प्रतिभाका रूपमा प्रशंसा गरेका छन् ।

केशव गौतमले **पुतली र भुसिल्किरा** कवितासङ्ग्रहको कृतिपरक अध्ययन गरेका छन् , प्रस्तुत अप्रकाशित (ने.सं.वि. अप्रकाशित शोधपत्र, २०६३) शोधमा गौतमले नेपाली महाकाव्य यात्रामा आदि महान् महाकाव्यकार भानुभक्त आचार्य, प्रथम महाकाव्य रचनाकार लक्ष्मीप्रसाद देवकोटा, प्रकृतिलाई नायक बनाएर भाषाशैली, भाव दार्शनिकतामाथि महाकाव्य

लेख्ने महाकाव्यकार लेखनाथ पौड्याल, बैद्धिकता र तार्किकतामाथि महाकाव्य लेख्ने महाकाव्यकार बालकृष्ण सम, नेपाली सामाजिक यथार्थलाई चित्रण गर्ने मोदनाथ प्रश्रितको महाकाव्यकारहरूको परम्परामा प्रगतिवादी महाकाव्यकारको प्रतिनिधित्व गर्ने कविका रूपमा रामप्रसाद ज्ञवालीको चित्रण गरे पनि 'औँसीका फूलहरू' महाकाव्यको उचित मूल्याङ्कन गर्न सकेका छैनन् ।

- साधुराम बाँस्कोटाले रामप्रसाद ज्ञवालीका कविता काव्यमा **क्रान्ति चेत** शीर्षकको शोधपत्र (त्रि.वि. अप्रकाशित शोधपत्र, २०६५) तयार पारेका छन् । यस शोधपत्रमा उनले रामप्रसाद ज्ञवालीका दुई वटा कवितासङ्ग्रह, एउटा खण्डकाव्य र एउटा महाकाव्य गरी चारवटा कृतिहरूको गम्भीर शोधपरक अध्ययन प्रस्तुत गर्दै ज्ञवालीको काव्यकृतिहरूमा नेपाली समाजमा व्याप्त गरिवी, शोषण, वर्गीय विभेद आदिको वर्गीय पक्षधरका साथमा प्रतिबिम्बिन गरिएको निष्कर्ष प्रस्तुत गरेका छन् । यस क्रममा साहित्यकार रामप्रसाद ज्ञवालीका आख्यानधर्मी रचनाहरूको प्रतिनिधिमूलक विशेषताहरू पनि पाइन्छ ।
- सोनिया शर्मा (२०६५) ले **एकादेशमा अण्डकाव्यको कृतिपरक विश्लेषण** शीर्षकको शोधपत्रमा रामप्रसाद ज्ञवालीबाट रचित एकादेशमा खण्डकाव्यका विभिन्न पक्ष र विशेषताहरूको शोधपरक विश्लेषण प्रस्तुत गरेकीछिन् । यस क्रममा प्रस्तुत शोधपत्रमा नेपाली खण्डकाव्यको इतिहाँसमा यस खण्डकाव्यले २०६२/०६३ को महान् जनआन्दोदनलाई भविष्य दृष्टिका साथ सशक्त रूपमा प्रस्तुत गरेको बताउँदै यो खण्डकाव्य ऐतिहासिक महत्व छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । साथै रामप्रसाद ज्ञवालीका आख्यानधर्मी कृतिहरूको सूचना दिदै तिनको रचनाधार्मिता पनि प्रस्तुत गरिएको पाइन्छ ।

- दीपकप्रसाद लामिछानेले **औँसीका फूलहरू** महाकाव्यको कृतिपरक अध्ययन शीर्षकको (त्रि.वि. अर्न्तगत रत्नराज्यलक्ष्मी क्याम्पसबाट स्नातकोत्तर तह, २०६६) तयार पारेका छन् । यस शोधपत्रमा उक्त महाकाव्यमाथि अध्ययन गर्दा यसको मूल उद्देश्य ऐतिहासिक जनआन्दोलन (२०४६) सँग सम्बन्धित रही गरिएको यस शोधपत्रमा विद्यमान सामन्ती शोषण र आमजनताको आर्थिक सङ्कट देखाउनु तिनका विरुद्ध प्रगतिवादी चेतना छर्दै देशमा पूर्ण प्रजातन्त्र र स्वतन्त्रता ल्याउन सन्देश प्रभाव गर्नु रहेको छ ।
- जगन्नाथ खतिवडा (२०६६) ले रामप्रसाद ज्ञवालीको उपन्यास **जीवनका घुम्तीहरूमाथि, जीवनका घुम्तीहरू उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र तयार पारेका छन् । उनको शोधपत्रमा उक्त उपन्यासमाथि शोधपरक अध्ययन गर्दै आख्यानकार ज्ञवालीका प्रवृत्तिहरूका साथै औपन्यासिकरचनाधर्मीताको विश्लेषण तथा मूल्याङ्कन प्रस्तुत गरिएको पाइन्छ । साथमा रामप्रसाद ज्ञवालीका आख्यानधर्मी रचनाहरूका बारेमा सङकेत गरिएको पाइन्छ ।
- कमल अर्याल (२०६७) ले 'औँसीका फूलहरू महाकाव्यमा सामाजिक यथार्थको प्रतिबिम्वन' शीर्षकको शोधपत्र तयार पारेका छन् । यस शोधपत्रमा उनले **औँसीका फूलहरू** महाकाव्यमा नेपाली समाजको यथार्थ तथा विश्वबोधलाई गम्भीर सचेतनाका साथ प्रतिबिम्बित गरिएको निष्कर्ष प्रस्तुत गरेका छन् ।
- विभिन्न आख्यानकारहरूले रामप्रसाद ज्ञवालीका विभिन्न विधाहरूमा अध्ययन अनुसन्धान गरिसकेको पाइएकोले बालआख्यानका क्षेत्रमा भने कुनै अध्यताबाट अनुसन्धान नभएको हुँदा उक्त बालआख्यानको अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरी शोधपत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.७. शोधको औचित्य

साहित्यका विविध विधाहरूमध्ये बालसाहित्य एउटा महŒवपूर्ण विधा मानिन्छ । बालसाहित्यको विकाससँगै बालबालिकाको चेतनाको परिष्कार, सिर्जनशीलताको विश्वास, ज्ञानको प्रवर्द्धन तथा क्षमता र सीपको विकास, नैतिक चरित्र र व्यवहारमा सुधार हुनुका साथै बाल साहित्यको महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैले यस्ता महत्त्वपूर्ण सिर्जनाका स्रष्टाहरूले नेपाली बाल साहित्यको क्षेत्रमा के कस्ता सिर्जनाहरू गरी योगदान पुऱ्याएका छन् भनी अध्ययन हुनु पर्दछ । यस सन्दर्भमा कतिपय बालसाहित्य स्रष्टा तथा सिर्जनाको अध्ययन भएको पाइए तापनि यहाँ चयन गरिएको बालसाहित्य स्रष्टा र सिर्जनाका सम्बन्धमा धेरै नै अध्ययन हुन बाँकी देखिएकोले यस शोधको औचित्य रहेको छ ।

## १.८. शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा साहित्यकार रामप्रसाद ज्ञवालीको बालसाहित्यिक यात्राको शुरुदेखि हालसम्म प्रकाशित कृतिहरू मध्ये बालकथासङ्ग्रह **सानी परेवी र बाज** सचित्र बालकथा (२०६१), **आहा! कति मिठो खीर!** सचित्र बालकथा (२०६५), **कालाजादुको कथा** सचित्र बालकथा (२०६५), **दयालु भावना** सचित्र बालकथा (२०६६) र **रमेश विकल जीवनी** (२०६६) हरूकोमात्र अध्ययन सिमा निर्धारण गरीएको छ ।

## १.९. शोधको विधि

यस शोधपत्रमा सामाग्री सङ्कलनका निमित्त प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्र्तगत सम्बन्धित शोध नायकसँग मौखिक कुराकानी र सम्बन्धित कृतिहरू रहेका छन् ।

द्वितीय स्रोत अन्तरगत पुस्तकालय, पत्रपत्रिका टिप्पणी र शोध निर्देशकसँगको परामर्श आदिलाई ग्रहण गरिएको छ ।

## १.१०. शोधको रूपरेखा

शोधपत्र छोटो, छरितो र आकर्षण बनाउने उद्देश्यले यस शोधपत्रलाई निम्नलिखित अध्यायहरूमा वर्गीकरण गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : बालआख्यानकार रामप्रसाद ज्ञवालीको जीवनी र व्यक्तित्वको अध्ययन

अध्याय तीन : बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक अध्ययन

अध्याय चार : रामप्रसाद ज्ञवालीको बालआख्यानात्मक कृतिहरूको अध्ययन

अध्याय पाँच : बालआख्यानकार रामप्रसाद ज्ञवालीका बालआख्यानात्मक कृतिहरूको मूल्याङ्कन

अध्याय छ : उपसंहार ।

# अध्याय दुई

## बालआख्यानकार रामप्रसाद ज्ञवालीको जीवनी र व्यक्तित्वको अध्ययन

### २. परिचय

यस अध्यायमा बालआख्यानकार रामप्रसाद ज्ञवालीको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ ।

### २.१ जन्म र जन्मस्थल

रामप्रसाद ज्ञवालीको जन्म वि.सं. २०२४ साल वैशाख ११ गते पिता दुर्गाप्रसाद ज्ञवाली र माता कुन्तीदेवीको काँइलो सन्तानका रूपमा लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, थानपति गा.वि.स. वडा नं. ३ फेक्लैँदी भन्ने ठाउँमा भएको हो ।

### २.२. बाल्यकाल

कवि ज्ञवालीको जन्म निम्नमध्यमवर्गीय परिवारमा भएको थियो । उनको बाल्यकाल सङ्घर्ष र कष्टमय थियो । उनका ३ दाजुहरू र १ बहिनी रहेका छन् । ज्ञवाली काइँला सन्तान हुन् । आर्थिक सङ्कटका कारण उनका पिताले नोकरी

खोज्दै भारतको नागाल्यान्डतिर जानुपरेको थियो । उनकी आमा सधैँकी रोगी थिइन् । त्यसैले उनले ६, ७ वर्षको उमेरदेखि नै घाँसपात, गोबर, गोठालो, ढिकी-जाँतो गर्नेजस्ता चर्को श्रममा धसिनुपरेको थियो । मोही मागेर आँटो (मकैको च्याख्लाको (भात) खानुपर्ने उनको पारिवारिक स्थिति थियो । उनका निम्ति चामलको भात खान पाउनु सौभाग्यको कुरा थियो । पाहुना आउँदा आमा भात कसरी खुवाउने भन्ने पीरमा हुन्थिन् भने उनी भने पाहुना आइदिए उनीहरूलाई पकाएको भातबाट २,४ गाँस खान पाउँथेँ कि भनी लोभिन्थे । छिमेकीहरूका हेपाइ, टालेका र जडाउरी लुगा अनि नाङ्गो खुट्टाले गाउँघर चहार्दै उनको बाल्यकाल बितेको देखिन्छ । चप्पल र जुत्ता लगाउँदा कस्तो होला भन्ने रहरमा नै उनी ४ कक्षासम्म पुगेका थिए ।[१]

## २.३. शिक्षादीक्षा

निम्नमध्यमवर्गीय पारिवारिक पृष्ठभूमिमा जन्मिएका रामप्रसाद ज्ञवालीको अक्षरारम्भ ६ वर्षको उमेरमा भएको थियो । वि.सं. २०२९ सालतिर स्थानीय सागरपोखरी प्रा.वि., थोर्गामा उनी कक्षा एकमा भर्ना भएका थिए । उनले कक्षा ३ सम्मको पढाइ उक्त विद्यालयबाट पूरा गरी कक्षा ४ मा कोट मा.वि.मा भर्ना भई आफ्नो शैक्षिक काल अगाडि बढाउँदै गए । ४ कक्षासम्म त्यही विद्यालयमा पढी उनी कक्षा ५ देखि रिडीको रुरु संस्कृत मा.वि. पढ्न थाले । त्यहीँ पढ्दापढ्दै २०३४ सालतिर उनी स्थानीय व्यक्ति (नाताले काका पर्ने) भुवनेश्वर गौतमसँग संस्कृत पढ्न भनी हरिद्वार गएका थिए । त्यहाँ उनले जोगीहरूको जुठा भाँडा माझ्दै, मन्दिर सफा गर्दै र पुजारी भई काम गरेका थिए । त्यहाँ ७ वर्षसम्म अध्ययन गरेपछि उनी वि.सं. २०४२ मा वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रथम श्रेणीमा शास्त्री उत्तीर्ण गरी नेपाल फर्किएको देखिन्छ ।

[१] शोध नायकबाट प्राप्त जानकारी ।

नेपाल फर्की पुनः आफ्नो शिक्षालाई अघि बढाएका ज्ञवालीले वि.सं. २०४९ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट प्रथम श्रेणीमा सर्वप्रथम भई नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गर्न सफल हुन्छन् । उनी अहिले 'आधुनिक नेपाली महाकाव्यमा वर्गद्वन्द्व' शीर्षकमा विद्यावारिधिको उपाधिका लागि शोधकार्यमा संलग्न छन् ।[२]

## २.४. पारिवारिक स्थिति

निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिएका कवि ज्ञवालीको पारिवारिक स्थिति सङ्घर्षमय रहेको थियो । उनको परिवारको मुख्य आम्दानीको स्रोत भनेको खेती र पशुपालन थियो । उनका बाबु पुरोहित कर्ममा संलग्न भएकाले सुरुमा उनले पनि पुरोहितको कार्य गरेका थिए । ५ दाजुभाइ, १ बहिनी, आमाबाबु, हजुरआमा-हजुरबा गरी १० जनाको उनको परिवार ऋण र धनका साथ अगाडि बढेको थियो । कवि ज्ञवालीको बाल्यकाल आर्थिक हिसाबले कमजोर पारिवारिक स्थितिका कारण सङ्घर्षमय भए पनि पछिल्ला स्थितिमा क्रमशः सुध्रँदै गएको देखिन्छ । उनीसहित उनका दाजुहरू पनि सरकारी तथा शैक्षिक संस्था र कार्यालयहरूमा संलग्न भएपछि गास, बास र कपासको समस्याबाट उनको परिवार मुक्त भएको देखिन्छ । अहिले उनी काठमाडौँ जिल्लाको कपन गा.वि.स. वडा नं. १ फैका अन्तर्गत आदर्शनगर टोलमा श्रीमती, एक छोरा, एक छोरी र आफूसहित चारजनाको परिवारको साथ आफ्नै निजी घरमा २०५८ सालदेखि बस्दै आएका छन् ।[३]

---

[२] ऐजन ।

[३] ऐजन ।

## २.५. आजीविका

कवि रामप्रसाद ज्ञवालीले सर्वप्रथम जनविकास मा.वि. तालढुङ्गा काभ्रेमा २०५२ सालदेखि शिक्षण कार्य सुरु गरेका थिए । त्यसपछि उनले पार्वती मा.वि. ढुङ्खर्क, सर्वमङ्गला मा.वि. पाँचखाल, काभ्रे बहुमुखी क्याम्पस बनेपा, शिक्षा सदन मा.वि. बनेपा हुँदै २०५४ सालदेखि केही वर्ष पद्मकन्या क्याम्पस बागबजारमा स्नातकोत्तर तहमा प्राध्यापन गरेका थिए । अहिले उनी रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्गमा प्रध्यापनमा कार्यरत छन् ।[४]

## २.६. साहित्यिक प्रेरणा र प्रभाव

महाकवि देवकोटाको काव्यप्रतिभाबाट सर्वाधिक प्रभावित कवि ज्ञवाली पारिजातबाट पनि त्यत्तिकै प्रभावित देखिन्छन् । जीवनसङ्घर्षका तीतामीठा क्षणहरूबाट, अरूले लेखेर स्याबासी पाएको देखेर, ठूला साहित्यकारहरूले पाएको सम्मान र प्रशंसा देखेर, अर्काले हेपेको सहन नसकेर र साहित्यकारहरूको सङ्गतले गर्दा साहित्ययात्रामा लाग्न प्रेरित भएका कवि ज्ञवाली प्रगतिशील स्रष्टाहरूबाट आफूले बढी प्रेरणा पाएको बताउँछन् ।[५]

## २.७. भ्रमण

नेपालका ४० वटा भन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेका ज्ञवालीले नेपालबाहेक भारत, हङकङ र जापानको भ्रमण गरेका छन् ।[६]

---

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

## २.८. व्यक्तित्व परिचय

बहुआयामिक व्यक्तित्वका धनी कवि रामप्रसाद ज्ञवालीले साहित्य, शिक्षा, सामाजिक सेवा आदि धेरै क्षेत्रमा योगदान  दिएका छन् । शिक्षा र साहित्यको क्षेत्रमा शिक्षक, पाठ्यपुस्तकका लेखक, समालोचक, प्रशिक्षक, सम्पादक भएर ज्ञवालीले आफ्नो परिचय दिएका छन् । यसबाहेक उनका व्यक्तिगत, राजनीतिक र सामाजिक आदि व्यक्तित्व पनि रहेका छन् ।

कवि ज्ञवालीको व्यक्तित्वका सम्बन्धमा विभिन्न व्यक्तिहरूले विभिन्न धारणाहरू राखेका छन् । यसअन्तर्गत समालोचक गणेशप्रसाद भट्टराई उनको व्यक्तिŒवका बारेमा प्रकाश पार्दै लेख्छन् - रामप्रसाद ज्ञवाली युवा पुस्ताका सशक्त समालोचक, कथाकार, निबन्धकार, नाटककारका अतिरिक्त महाकाव्यकार पनि  हुन् । वि.सं. २०२४ सालमा गुल्मीमा जन्मेर संस्कृत तथा नेपाली साहित्यको गहन अध्ययन गरेका ज्ञवाली यथार्थ प्रस्तुतिका दृष्टिले खरा र निडर व्यक्तिŒवका रूपमा देखा परेका छन् । विद्यार्थी अवस्थादेखि नै साहित्यिक मोहले त्यतातिर तानिएका ज्ञवालीको कलमले चीत्कार र चिन्ताग्रस्त मिहिनेतकर्मीहरूको कथा लेख्छ, असहायको इतिहास लेख्छ अनि दलित-पीडितहरूको मुटुको व्यथा लेख्छ । कुरीति, अन्याय र अत्याचारका विरुद्ध क्रान्तिकारी स्वर उरालेर प्रगतिशील लेखनको डोब पक्री चाउरिएका ओठहरूमा स्मित मुस्कान ल्याइदिन सक्ने ज्ञवालीका रचनामा मानवीय संवेदना, सौन्दर्यचेतना, सत्यसृष्टिको सृष्टिमा, विषयगत नवीनता र सहज सम्प्रेषणीयता जस्ता निजी वैशिष्ट्य पाइन्छन्" । यस्तै गरी कवि रामप्रसाद ज्ञवालीको व्यक्तित्वका सम्बन्धमा लक्ष्मण गाम्नागे लेख्छन्, "घाँटीमा एउटा टाइसम्म नभुन्ड्याई हिँड्छ, जहिलेतहिले हाँसिरहन्छ र जोसँग पनि हात मिलाउँछ, भलाकुसारी गर्छ, न जाँडपान गर्छ, न भाङ खानै पाइएन

भनेर रुन्छ, झुस्स दाह्री पालेर, थोत्रो झोला भिरेर आफ्ना कृतिहरू बाँड्दै हिँड्ने परम्परावादी साहित्यकारजस्तो पनि देखिदैन ।"[७]

अश्रुग्याँस (२०६२) कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा देवी नेपालले लेखेका छन्, "विचार, व्यवहार र अभिव्यक्ति तीनै कुरामा स्पष्ट र खोट लगाउन नमिल्ने कवि वा स्रष्टाको नाम लिनुपर्दा मैले लिने गरेको नाम हो - रामप्रसाद ज्ञवाली । उनीभित्र पदक र पुरस्कारको लोभ छैन, प्राप्तिप्रति दम्भ छैन, जीवनप्रति नैराश्य छैन, स्तुति लेखेर रातारात कवि बन्ने महŒवाकाङ्क्षा छैन, मृत्युपछि सालिकमा बाँच्ने मोह छैन, दोसल्लाले घर भर्ने चाहना छैन, सत्य कुरा बोल्दा जिब्रो कँपाउने बानी छैन र धन र मनको हवेलीमा चढेर सडकमा हिँड्नेहरूलाई गिज्याउने भूत पनि छैन । ज्ञवालीलाई यस किसिमको कवि ज्ञवाली बनाउने यिनै कुराहरू हुन्, जसका अगाडि शासक पनि झुक्नपर्छ । उपर्युक्त समालोचकहरूका भनाइहरूबाट पनि कवि ज्ञवालीको व्यक्तिŒवका बारेमा सामान्यतया प्रष्ट नै हुन्छ । ज्ञवाली बहुआयामिक व्यक्तित्व साहित्यिक र विविध व्यक्तित्व गरी दुई उपशीर्षकमा उनका प्रमुख व्याक्तित्वको चर्चा गरिएको छ ।

### २.८.१ साहित्यकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीको प्रमुख व्यक्तित्व भनेको साहित्यकार व्यक्तित्व हो । उनले साहित्यका कविता, उपन्यास, कथा, समालोचना, निबन्ध, नाटक र गीत जस्ता विभिन्न विधाहरूमा आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । ज्ञवालीले कविताका लघुतम, लघु, मध्यम र बृहत् गरी सबै उपविधामा, नाटकतर्फ पूर्णाङ्की र एकाङ्की गरी दुवै उपविधामा तथा निबन्धतर्फ वस्तुपरक र आत्मपरक दुवै

---

[७] गाम्नागे, लक्ष्मण, 'धत् रामप्रसाद ज्ञवाली', **हिमालय टाइम्स,** (वर्ष-५, अङ्क- ३१, २०५७), पृ. ५ ।

प्रकृतिका रचनामा कलम चलाएका छन् ।[८] ज्ञवालीका साहित्यको विभिन्न विधागत व्यक्तित्वको परिचय निम्नलिखित किसिमको रहेको छ :

### २.८.१.१. कविव्यक्तित्व

रामप्रसाद ज्ञवालीको साहित्यिक व्यक्तित्वअन्तर्गत कविव्यक्तित्व सबैभन्दा प्रखर देखिन्छ । उनी फुटकर कवितादेखि लिएर कविताको सर्वाधिक बृहत् रूप महाकाव्यमा समेत आफ्नो छुट्टै पहिचाहन कायम गराउन सफल छन् । समाजमा उनलाई कविकै नामबाट बढी चिनिन्छ । ज्ञवाली छन्दका विशेष प्रयोक्ता मानिन्छन् । उनी जुनसुकै विषयमा शास्त्रीय, मात्रिक र वर्णमात्रिक छन्दमा सहज किसिमले कविता लेख्न सक्छन् । उनको कविव्यक्तित्वभित्र फुटकर कविव्यक्तित्व, खण्डकाव्यकार व्यक्तित्व र महाकाव्यकार व्यक्तित्व रहेका छन् ।

### २.८.१.२. फुटकर कविव्यक्तित्व

कवि रामप्रसाद ज्ञवाली फुटकर कविताहरूमा भिन्न-भिन्न लयविधान गरी लेख्छन् । शास्त्रीय छन्द, लोकछन्द र मुक्तछन्द (लय) गरी तीन प्रकारका लयात्मकता उनका विभिन्न कविताहरूमा पाउन सकिन्छ । उनका प्रायः कविताहरूमा तत्कालीन समाजको प्रतिबिम्ब पाइन्छ । हालसम्म उनका **पुतली र भ्रुसिल्किरा** (२०५९), **अश्रुग्याँस** (२०६२) गरी २ वटा कवितासङ्ग्रह प्रकाशित छन् भने केही फुटकर कविताहरू सङ्ग्रहित 'छन्द' कविताहरूको क्यासेट छन्द कविताको मधुर तरङ्गमा पनि उनका प्रतिनिधि कविताहरूसमेत समाविष्ट छन् । यसका साथै उनका दर्जनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा छापिएर रहेका छन् : "२०४० सालमा हरिद्वारमा रहँदा सगरमाथा पत्रिकामा 'हाम्रो कर्तव्य'

---

[८] शोध नायक, **पूर्ववत्** ।

शीर्षकको कविता प्रकाशन गरी आफ्नो कवितायात्रा प्रारम्भ गरेका ज्ञवालीले त्यसपछि लगातार फुटकर कविताहरूको रचना गरिरहेका छन् ।" [९] कवि ज्ञवाली आफ्ना छन्दोबद्ध कविताका तरङ्गद्वारा गुरुकुलमा २०६३ साल श्रावण २७ गते आयोजित एकल छन्दकविताहरूको कविता वाचन कार्यक्रममा श्रोताहरूमाझ अमिट छाप छोड्न सफल भए : "समसामयिक युगमा छन्दकविहरूबाट प्रतिनिधि कविका रूपमा उनलाई छनोट गरी प्रस्तुत गरिएको यस कार्यक्रममा सयौँ व्यक्तिहरूले टिकट नपाएर फर्कनुपरेको स्थिति देखिएबाट पनि कवि ज्ञवालीको उच्च कविता र लोकप्रियता स्पष्ट हुन्छ ।" [१०] यसका साथै उनका अनेकौँ फुटकर बालकविताहरू पनि छापिएका छन् । यसरी कवि ज्ञवालीको फुटकर कविव्यक्तित्व उच्च रहेको देखिन्छ ।

### २.८.१.३. खण्डकाव्यकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीले खण्डकाव्यकार व्यक्तित्वका रूपमा पनि समाजमा आफ्नो पहिचान कायम गराएका छन् । खण्डकाव्य तर्फ उनको एकमात्र खण्डकाव्य **एकादेशमा** (२०६१) प्रकाशित देखिन्छ । यस खण्डकाव्यमा दिग्भ्रम, बाँदरराज्यको स्थापना, अचम्मको रहर, बाँदरराजको अवसान, दिग्भ्रमबाट मुक्ति गरी पाँच खण्डहरू रहेका छन् । वि.सं. २०५९ असोज १८ गतेपछि प्रजातन्त्रलाई मासेर निरङ्कुशता लादेर राज्यसत्ताको बागडोर लिने आफैँले महत्वाकाङ्क्षी राजा ज्ञानेन्द्रलाई व्यङ्ग्यप्रहार गर्दै यो खण्डकाव्य लेखिएको हो । यस खण्डकाव्यमा वर्णित बाँदरको राज्यलाई निरङ्कुश ज्ञानेन्द्रको राज्यको प्रतीकका रूपमा लिइएको छ । एउटा काल्पनिक लोककथालाई आधार बनाएर लेखिएको यस खण्डकाव्यले प्रगतिवादी कविहरू वर्तमानबोधीमात्र हुँदैनन्, भविष्यद्रष्टा पनि

[९] ऐजन ।
[१०] ऐजन ।

हुन्छन् भन्ने कुराको राम्रो उदाहरण प्रस्तुत गरेको छ । कवि गोपालप्रसाद रिमालले २००७ सालपूर्व नै सात सालको परिवर्तनलाई 'आमाको सपना' कविताका माध्यमबाट सङ्केत गरेझैँ ज्ञवालीले पनि नेपाली राजतन्त्रका मरणशील पक्षहरूलाई ठम्याउँदै प्रस्तुत काव्यमा लोकतन्त्रको स्थापना अवश्यम्भावी भएको सङ्केत गरेका छन् । ज्ञवालीको उक्त साहसी भविष्यवाणीलाई वि.सं. २०६२/२०६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य हुनुले प्रमाणित गरेको छ । 'एकादेशमा' खण्डकाव्यमा कविले सामन्ती राज्यसंस्था सार्वभौम हो, त्यसका गद्दीनसीनहरू सार्वभौम दैवी शासकहरू हुन् भन्ने पुरानो र रूढिग्रस्त सांस्कृतिक भ्रममाथि चोटिलो प्रहार गरेका छन् र त्यसको विकल्पमा स्पष्टतः गणतान्त्रिक राज्यव्यवस्थालाई प्रस्तुत गरेका छन् ।[११] गहिरो कलात्मक अर्न्तदृष्टिमा राजनीतिक विचार मिसिएर साहित्यिक तरलता कलात्मक गुम्फनमा अनुस्यूत भएको प्रसङ्ग यस काव्यमा जतातते पाइन्छ । तत्कालीन विषम परिस्थितिमा पनि आफ्नो ज्यानको समेत परवाह नगरी जनधारणालाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधि साहित्यस्रष्टाका रूपमा खण्डकाव्यकार ज्ञवालीलाई लिन सकिन्छ । उनको यस खण्डकाव्यले समाजशास्त्र, क्रान्ति र राजनीतिक विषयलाई उच्च काव्यात्मक रूपमा लेख्न सकिन्छ भन्ने कुराको बोध गराएको छ । यथार्थका धरातलमा रहेर निर्भीक काल्पनिकताको प्रस्तुति गर्न सक्नु यसको विशेषता हो । यसरी खण्डकाव्यकारका रूपमा पनि ज्ञवालीको कविव्यक्तित्व उच्च रहेको देखिन्छ ।

### २.८.१.४. महाकाव्यकार व्यक्तित्व

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनलाई विषयवस्तु बनाई रचिएको र महाकाव्यकार ज्ञवालीद्वारा लेखिएको एकमात्र महाकाव्य **आँसीका फूलहरू** प्रगतिशील प्रबन्धकाव्य हो । यो महाकाव्य तत्कालीन पञ्चायती

[११] चाम्लिङ, भोगिराज (२०६१), 'एकादेशमा : गणतन्त्रात्मक चेत, **जनएकता,** (वर्ष-१०, अङ्क- ७) पृ. ४

शासन-सत्तालाई विपक्षी बनाई क्रान्तिकारी शक्तिलाई सुदृढ बनाएर निरङ्कुश तानाशाही सत्तालाई घुँडा टेक्न बाध्य पारिएको घटनासँग सम्बन्धित छ । देश, जनता र कविहरूलाई आराध्य मानेर मङ्गलाचरण गरिनु, डेढ महिनाको छोटो समयमै रचिनु, प्रकृतिको भव्य मानवीकरण गरिनु, त्रि.वि.मा १०० पूर्णाङ्कको सिर्जनात्मक लेखनका रूपमा पहिलोपटक लेखिनु, मानवीयता, स्वतन्त्रता र समानताका पक्षमा उभिनु, गद्यपद्यात्मक भाषाशैलीको प्रयोग गरिनु, शैलीमा स्वच्छन्दता र विचारमा प्रगतिवाद भएको हुनु यसका विशेषता हुन् । एकमात्र महाकाव्य 'औँसीका फूलहरू' ले पनि ज्ञवालीको महाकाव्यात्मक व्यक्तित्वलाई एउटा विशिष्ट स्थानमा पुऱ्याएको देखिन्छ ।

### २.८.१.५. नाटककार व्यक्तित्व

साहित्यका विभिन्न विधामा कलम चलाएका साहित्यकार ज्ञवालीले सर्वप्रथम २०४१ सालमा मञ्चनका लागि **अबला नारी** पूर्णाङ्की नाटक लेखेका थिए । यो नाटक हालसम्म पनि अप्रकाशित नै रहेको छ ।[१२] प्रकाशनका दृष्टिले ज्ञवालीको जासुसी र सामाजिक प्रवृत्तिको एकमात्र पूर्णाङ्की नाटक **विवश आँसु** (२०४४) रहेको छ । पञ्चायती व्यवस्थाविरुद्ध लड्न जनतालाई आह्वान गर्दै लेखिएको यो नाटक २०४३ सालमा नेपालका विभिन्न ठाउँहरूमा प्रदर्शन गरिएको थियो । यसले शोषण, हत्या र बलात्कारका विरुद्ध लडी हकअधिकारका लागि प्रयत्नशील रहनुपर्ने सन्देश दिएको छ ।[१३] यस्तै गरी कवि ज्ञवालीका **मानवता** (२०४१), **अबला नारी** (२०४१), **कोही किन ज्वाला बन्छ ?** (२०४५), **शैक्षिक विकृति दोषी को ?** (२०४५), **फेरि बिहान भयो** (२०४६), **भित्रभित्रै** (२०४५) र **बौलाहा** (२०४६) अप्रकाशित पूर्णाङ्की नाटकहरू रहेका छन् । त्यस्तै नाटककार

[१२] शोध नायक, **पूर्ववत्** ।

[१३] गौतम, केशव, **पुतली र भुसिल्किरा कविता सङ्ग्रहको कृतिपरक अध्ययन**, (अ.प्र.शोधपत्र) ने.सं.वि. को शास्त्री तृतीय वर्षको छैटौँ पत्रको प्रयोजनका लागि प्रस्तुत, (२०६३) ।

ज्ञवालीका प्रकाशित सङ्ग्रहका रूपमा नआएका आधा दर्जनको सङ्ख्यामा एकाङ्कीहरू रहेका छन् । यसबाहेक नाटककार ज्ञवालीका बडादसैँ, रहस्य, सम्पत्ति लगायतका बालएकाङ्कीहरू **सम्पत्ति** (२०६३) नामक बालएकाङ्की सङ्ग्रहमा प्रकाशित रहेका छन् ।

यसरी नाटककार रामप्रसाद ज्ञवालीले नेपाली साहित्यको नाट्यफाँटमा पनि छुट्टै व्यक्तित्वका रूपमा आफूलाई परिचित गराएका छन् ।

### २.८.१.६. उपन्यासकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीका हालसम्म २ वटा उपन्यासहरू **परिवर्तनको मोडमा (२०५०) र जीवनका घुम्तीहरू** (२०५३) प्रकाशित छन् । **परिवर्तनको मोडमा** २०४६ सालको जनआन्दोलनको परिवेश र सन्दर्भलाई अगाडि सार्दै लेखिएको उपन्यास हो । यस उपन्यासमा क्रान्तिकारीहरूको भावना र आदर्शको प्रतिबिम्बि पाइन्छ । यसमा परिवेश र वातावरणले प्रतिकूल मनस्थिति बोल्नेहरूको दिमागमा पनि परिवर्तन ल्याउन सक्ने कुरा एकजना प्रहरी हवल्दारको जीवनमा आएको परिवर्तनबाट प्रस्ट पारिएको छ । जनताले व्यवस्थामा परिवर्तन किन चाहेका हुन्छन् । क्रान्तिकारीहरूको भूमिका र मनोबल कतिसम्म उच्च हुनुपर्दछ र महिलाहरूले पनि आन्दोलनमा कसरी प्रभावकारी भूमिका खेल्न सक्छन् भन्ने कुरा यस उपन्यासमा देखाउन खोजिएको छ । यस्तै आफ्नो दोस्रो उपन्यास 'जीवनका घुम्तीहरू' मा विश्वविद्यालयका विद्यार्थीले आफ्नो जीवनमा भोगेका प्रत्यक्ष घटनाका साथै राजनीतिक जीवनमा भोगाइका घटनाहरूलाई उपन्यासकार ज्ञवालीले प्रस्तुत गरेका छन् । पञ्चायती व्यवस्था, सामन्ती प्रवृत्ति, जङ्गलविनाश आदिका विरुद्ध आवाज घन्काई यस कृतिमा राष्ट्रियता र मानवजीवनका

दुःखसमेत प्रस्तुत गरिएको छ । यस उपन्यासको अन्त्यमा भविष्यमा ठूलो क्रान्ति हुने सङ्केत पनि गरिएको छ ।[१४]

देखेका र भोगेका राजनीतिक र सामाजिक यथार्थ घटनालाई काल्पनिक रङ्गरोगन गरी वर्णन गर्न सक्ने सामर्थ्य भएका रामप्रसाद ज्ञवालीले आफ्ना दुवै उपन्यासमा सामाजिक र राजनीतिक जीवनका प्रतिबिम्बनहरू प्रस्तुत गरेका छन् । यसरी ज्ञवालीका यी दुई उपन्यासले उनलाई उपन्यासकार व्यक्तित्वका रूपमा पाठकसामु चिनाएका छन् ।

### २.८.१.७. निबन्धकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीले निबन्धकारका रूपमा पनि समाजमा आफूलाई परिचित गराएका छन् । उनको प्रथम प्रकाशित निबन्ध **पत्रकारिता पवित्र पेसा** (२०४४) हो । उनको हालसम्म **यसरी छेरौटी लागेपछि** (२०४५) लगायतका दुई दर्जनजति निबन्धहरू प्रकाशित छन् । त्रि.वि. बाट नेपाली विषयमा प्रथम श्रेणीमा सर्वप्रथम भई स्वर्णपदक प्राप्त गरेपछि जापानको भ्रमणमा जाँदा त्यहाँका शैक्षिक, सामाजिक र अन्य विकास आदिका बारेमा केही बुझेका ज्ञवालीले त्यही भ्रमणको सिलसिलालाई आधार बनाई संस्मरणात्मक निबन्धहरू पनि लेखेको पाइन्छ ।[१५] यसरी निबन्धकार व्यक्तित्वका रूपमा पनि कवि ज्ञवालीले आफूलाई परिचित गराएका छन् ।

---

[१४] ऐजन ।

[१५] बाँस्कोटा, साधुराम, **रामप्रसाद ज्ञवालीका कविता काव्यमा क्रान्तिचेत**, (अ.प्र.शोधपत्र) त्रि.वि. स्नातकोत्तर द्वितीय वर्षको दसौ पत्रको प्रयोजनका लागि प्रस्तुत (२०६५) ।

### २.८.१.८. गीतकार व्यक्तित्व

बहुमुखी प्रतिभा भएका ज्ञवालीले आफ्नो परिचय गीतकारका रूपमा पनि दिएका छन् । हालसम्म उनका करिब चार दर्जनको सङ्ख्यामा गीतहरू रचना भएका छन् । उनका ती गीतहरूमा १५ वटा गीत विभिन्न पत्र-पत्रिकामा छापिएर रहेका छन् भने ६ वटा गीत क्यासेट र सिडीमा सङ्कलित भएर रहेका छन् । २०६४ सालमा राष्ट्रगान छनौट समितिले करिब १३ सय गीतहरूबाट छानेका गीतहरूमा ज्ञवालीद्वारा लिखित गीत तेस्रो भएको थियो । उनका गीतहरूमा देशभक्ति, राष्ट्रियता, मानवता र प्रकृतिको सम्बन्ध, शिष्ट शृङ्गार र बालमनोवज्ञान आदिलाई आधार बनाइएको देखिन्छ ।[१६]

### २.८.१.९. समालोचक व्यक्तित्व

कवितापछि ज्ञवालीको अर्को सबैभन्दा बढी सशक्त कलम चलेको क्षेत्र समालोचना हो । विभिन्न पद्धतिहरूमध्ये विशेष गरी मार्क्सवादी सौन्दर्यशास्त्रीय आधारमा, कृतिपरक समालोचनाका आधारमा र सैद्धान्तिक तथा व्यावहारिक सिद्धान्तका आधारमा आफ्ना समालोचकीय दृष्टिकोण प्रस्तुत गर्ने काम उनले गरेका छन् । उनले सैद्धान्तिक तथा व्यावहारिक समालोचनाका आधारमा (सहलेखन, २०५८) **पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या**, (२०६३) मा तथा व्यावहारिक सिद्धान्तका आधारमा **फुटकर कविताका केही बान्कीहरू** (२०६४) तथा **तेस्रो आँखाको आलोचना** (२०६७) नामक पुस्तकहरूमा आफ्ना समालोचकीय दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । त्यसबाहेक ज्ञवालीका अरुणोदय, जनमत, उन्मेष, कुञ्जिनी, मिर्मिरे, समकालीन गरिमा, मधुपर्क, अक्षर लगायतका दर्जनौं

---

[१६] शोध नायक, **पूर्ववत्** ।

पत्रपत्रिकाहरूमा दर्जनौँको सङ्ख्यामा सैद्धान्तिक, व्यावहारिक तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका छन् । 'स्पष्ट, खरा, निर्भीक र देखेको कुरा गुण वा दोष जे भए पनि छलछाम नगरी लेख्ने ज्ञवालीमा एउटा कुशल समालोचकमा हुनुपर्ने गुण रहेका छन् ।[१७] यसरी रामप्रसाद ज्ञवालीले समालोचनाका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान कायम गरेका छन् ।

### २.८.१.१०. भूमिकालेखन व्यक्तित्व

भूमिकालेखनमा पनि रामप्रसाद ज्ञवालीले आफ्नो विशिष्ट प्रतिभा देखाइसकेका छन् । उनले पाँच दर्जनभन्दा बढी कृतिहरूमा भूमिका लेखिसकेका छन् । उनी कविता र समालोचनामा जति प्रसंशनीय छन्, भूमिका लेखनमा पनि उत्तिकै प्रशंसनीय छन् ।[१८] उनी कुनै त्रास, ईर्ष्या, महत्वाकांक्षा वा कुनै प्रलोभनमा नपरी कृतिमा देखेका र आफूलाई लागेका कुराहररूलाई यथार्थ रूपमा प्रकट गर्दछन् । समालोचक, ज्ञाननिष्ठ, ज्ञवालीले उनलाई भूमिकालेखनका विशिष्ट नेपाली प्रतिभा मानी उनीद्वारा लेखिएका विभिन्न पुस्तकहरुमा भूमिकाहरू समेटी भूमिकासङ्ग्रह 'भूमिकासिद्धान्त र ज्ञवालीका भूमिकाहरू' प्रकाशन गरेका छन् । उनका अनुसार रामप्रसाद ज्ञवाली नै यस्ता व्यक्ति हुन् जसले सत्यतथ्यलाई उजागर गर्दै मूल मर्मलाई छर्लङ्ग पार्दै निर्भीकताका साथ भूमिकाहरू लेख्न सकेका छन् ।"[१९] यस भनाइले ज्ञवाली अहिलेका सशक्त भूमिकालेखन व्यक्तित्व हुन् भन्ने कुराको पुस्टि हुन्छ ।

---

[१७] सिलवाल, प्रकाश, 'हो सच्चा क्रान्ति रुदैन' **हिमालय टाइम्स,** (असारः १२), २०६१ पृ. ३ ।

[१८] बाँस्कोटा, **पूर्ववत्** ।

[१९] ज्ञवाली, ज्ञाननिष्ठ, **भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरु,** काठमाडौँ : हजुरको पुस्तक प्रकाशन, २०६३ ।

### २.८.१.११. सम्पादक व्यक्तित्व

विभिन्न पत्रपत्रिकाहरूमा सम्पादकका रूपमा रहेर पनि रामप्रसाद ज्ञवालीले आफ्नो भूमिका निर्वाह गरेका छन् । भारतको हरिद्वारमा बसी अध्ययन गर्दागर्दै ज्ञवालीले भारतमा बसी अध्ययन गर्ने नेपालीहरूको वार्षिक मुखपत्र 'सगरमाथा' को वि.सं. २०४२ मा सम्पादन गरेका थिए । त्यसपछि ज्ञवालीले बनेपाबाट प्रकाशित हुने साहित्यिक **जनमत** मासिक पत्रिकाको भाषासम्पादन गर्दै चार वर्ष (वि.सं. २०४८-२०५२ सम्म) काम गरेका थिए । यस्तै ज्ञवालीले वि.सं. २०५५ सालदेखि 'साहित्यिक अभियान (मुखपत्र) काठमाडौँको प्रधान सम्पादक भई ५ वर्ष काम गरेको पाइन्छ । उनले **विश्वज्ञानमञ्च** (मासिक) काठमाडौँका भाषा सम्पादक भई दुई वर्ष (वि.सं. २०५५-२०५७) काम गरेका थिए । वि.सं. २०५५ सालदेखि अहिलेसम्म जम्को साहित्यिक मासिक, काठमाडौँको अतिथि सम्पादक भएर पनि काम गरेका छन् । यस्तै ज्ञवालीले **शुभतारियन** त्रैमासिक पत्रिका काठमाडौँको प्रधान सम्पादक भई २ वर्ष (वि.सं.२०५३-२०५४) काम गरेका थिए भने हाल उनी 'भानु' नेपाली मासिक पत्रिकाका प्रधान सम्पादक पनि रहेका छन् । अहिले पनि उनले साहित्यिक अभियान, जम्को साहित्यिक मासिक र भानु मासिक पत्रिकामा योगदान दिइरहेको देखिन्छ । (शोधनायकद्वारा उपलब्ध गराइएको व्यक्तिगत विवरण अनुसार) । उनले राष्ट्रिय छन्दकविताहरूको सम्पादन गरी तयार पारेको **छन्दोञ्जलि** कवितासङ्ग्रह हाल प्रकाशित भएको छ । यसरी ज्ञवालीको सम्पादक व्यक्तित्व उच्च रहेको देखिन्छ ।

### २.८.२. विविध व्यक्तित्व

बहुआयामिक व्यक्तित्वका धनी ज्ञवाली साहित्यका साथसाथै अन्य विभिन्न क्षेत्रमा पनि संलग्न रहेका छन् ।  उनका यी विभिन्न व्यक्तित्वको छुट्टाछुट्टै अध्ययन निम्नानुसार गर्न सकिन्छ :

### २.८.२.१. पाठ्य तथा सन्दर्भ पुस्तकका लेखक व्यक्तित्व

रामप्रसाद ज्ञवालीले चित्र, गीत, कविता, कथा, निबन्ध, संवाद आदि पाठका माध्यमबाट व्याकरणको शिक्षण गर्ने परिपाटीलाई नेपाली भाषामा विकसित गराएका छन् । कक्षा १ देखि स्नातकोत्तर तहसम्मका लागि पाठ्यसामग्री लेखी ज्ञवालीले विद्यार्थी र गुरु दुवै वर्गलाई सरल र सुबोध्य तरिकामा शिक्षा लिन सकिने अवस्था निर्माण गर्ने महत्वपूर्ण भूमिका मिलाएका छन् । सम्पूर्ण तहलाई व्याकरणको सहज र सरल तरिकाले ज्ञान होओस् भन्ने उद्देश्य लिएका ज्ञवालीले कक्षा ५ सम्मका विद्यार्थीका लागि ९ वटा सङ्ख्यामा 'रमाइलो नेपाली', कक्षा १ देखि १० सम्मका लागि १५ वटा सङ्ख्यामा 'शैक्षणिक व्याकरण', दश जोड दुई कक्षाका विद्यार्थीहरूका लागि ५ वटाको सङ्ख्यामा आवश्यक सन्दर्भपुस्तकहरू, स्नातकोत्तरमा दुइटा गरी ३० वटाभन्दा बढी सोद्देश्य पुस्तकको सहलेखन गरेका छन् ।[२०]

### २.८.२.२. प्रशिक्षक व्यक्तित्व

उच्च माध्यमिक शिक्षा परिषद्मा नेपाली पाठ्यक्रम परिमार्जन समिति तथा नेपाली विषय समितिमा सदस्य रहँदा (२०६०-०६४) रामप्रसाद ज्ञवालीले देशका विभिन्न उच्च माध्यमिक विद्यालयहरूमा संचालित प्रशिक्षणकार्यमा प्रशिक्षण दिएका थिए । 'नागार्जुन सहित्यिक प्रतिष्ठान' मार्फत पनि उनले बेला-बेलामा नयाँ पुस्तालाई विविध छन्दसम्बन्धी प्रशिक्षण दिने गरेको पाइन्छ । निजी विद्यालयहरूद्वारा सञ्चालित विभिन्न प्रशिक्षण कार्यक्रममा पनि उनले सक्रिय

---

[२०] शोध नायक, **पूर्ववत्** ।

रूपमा प्रशिक्षण दिने गरेका छन् ।[२१] यसरी रामप्रसाद ज्ञवाली कुशल प्रशिक्षक पनि हुन् भन्ने कुराको पुष्टि हुन्छ ।

### २.८.२.३. संस्थापक व्यक्तित्व

रामप्रसाद ज्ञवाली विभिन्न संघसंस्थाका संस्थापक व्यक्तित्वका रूपमा पनि परिचित छन् । ज्ञवाली संस्थापक रहेका विभिन्न संघसंस्थाहरूका नाम निम्नानुसार रहेका छन् :

क) उन्नतिशील नेपाली समाज (२०५४) का संस्थापक महासचिव ।

ख) अभियान साहित्य प्रतिष्ठान (२०५४) का संस्थापक अध्यक्ष ।

ग) पाठशाला नेपाल फाउन्डेसन (२०६१) का संस्थापक निर्देशक ।

घ) कोलम्वस उच्च मा.वि.(२०६२) का संस्थापक उपाध्यक्ष ।

ङ) हृदयचन्द्रसिंह साहित्यिक प्रतिष्ठान (?) का संस्थापक उपाध्यक्ष ।

च) रमेश 'विकल' प्रतिष्ठान (२०६३ का संस्थापक सदस्य ।

यसरी रामप्रसाद ज्ञवाली विभिन्न संघसंस्थाहरूका संस्थापकका रूपमा पनि प्रतिष्ठित छन ।

### २.८.२.४.समाजसेवी व्यक्तित्व

रामप्रसाद ज्ञवाली समाजसेवाका विभिन्न क्षेत्रमा पनि क्रियाशील रहेका छन् । मन वचन र कर्मले दत्तचित्त रही समाजसेवा गर्ने ज्ञवाली समाजसेवी

---

[२१] ऐजन ।

व्यक्तित्वका रूपमा पनि चर्चित रहेका छन् । उनले आफ्नो अहिलेको वासस्थान रहेको ठाउँ कपन, फैकामा बिजुली, पानी, फोन तथा सडकनिर्माणजस्ता कार्यका निम्ति गठित टोल सुधार समितिमा सदस्यका रूपमा रही काम गरेका छन् । ज्ञवालीले विद्यालय र कलेजहरूको स्थापना गर्नुका साथै आर्थिक सङ्कटमा परेका कतिपय व्यक्तिहरूका निम्ति पनि चन्दा संकलन लगायतका कार्य पनि गरेको देखिन्छ । यसरी रामप्रसाद ज्ञवालीबाट समाज सेवाका क्षेत्रमा पनि काम भएको छ ।

### २.८.२.५. शैक्षिक व्यक्तित्व

हरिद्वारमा अध्ययन गरी रहेकै समयमा अनौपचारिक रूपमा आफूभन्दा साना कक्षाका विद्यार्थीहरूलाई पढाउने कार्य गरेका ज्ञवालीले वि.सं. २०४२ साल फाल्गुनदेखि मात्र जनविकास मा.वि.बाट औपचारिक रूपमा शिक्षण पेसा थालेका हुन् । काभ्रेपलान्चोक जिल्लाको तालढुङ्गामा रहेको उक्त मा.वि.मा वि.सं. २०४४ सम्म शिक्षण कार्य गर्दा उनले नेपाली, इतिहास र शिक्षाशिक्षणजस्ता विषयहरू अध्यापन गरेका थिए । यस पछि ज्ञवालीले क्रमशः पार्वती मा.वि. ढुङ्खर्क, काभ्रे सर्वमंङ्गला उ.मा.वि., पाँचखाल काभ्रे हुँदै शिक्षासदन मा.वि. बनेपा र काभ्रे बहुमुखी क्याम्पस बनेपामा वि.सं.२०५१ सालसम्म शिक्षणकार्य गरेका थिए । उनले वि.सं. २०४७ देखि मा.वि. शिक्षकको स्थायी नियुक्ति प्राप्त गरेका थिए । ज्ञवालीले वि.सं. २०५३ मा मा.वि. शिक्षकको स्थायी दरबन्दीबाट राजीनामा दिएर काठमाडौंको बागबजारस्थित पद्मकन्या क्याम्पसमा आंशिक प्राध्यापकका रूपमा नियुक्ति भई प्राध्यापन सुरु गरे । यहीबीचमा उनले ललितपुरको सानेपामा रहेको शुभतारा स्कुलमा २०५३ साल देखि २०५५ सम्म शिक्षणकार्य गरेका थिए । वि.सं. २०५४ सालमा त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापकमा स्थायी नियुक्ति पाई हालसम्म प्राध्यापन गरिरहेका ज्ञवाली २०५७ सालमा पद्मकन्या क्याम्पसबाट

रत्नराज्यलक्ष्मी क्याम्पसमा सरुवा भई हाल त्यहीँ प्राध्यापनरत छन् । शिक्षणकार्यकै क्रममा यिनले जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, रातो बंङ्गला स्कुल, पाटनढोका, एसियन कलेज उ.मा.वि., सानेपा र काठमाडौँ मोडेल कलेज आदिमा पनि शिक्षणकार्य गरिसकेको देखिन्छ । यसका साथै हाल उनी कोलम्बस कलेज नयाँ बानेश्वरमा र पाठशाला नेपाल फाउन्डेसनमा नेपाली विभागको विभागीय निर्देशकका रूपमा कार्यरत छन् । यसरी उनले शिक्षणका क्रममा कक्षा १ देखि स्नातकोत्तरसम्मका सबै तहका नेपाली विषयको शिक्षण गरेको देखिन्छ ।[२२]

### २.८.२.६ विविध

उपर्युक्त व्यक्तित्वहरूका अतिरिक्त ज्ञवाली नाटकका निर्देशक, अभिनेता, खेलाडी, प्रवाचक र संस्मरणलेखक पनि हुन् । यी क्षेत्रहरूमा समेत उनले आफूलाई क्रियाशील बनाएको देखिन्छ । **मानवता, अबला नारी, विवश आँसु, बहादुर, केटाकेटीहरूको बहादुरी, दशैँ, भानुभक्तको काठमाडौँ यात्रा** लगायतका अनेकौँ नाटक, एकाङ्कीलेखनका अतिरिक्त तिनका प्रदर्शनका क्रममा निर्देशकको रूपमा र स्वयं अभिनयकर्ताको रूपमा समेत ज्ञवाली सक्रिय भएका देखिन्छन् । आफ्नो विद्यार्थीजीवनमा खेलकुदमा सक्रिय उनले कपर्दी, भलिबल आदि खेलबाट पुरस्कारसमेत प्राप्त गरेका छन् । मञ्चमा शैक्षिक प्रवचन दिने कार्यहरूमा ओजस्वी र चर्चित व्यक्तित्वका रूपमा उनको उपस्थिति देखिन्छ । यसका साथै विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्दा पनि हँसिलो चेहरामा विषयवस्तुको गहन व्याख्याविश्लेषण गरी शिक्षणकार्यमा उनीहरूले बढीभन्दा बढी ज्ञान प्राप्त गर्न सकून् भन्ने उद्देश्यले शिक्षण गर्ने कार्यले ज्ञवाली कुशल प्राध्यापकका रूपमा पनि उत्तिकै चर्चित छन् ।

[२२] ऐजन ।

### २.८.३ कृतिपरिचय

कविता, नाटक, एकाङ्की, उपन्यास, खण्डकाव्य, महाकाव्य, समालोचना लगायतका नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने बहुमुखी प्रतिभा ज्ञवालीका प्रकाशित र अप्रकाशित गरी थुप्रै सिर्जनाहरू पाइन्छन् । **'हाम्रो कर्तव्य'** (२०४२) शीर्षकको प्रकाशित कविता लिएर नेपाली साहित्यमा उदाएका ज्ञवाली सरल र सुबोध्य भाषाका सिर्जनामार्फत पाठकको हृदय जित्न सफल स्रस्टा हुन् । समयसापेक्ष जनआकाङ्क्षाअनुसार कलम चलाउने स्रस्टा ज्ञवालीका सिर्जनाहरूले पाठकलाई युगबोध गराउँदछन् । प्रगतिवादी साहित्यतर्फको अभिप्रेरणा प्राप्त गरी मार्क्सवादी विश्वदर्शन तथा मार्क्सवादी साहित्यशास्त्रबाट प्रभावित हुँदै प्रगतिवादी साहित्यिक मान्यतालाई आफ्ना कलासिर्जनामा भित्र्याउने ज्ञवालीले साहित्यलाई शोषित, पीडित, श्रमजीवी र सर्वहारावर्गका पक्षमा लगाएका छन् ।[२३] सरल, सहज, सम्प्रेष्य भाषाशैली, सोद्देश्यमूलक कथ्य, प्रतिनिधिमूलक पात्रविधान, सङ्क्षिप्तता र कथ्यको पूर्णता उनका साहित्यिक रचनाहरूका विशेषता हुन् । उनका साहित्यतर कृतिहरू पनि धेरै नै रहेका छन् । यिनका प्रकाशित कृतिहरूको विवरण यस प्रकार छ :

#### क) साहित्यसिर्जना तथा समालोचनात्मक कृतिहरू

1= विवश आँसु (नाटक, २०४४)

2= परिवर्तनको मोडमा (उपन्यास,२०५०)

3= जीवनका घुम्तीहरू (उपन्यास, २०५३)

4= औंसीका फूलहरू (महाकाव्य, २०५३)

5= आख्यानकार पारिजात (समीक्षाग्रन्थ, सहलेखन, २०५८)

---

२३ बाँस्कोटा, **पूर्ववत्** ।

6= पुतली र भुसिल्किरा (कवितासङ्ग्रह, २०५९)

7= एकादेशमा (खण्डकाव्य, २०६१)

8= सानी परेवी र बाज (सचित्र बालकथा, २०६१)

9= अश्रुग्याँस ! (कवितासङ्ग्रह, २०६२)

10= सम्पत्ति (बाल एकाङ्कीसङ्ग्रह, २०६३)

11= पाश्चात्य साहित्यसिद्धान्तको सरल व्याख्या (समालोचनाग्रन्थ, २०६३)

12= भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू (भूमिकासङ्ग्रह, २०६३)

13= फुटकर कविताका केही बान्कीहरू (समालोचनासङ्ग्रह, २०६४)

14= छन्दकविताको मधुर तरङ्ग (सी.डी.र क्यासेट, २०६४)

15= आहा! कति मिठो खीर! (सचित्र बालकथा, २०६५)

16= A Wonderfull pudding ( अनुवादित सचित्र बालकथा, २०६५)

17= कालाजादुको कथा (सचित्र बालकथा, २०६५)

18= दयालु भावना (सचित्र बालकथा, २०६६)

19= तेस्रो आँखाको आलोचना (समालोचना सङ्ग्रह, २०६७)

20= रमेश विकल (औपन्यासिक जीवनी, २०६७)

**ख) विद्यालयीय शैक्षिक व्याकरण तथा सन्दर्भ पाठ्यपुस्तकहरू (सहलेखन)**

1=प्रवेशिका व्याकरण (२०५७)

2=आधारभूत व्याकरण (भाग १, २, ३ - २०५८)

3=प्रारम्भिक व्याकरण (भाग १, २, ३ - २०५९)

4=रमाइलो व्याकरण (भाग १, २, ३ - २०५९)

5=रमाइलो नेपाली 'क' (२०६१)

6=रमाइलो नेपाली 'ख' (२०६१)

7=रमाइलो नेपाली 'ग' (२०६१)

8=रमाइलो नेपाली (कक्षा-१, २, ३ - २०६१)

9=रमाइलो नेपाली (कक्षा-४ र ५ - २०६४)

**ग) उच्चशिक्षातर्फ लेखिएका सन्दर्भ पाठ्यपुस्तकहरू (सहलेखन)**

1= अनिवार्य नेपाली (प्रवीणता प्रमाण-पत्र तह, २०५५)

2= अनिवार्य नेपाली (१०+२, २०५५)

3= अनिवार्य नेपाली (बी.ए., २०५५)

4= साधारण नेपाली (बी.एड., २०५६)

5= विशेष नेपाली (प्रवीणता प्रमाण-पत्र तह, दोस्रो वर्ष, २०५६)

6= अनिवार्य नेपाली कार्यपुस्तक (१०+२, २०५७)

7= ऐच्छिक नेपाली (१०+२ प्रथम वर्ष, २०५९)

8= ऐच्छिक नेपाली (१०+२ द्वितीय वर्ष, २०६०)

9= ऐच्छिक नेपाली (प्रवीणता प्रमाण-पत्र तह, प्रथम वर्ष, २०६०)

10= ऐच्छिक नेपाली (प्रवीणता प्रमाण-पत्र तह, द्वितीय वर्ष, २०६०)

11= नेपाली कविता र काव्य (बी.एड., २०६४)

उपर्युक्त कृतिहरू बाहेक स्रष्टा ज्ञवालीका गरिमा, समकालीन साहित्य, जनमत, उन्नयन, जम्को लगायतका दर्जनौं साहित्यिक पत्र-पत्रिकाहरूमा १०० भन्दा वढी फुटकर कविताहरू त्यतिकै सङ्ख्यामा समालोचनाहरू, केही कथाहरू, निबन्धहरू र एकाङ्कीहरू प्रकाशित रहेका छन् । त्यस्तै उनका कयौँ लेखरचनाहरू प्रकाशनका क्रममा रहेका छन् । उनका ६ वटा साहित्यिक अन्तरर्वाताहरू पनि प्रकाशित छन् ।

**२.८.४ हाल संलग्न संस्थाहरू, मानसम्मान तथा पुरस्कारहरू**

**क) हाल संलग्न संस्थाहरू**

शिक्षणपेसाका अतिरिक्त विभिन्न संघसंस्थामा क्रियाशील रहँदै साहित्यसिर्जनामा लागेका कवि रामप्रसाद ज्ञवाली संलग्न विभिन्न संस्थाहरू निम्न छन् :

| | | |
|---|---|---|
| सह-प्राध्यापक | : | त्रिभुवन विश्वविद्यालय |
| संस्थापक तथा निर्देशक | : | पाठशाला नेपाल फाउन्डेसन, नयाँ बानेश्वर (स्थापनाकालदेखि) |
| संस्थापक उपाध्यक्ष | : | कोलम्बस कलेज, नयाँ बानेस्वर (स्थापनाकालदेखि) |
| संस्थापक अध्यक्ष | : | अभियान साहित्य प्रतिष्ठान, काठमाडौँ (स्थापनाकालदेखि) |
| प्रधान सम्पादक | : | साहित्यिक अभियान(मुखपत्र), काठमाडौँ (२०५५ देखि) |
| संस्थापक उपाध्यक्ष | : | हृदयचन्द्र स्मृति प्रतिष्ठान, काठमाडौँ (स्थापनाकालदेखि) |
| आजीवन सदस्य | : | सुनकोसी साहित्य प्रतिष्ठान, काठमाडौँ (स्थापनाकालदेखि) |
| आजीवन सदस्य | : | जनमत साहित्य प्रतिष्ठान, काठमाडौँ २०५६ |
| सदस्य | : | प्रगतिशील लेखक संघ (२०५६ देखि) |
| सदस्य | : | रमेश 'विकल' प्रतिष्ठान, काठमाडौँ (स्थापनाकालदेखि) |
| सल्लाहकार | : | नागार्जुन साहित्य प्रतिष्ठान काठमाडौँ (२०५७ देखि) |

सल्लाहकार : जम्को साहित्यिक मासिक (२०५४ देखि)

## ख) मानसम्मान तथा पुरस्कारहरू

आफ्ना हृदयस्पर्शी सिर्जनाहरूबाट पाठकको मन जित्न सफल कवि ज्ञवालीले हालसम्म प्राप्त गरेका पुरस्कार तथा सम्मान यसप्रकार छन् :

1= महेन्द्र विद्याभूषण (२०४९)

2= लारी स्वर्णपदक (२०४९)

3= प्रतिभा सम्मान पुरस्कार (२०५५)

4= दीपा जनमत पुरस्कार (२०६०)

5= मोतीराम युवावर्ष पुरस्कार (२०६३) (तर कविद्वारा अस्वीकार)

6= राष्ट्रगान छनौटमा ज्ञवालीको गीत तेस्रो स्थानमा परेकाले नेपाल सरकारद्वारा ताम्रपत्रद्वारा सम्मान (२०६४)

7= प्रगतिशील लेखक संघ (नेपालगन्ज शाखा) बाट सम्मान-पत्र (२०६४)

8= गुल्मेली समाज (नेपालगन्ज) बाट सम्मान-पत्र (२०६४)

9= अविरल साहित्य सम्मान (२०६४)

10= पूर्णप्रकाश नेपाल 'यात्री' सिर्जनशील सम्मान (२०६६)

11= सकला सिद्धार्थ साहित्य सम्मान (२०६६)

12= ज्ञानदीप सम्मान (२०६७)

यसरी २०४१ सालदेखि हालसम्म ज्ञवाली नेपाली साहित्यका क्षेत्रमा निरन्तर क्रियाशील रहेका छन् । उनका साहित्यिक कृतिहरूको अध्ययन गर्दा निम्नलिखित विशेषताहरू पाउन सकिन्छ :

1= समसामयिक यथार्थपरक विषयवस्तुको छनौट गर्नु ,

2= परम्परागत धार्मिक अन्धता, रूढिग्रस्त सामाजिक मान्यताको विरोध गर्नु,

3= समान्तवाद र पुँजीवादका विरुद्धमा साहित्यका माध्यमद्वारा जनतामा क्रान्तिचेतना ल्याई उनीहरूलाई क्रान्तिकारी बनाउनु,

4= दूरदृष्टि र निर्भीकताका साथ साहित्य साधना गर्नु,

5= जातिगत, लिङ्गगत र वर्गगत भिन्नताका विरुद्ध काव्यसाधना गर्नु,

6= समाजवादी विश्वमानवताका पक्षमा सशक्त वकालत गर्नु,

7= सामाजिक, ऐतिहासिक र राजनीतिक यथार्थ विषयमा जोड दिनु,

8= सरल, सहज र प्रतीकात्मक बिम्बात्मक भाषाशैलीको प्रयोगमा जोड दिनु,

9= वर्गीय मुक्तिआन्दोलनको नेपाली राजनीति र सङ्घर्षलाई समाजवादी यथार्थवादको आलोकमा प्रस्तुत गर्नु,

10= शास्त्रीय छन्दलाई प्रथमिकता दिनु,

11= युगयथार्थका नकारात्मक पक्षहरूको चित्रण गरी तिनमाथि प्रहार गर्नु,

12= मार्क्सवादी सौन्दर्यशास्त्रलाई रचनाका निम्ति विश्वदृष्टिकोणको आधार मान्नु आदि ।

## २.९ .निष्कर्ष

रामप्रसाद ज्ञवालीले नेपाली साहित्यका कविता, नाटक, उपन्यास, बालकथा, समालोचना जस्ता विविध विधामा आफ्नो प्रतिभा देखाइसकेका छन् । ख्यातिप्राप्त बहुआयामिक व्यक्तित्व ज्ञवालीले साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनको मूल विधा भने कविता हो । मार्क्सवादी साहित्यबाट प्रभावित ज्ञवालीले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनका आधारमा आफ्ना साहित्यिक रचनाहरूमा वर्गसङ्घर्षहरूको चित्रण गर्दै समतामूलक जनवादी समाजनिर्माणका निम्ति वर्गसङ्घर्षको भूमिकालाई सर्वोपरि मानेका छन् । कलात्मक रूपमा जोखिम मोली भविष्यवाणी गरिएको ‘एकादेशमा’ खण्डकाव्य यिनको साहसी उत्कृष्ट सिर्जना हो । **औँसीका फूलहरू** महाकाव्यमा २०४६

सालको जनआन्दोलन अधुरो रहेकोले अर्को महाआन्दोलन छिट्टै नै हुने भविष्यवाणी उनले गरे जुन राजनीतिका रूपमा आज पूर्णतः सत्य भएको छ । जहाँ रवि पुग्दैनन् त्यहाँ कवि पुग्छन् भन्ने उक्तिलाई यसले चरितार्थ गरेको छ । ज्ञवालीमा साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि चर्चित रहेकाले उनलाई बहुआयामिक व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

## अध्याय तीन

# बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक अध्ययन

### ३. परिचय

बाल्यकाल मानव जीवनको लागि नै त्यस्तो आधारस्तम्भ हो । जसको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव बालकको भविष्य निर्माणमा परेको हुन्छ । बाल्यकालमा पाएको शिक्षा दीक्षा, माया ममता, स्याहार सुसार र वातावरणको प्रभाव हरेक बालबालिकाहरूमा परिरहेको हुन्छ । आजका बालबालिका भोलिका विश्व हाँक्ने सारथी हुन् । आजका बालबालिकाका लागि सोच्नु भनेको नै भोलिको असल नागरिक तयार गर्नु हो । आजका बालकहरूलाई भावि जीवनमा कस्ता नागरिक तयार गर्ने भन्ने चिन्ता र चिन्तन गर्नु अभिभावक शिक्षक र समाजका प्रबुद्ध वर्ग र राष्ट्रकै कर्तव्यभित्र पर्दछ । यसैले राष्ट्रका असल नागरिकको जन्म र विकासको लागि उपयुक्त शिक्षादीक्षा, स्वास्थ्य, सरसफाई, माया-दया र संरसल्लाहको आवश्यक पर्दछ । बाल्यकालको वातावरण शिक्षादीक्षा सतसङ्गतले गर्दा नै उनीहरू भविष्यमा भिन्न-भिन्न क्षमता, योग्यता र स्वभाव लिएर देखा पर्दछन् ।

बालबालिकाहरू कुनै पनि नयाँ कुरा बुझ्न सिक्न र मनोरञ्जन लिन उत्सुक तथा जिज्ञासु हुन्छन् साथै उनीहरूको स्वभाव प्रत्यक्ष रूपमा दिइने अर्तीउपदेश सन्देश शिक्षा आदिलाई सजिलै ग्रहण नगर्ने पनि हुन्छ । बालबालिकाहरूलाई मनोरञ्जनका साथै चेतना र सोचको विकास एवम् परिष्कार भाषिक क्षमताको विकास ज्ञानको प्रवर्द्धन, चारित्रिक सुधार र सिर्जनशीलताको विकासका साथै जिज्ञासाहरूको समाधान विशिष्ट र उपयोगी बालसाहित्यले गर्न सक्छ । बालसाहित्यले एकातर्फ मनोरञ्जन दिन्छ भने अर्कोतर्फ भविष्य निर्माणमा सोपानको काम गर्दछ । बालबालिकाले सजिलै बुझ्न सक्ने सरल, सुबोध भाषा शैलीमा मनोरञ्जनका साथै शिक्षादीक्षा, नैतिक सन्देश र चेतना प्रवाह गर्न सक्ने नाटक उपन्यास, कविता, जीवनी, निबन्ध र प्रबन्धजस्ता साहित्यका विधा विशेषलाई बालसाहित्य भनिन्छ । बालबालिकाको दिनप्रतिदिन नयाँ-नयाँ कुरा जान्ने उत्सुकताको परिपूर्ति निर्धारित सीमाभित्र रहेको विद्यालयीय पाठ्यपुस्तकबाट मात्र सम्भव हुँदैन । त्यसकारण बालबालिकाको बौद्धिक, मानसिक र सिर्जनशीलताको विकासका साथै चेतना र ज्ञानको प्रवर्द्धन र परिष्कार गर्ने काममा बालसाहित्यले उल्लेख्य भूमिका निर्वाह गर्दछ ।

## ३.१ बालसाहित्यको परिभाषा

बालसाहित्य भनेको बालकहरूका निम्ति प्रस्तुत गरीने साहित्य हो । बालापन जोसुकैको किन नहोस् त्यो निर्दोष, चञ्चल र मनमोहक हुने गर्दछ । प्रकृतिमा फुलेका कोपिला हुन् वा चिर्बिर् बोल्ने बचेराहरू, जनावरका बच्चा हुन् वा मानिसका लालाबाला, वास्तवमा ती सबै मानिसका बालापनका उदाहरणहरू मानिन्छन् । बालसाहित्यले बालबालिकाका निम्ति मनोरञ्जन, सृजना र ज्ञानका माध्यमले उनीहरूको जीवनमा उज्यालो देखाउने काम गर्दछ । बालकहरूलाई गीत, कविता, कथा, जीवनी आदिप्रति स्वाभाविक रुचि हुने हुनाले उनीहरूको उमेर र स्वभावअनुकूल विषयवस्तुको समायोजन हुने गरी सरल र रोचक भाषामा

सिर्जित  बालसाहित्यले उनीहरूलाई मनोरञ्जन दिन्छ । साथसाथै त्यस माध्यमले उनीहरूको मानसिक एवम् बौद्धिक विकास पनि हुने गर्दछ ।

वास्तवमा बालसाहित्य भनेको बालकहरूका निम्ति बालक वा वृद्ध जो-कोहीले मनोरञ्जनात्मक शैलीमा सामाजिक भावनाको विकास गराउँदै चरित्रवान् एवम् नैतिकवान् बनाउने उद्देश्यले लेखिएको साहित्य हो भन्न सकिन्छ । बालसाहित्यका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले परिभाषा दिएको पाइन्छ । ती परिभाषाहरू यसप्रकार रहेका छन् :

बङ्गला साहित्यकार रवीन्द्रनाथ ठाकुरका भनाइमा, बालसाहित्य भनेको शाश्वत साहित्य हो । त्यो साहित्य कहिल्यै पुरानो हुँदैन, त्यसमा उही रस, उही माधुर्य, उही आनन्द सधैँ रहिरहन्छ ।"[२४] यसरी रवीन्द्रनाथ ठाकुरले बालसाहित्यलाई एक शाश्वत साहित्यको रुपमा लिदै, पुरानो नहुने उल्लेख गर्दै विविध साहित्यिक गुणले भरिएको एक आल्हादित साहित्यको रुपमा प्रस्तुत गरेका छन ।

बालसाहित्यकार शारदारमण नेपालले बालसाहित्यको परिभाषा यसरी दिएका छन् - "बालबालिकाको उमेर, स्थिति, रुचि र मानसिकतालाई ध्यानमा राखेर तिनीहरूलाई सरल भाषामा वैज्ञानिक किसिमबाट स्वस्थ मनोरञ्जन दिँदै जीवन र जगत्सित परिचित गराउने र माया-ममताका प्रशंसा र प्रोत्साहनद्वारा सर्वाङ्गीण प्रगतिको बाटोमा उत्तरोत्तर अघि बढाउने सुन्दर कलात्मक भाषिक प्रस्तुति नै बालसाहित्य हो । बालसाहित्य बालबालिकाका मानसिक खुराकका निमित्त, बुद्धिमत्ता र मेहनतसाथ तयार पारिने साहित्य हो । जसले समाजका बालबालिकालाई मानवताको भविष्यप्रति आश्वस्त, क्रियाशील, स्वप्नशील, समुन्नत र असीम सम्भावनायुक्त भएर हुर्कन सहयोग पुर्‍याउँछ । यसले ताजा हावाका प्रवाहले बालबालिकाका मन-मस्तिष्कमा उम्रने उत्साह, आकाङ्क्षा र जाँगरका झिल्काहरूलाई इन्धन दिएर प्रज्वलित पार्ने बालसाहित्य नितान्त

[२४] हरिकृष्ण देवसरे, **हिन्दी बालसाहित्य : एक अध्ययन,** (दिल्ली : आत्मराम एण्ड सन्स, १९६९ ई.), पृ ७ ।

प्राकृतिक मल-जल र प्रकाशमा प्रतिभाका बीजहरूलाई उमार्ने र हुर्काउने काम गर्छ । वास्तवमा बालसाहित्य सुन्दर प्राकृतिक वातावरण हो, जहाँ बालबालिकाहरू उन्मुक्त भएर हाँस्न रमाउन सक्छन् ।"[२५] शारदारमण नेपालले बालसाहित्यलाई मनोवैज्ञानिक ढङ्गले अभिव्यक्त गर्दै बालमष्तिष्कमा परेको अमिट छापले नै भविष्यको मार्ग चित्र प्रस्तुत गर्ने जसले राष्ट्र निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्न सक्ने बन्दछ भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

प्रमोद प्रधानको भनाइअनुसार, "सरल भाषा र प्रभावकारी शैलीमा रोचक उपयोगी विषयवस्तु दिएर बालबालिकाका लागि लेखिएको साहित्य नै बालसाहित्य हो ।"[२६] प्रमोद प्रधानले बालसाहित्यमा रस, भाषा साथै त्यसको प्रभावकारिता तथा शैलीमा जोड दिदैं बालबालिकाहरूलाई उपयोगी हुने विषयवस्तुको चयन गरेर लेखिएको साहित्य नै बालसाहित्य हो भन्ने तर्क अगाडि सारेका छन् ।

केशवप्रसाद उपाध्यायका विचारमा "यो विभिन्न आयुवर्गका बालबालिका लागि तिनको मानसिक तहअनुसार रोचक र सहजग्राह्य हुने किसिमबाट लेखिने गर्दछ । यो ज्ञानमूलक हुन्छ भने मनोरञ्जनमूलक पनि हुन्छ । त्यसैले बालसाहित्यलाई बालकका लागि उपयोगी हुने त्यस्तो साहित्य भन्न सकिन्छ जसले ज्ञान वा आनन्द वा दुबै प्रदान गर्छ ।"[२७] बालबालिकालाई उमेर अनुसारको ज्ञान, धारणाको अभिवृद्धिको लागि बालसाहित्यले भूमिका खेलेको हुन्छ । त्यस्ता विषयवस्तुको छनौट गर्नु पर्दछ जसले गर्दा बालकहरूले अध्ययन गर्दा मनोरञ्जनात्मकशैलीमा डुवी ज्ञान समेत प्राप्त गरेको थाहा नै नहोस् । यसरी बालसाहित्यलाई केशवप्रसाद उपाध्यायले ज्ञान मनोरञ्जन तथा आनन्द प्राप्त गर्ने एक तत्वकारूपमा व्यक्त गरेको पाइन्छ ।

---

[२५] शारदारमण नेपाल, 'बालसाहित्य र नेपाली बालसाहित्यको पृष्ठभूमि' **शिक्षक जर्नल**, पृ. ६९ ।

[२६] प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको विकासको धारा', **रूपरेखा**, (पूर्णाङ्क २२३, २०३६ मङ्सिर), पृ. ३६ ।

[२७] केशवप्रसाद उपाध्याय, 'बालसाहित्यको विषय चयनमा समयसापेक्षता' (लेख), **बालसाहित्य** (वार्षिक), २०५६ पृ. ११ ।

कृष्णप्रसाद पराजुलीको बालसाहित्यको परिभाषा यसप्रकार रहेको छ, "बालकले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सिर्जनात्मक साहित्य नै बालसाहित्य हो । यस दिशामा बालगीत, बालकविता, बालकथा, बालउपन्यास, बालनाटक र प्रेरणाप्रद जीवनी तथा ज्ञानविज्ञानका रोचक सामग्रीहरू पर्न आउँछन् ।"[२८] बालसाहित्यले बालकहरूको चरित्र निर्माणमा जोड दिएको देखिन्छ । जसले गर्दा बालबालिकाहरू सिर्जनात्मक बन्न सक्दछन् ।

चूडामणि बन्धुका अनुसार बालसाहित्य मनोरञ्जनका निम्ति नै हुन्छ । साहित्य सबै उमेरका व्यक्तिका लागि आनन्दको वस्तु हो, तर आनन्द लिनका लागि पनि विभिन्न उमेर, वर्गका व्यक्तिका लागि बेग्लाबेग्लै किसिमका रचना आवश्यक पर्दछन् ।"[२९] उमेर अनुसारको खजाना पस्किएर बालबालिकालाई ज्ञानको आनन्दमा डुवाउने काम बालसाहित्यको भएको पाइन्छ ।

कपिल लामिछानेका भनाइमा बालबालिकाका लागि बालक र वयस्कद्वारा बालोपयोगी हुने गरी रचित साहित्य बालसाहित्य हो । बालसाहित्य आफैँमा साध्य होइन, यो त त्यस्तो मनोरञ्जनको साधन हो जसको माध्यमले बालबालिकाहरूलाई सत्मार्ग निर्देश गर्न सकिन्छ ।"[३०] बालबालिकाहरूलाई सत्मार्गमा डोऱ्याउन चरित्र निर्माण गर्ने खुराक बालसाहित्यले पस्किएको हुन्छ ।

जीवेन्द्रदेव गिरीको दृष्टिकोणमा बालसाहित्यले छोटो, मीठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोकसाहित्यबाट पनि ऊर्जा बटुल्दछ । त्यसैले बालसाहित्यका उर्वर मस्तिष्कका उपयोगी विचार, इतिहास र संस्कृतिका

---

[२८] कृष्णप्रसाद पराजुली, **भाषाको माया**, (काठमाडौं रत्नपुस्तक भण्डार २०४४), पृ. ६६ ।

[२९] चूडामणि बन्धु, 'बालसाहित्य अस्तित्व र प्रयोजन', **बालसाहित्य,** (काठमाडौं : नेवासास, अङ्क १, २०४७), पृ. ३ ।

[३०] कपिल लामिछाने, 'लोक परम्परा र बालसाहित्य', **बालसाहित्य** (काठमाडौं : नेवासास, २०५१) पृ. २० ।

मूल्यवान् सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौ पक्ष देखिन्छन् ।"[३१] जीवेन्द्रदेव गिरीले बालसाहित्य छोटोमीठो सरल भाषामा उनिएको हुनुपर्दछ भन्ने अभिव्यक्ति दिएका छन् । बालमस्तिष्कलाई विचार, इतिहास र संस्कृतिको उर्वरभूमिकरूपमा लिएका छन् । बालबालिकाहरूले तत्कालिन अवस्थामा भविष्यका सुन्दर दृश्यहरूको परिकल्पना गर्न सायदै सके पनि कालन्तरमा बालसाहित्यले त्यतातिर डोऱ्याउन मद्दत गर्ने देखिन्छ । लोकसाहित्य पनि बालबालिकाको उपयुक्त साहित्य हुनसक्ने देखिन्छ ।

राजेन्द्र सुवेदीको भनाइअनुसार बालसाहित्यको परिभाषा यसप्रकार छ - "बालसाहित्यको सिर्जना बालकको उमेरको हद, ग्रहणशीलता, पारखक्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनुपर्छ । त्यस्तो साहित्यिक रचना नै बालसाहित्य हो । विद्यालयस्तरका बालबालिकाको मानसिक अवस्था र बौद्धिक तहलाई दृष्टि दिएर स्रष्टाले सिर्जना गरेको साहित्य (कृति) बालसाहित्य हो । बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बालसाहित्यको विषयक्षेत्र व्यापक छ, बालसाहित्य शब्दको सीमा व्यापक छ । समाज, जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषयस्रोतका वस्तुलाई बाल्य-उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरीने सामग्री नै बालसाहित्य हो ।"[३२] राजेन्द्र सुवेदीले बालसाहित्यमा बालबालिकाको उमेर अनुसार ग्रहण गर्न सक्ने तथा आत्मसात गर्न सक्ने, भाव, कला, शिल्पमा डुब्न सक्ने गरी स्रष्टाले र्सिजना गरेको साहित्य हो भन्ने अभिव्यक्ति दिएका छन् । विशेष स्रोत, पौराणिक, वैज्ञानिक, सामाजिक, धार्मिक,

---

[३१] जीतेन्द्र देवगिरी, 'नेपाली बालपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान' (समालोचना) **प्रलेस** (त्रैमासिक), पूर्णाङ्क १०, माघ-चैत, २०५४, पृ. १०२ ।

[३२] राजेन्द्र सुवेदी 'नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान', **सुनकोसी,** (वार्षिक पूर्णाङ्क २, २०५३), पृ. ७४-७५ ।

ऐतिहासिक हुन सक्छन् साथै जसको अभिव्यक्तिगत शिल्पतामा कुतूहलता हुनु पर्ने देखिन्छ । यो बालबालिकाको लागि शिक्षाप्रद आहारा बन्न पुग्दछ ।

जनकप्रसाद हुमागाईका विचारमा "बालस्वभाव तथा क्रियाकलापहरूलाई विषय बनाएर उनीहरूलाई विशेष प्रेरणा प्रदान गर्दै मनोरञ्जनका साथै हलुको तथा सूक्ष्म रूपमा विषयवस्तुतिर अभिमुख गराउने उद्देश्यले लेखिएको साहित्यलाई बालस्वभावसँग सम्बन्धित बालसाहित्य भन्न सकिन्छ ।"[३३] बालबालिकाहरू भिन्नभिन्न स्वोभाव तथा रुचिका हुन्छन् । रुचि अनुसारका विषयवस्तुको चयन गरी बालसाहित्यको रचना गर्न सक्नु पर्दछ ।

साहित्यकार दैवज्ञराज न्यौपानेको धारणा यसप्रकार रहेको छ, "सहज र सुन्दर भाषामा बालबालिकाहरूको मनोविनोदलाई ख्याल गर्दै उनीहरूको खेल्ने र रमाउने तरिकाले लेखेको नैतिक एवम् चारित्रिक विकासलाई सहयोग पुऱ्याउने साहित्य नै बालसाहित्य हो । यो बालकले बालभाषामा लेखेको र ठूलाले बालबालिकाका लागि सहज भाषामा लेखेको भए पनि दुवैको मूल उद्देश्य भने यसमा समान हुन्छ । प्रौढले नैतिकतामा जोड दिने र बालबालिकाले स्वैरकल्पनामा जोड दिने गर्दछन् ।"[३४] सहजता र सुन्दरतामा बालसाहित्यका विषयवस्तुको चयनमा जोड दिदैं यसले बालबालिकाहरूको नैतिकबल उकास्ने र चरित्र निर्माण गर्ने एक सामग्रीको रुपमा बालसाहित्य अभिव्यक्त भएको पाइन्छ ।

## ३.२ बालसाहित्यको विधागत परिचय

### ३.२.१ बालकविता/बालगीत

---

[३३] जनकप्रसाद हुमागाई, 'बालसाहित्यको परिभाषा', **बालसाहित्य** (काठमाडौं सुनकोसी साहित्य प्रतिष्ठान, २०५६), पृ. १८ ।

[३४] ऐजन, पृ. १९ ।

बालबालिकाहरूमा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्दभण्डारलाई अभिवृद्धि गर्ने, उनीहरूमा विद्यमान सङ्गीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन समेत प्रदान गर्ने कार्यमा बालगीत र बालकविता एक सबल, सक्षम र सशक्त माध्यम भएकाले यस विधाको आफ्नै किसिमको विशिष्ट महत्त्व रहेको छ । भाषिक सरलता, सहजता र सङ्गीतात्मकता बालकका रुचिका विषयहरू भएको हुँदा मनोरञ्जनलाई समावेश गरी बालकहरूका जीवनका कवितात्मक अभिव्यक्ति दिने माध्यम नै बालकविता हुन् । वास्तवमा बालकविता र बालगीत बालबालिकाहरूको ज्ञान र सिर्जनात्मक प्रतिभाको विकासका लागि आवश्यक तत्व हुन् ।

नेपाली समाजमा बालगीतहरूको प्रचलन धेरै पहिलेदेखि रहँदै आएको पाइन्छ । यसको उदाहरणमा हाम्रा समाजमा प्रचलित असङ्ख्य बाललोक गीतहरूलाई लिन सकिन्छ । बालकविताका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो धारणाहरू यसरी प्रस्तुत गरेका छन् :

नेपाली बालकविता/बालगीतका बारेमा बङ्गाली विद्वान् असितरञ्जनदास गुप्तले बालकविताबारे आफ्नो धारणा यसरी राखेका छन् - "बालकविताले सुकोमल बालबालिकाहरूका हृदयलाई आहलादित गराउनुपर्दछ । यस्तो कविताले नानीहरूका कानमा सङ्गीतमय ध्वनिको सिर्जना गर्छ र नानीहरूले चाल नपाई तिनीहरूलाई उपदेश प्रदान गर्छ ।"[३५] बालगीत/बालकविता पनि बालसाहित्यको एउटा पाटोको रुपमा लिदै यसले कलिलानानीहरूलाई सामाजिक बन्न उत्प्रेरित गर्दछ ।

बालगीत/कवितालाई चिनाउने क्रममा बालसाहित्यकार रमेश विकल भन्दछन् "बालकविता र बालगीतमा बालबालिकाको मनोरञ्जनका साथै केही

---

[३५] प्रमोद प्रधान, 'यसरी अगाडि बढेको छ नेपाली कविता', **मधुपर्क** (वर्ष ३०, अङ्क, पूर्णाङ्क ३४०, असोज २०५४), पृ. ६ ।

ज्ञानको सन्देश दिने सूक्ष्म प्रवृत्ति हुन्छ तर बालगीतको दोस्रो भेद शिशुगीत चाहिँ पूर्णतया मनोरञ्जनका लागि लेखिएको हुन्छ ।"[३६] बालसाहित्यलाई ज्ञानको सन्देश दिने एउटा सूक्ष्म प्रविधिको रुपमा लिएको पाइन्छ ।

महादेव अवस्थीका भनाइ अनुसार, "कुनै विषयको बयान गरेर वा खास गरी आफ्नै मनका भावनाहरू पोखेर भाका हाली गाउन मिल्ने लय वा छन्दमा बाँधिएका भाषामा लिखित रूपमा गरिने अभिव्यक्तिलाई कविता भनिन्छ भने, खास खास उमेर समूहका बालकहरूसम्म पुऱ्याउन गरिएकोत्यस्तै खालको अभिव्यक्तिलाई बालकविता भनिन्छ, त्यस्तै सङ्गीतमा ढालेर मीठो भाकामा गाउन मिल्ने गीतिगुणयुक्त बालकवितालाई बालगीत भनिन्छ ।"[३७] बालबालिकाहरूलाई गीतका र कविताका माध्यमले दिइने ज्ञान, धारणा, शिक्षा उमेरगत नै हुनु पर्दछ । बोझ नबोकाइ कवितात्मक बान्कीमा ढाली सङ्गीतात्मक शैलीमा रोमाञ्चक बनाइ बालबालिकालाई पस्कने गरिन्छ । यद्यपि उनीहरू छन्दका विभिन्न पक्षहरू बारे अनविज्ञ नै रहन्छन् ।

बालकवितालाई दुई वर्गमा राखेर हेर्न सकिन्छ :

क) बालबालिकाद्वारा रचित कविता

ख) प्रौढहरूद्वारा बालबालिकाका लागि रचित कविता

## क) बालबालिकाद्वारा रचित कविता

बालबालिकाहरू स्वयम् आफैँले आफ्नो क्षमताले भ्याएसम्म विभिन्न किसिमका विषयवस्तुको चयनद्वारा **मुना**, **गोरखापत्र**, **कान्तिपुर**, **कोसेली**, आदि

---

[३६] रमेश विकल, **बालसाहित्य,** (काठमाडौं : नेवासास, २०५०), पृ. ३ ।

[३७] महादेव अवस्थी, **'बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया'**, (काठमाडौं : एकताबुक्स, २०६५), पृ. १४ ।

विभिन्न पत्रपत्रिकाका माध्यमबाट र रेडियो, टेलिभिजनबाट पनि आफ्नो बाल्यपन झल्काउँछन् र ती गुन्जित कविताहरूलाई बालकविता भित्र राखेर हेर्न सकिन्छ ।

## ख) प्रौढहरूद्वारा बालबालिकाका लागि रचित कविता

प्रौढहरूद्वारा बालबालिकाहरूलाई उनीहरूकै रुचि, आवश्यकता र मनोविज्ञानअनुसार ठाउँ, घर, गाउँ, विद्यालय, राष्ट्र, पशुपंक्षी, रूख, घाम, जुन आदि विभिन्न प्रतीकहरूद्वारा मनोरञ्जन, शिक्षा, ज्ञान र सीपको विकास गराउने उद्देश्यले बालकविताहरूरचिन्छन् । ती बालकविताहरू बालकहरूको चौतर्फी विकास गर्नमा लक्षित रहेका हुन्छन् ।

आजका बालक भोलिका कर्णधार हुने भएकाले उनीहरूलाई चौतर्फी विकास (भूगोल, इतिहास, समाज, विज्ञान) सम्बन्धी विविध पक्षहरूको जानकारी मनोरञ्जनद्वारा आहलादित गराएर सक्षम नागरिक तुल्याउने आजको आवश्यकता भएकाले बालकविता बालकहरूको मात्र चाहना र माग नभएर पूरै राष्ट्र, समाज र घरपरिवारको माग हो ।

## ३.२.२. बालकथा

बालसाहित्यको एक प्रमुख विधाको रूपमा रहेको “बालकथा” को विकासको सन्दर्भलाई विचार गर्दा गाउँघरमा हजुरआमाहरूले नातिनातिना र बलसुलभताले भरिएका ससाना नानीहरूलाई जम्मा गरेर कथा सुनाउने हाम्रो प्रचलन रहेको तथ्यको स्मरण गर्नु आवश्यक हुन्छ । बालबालिकाहरू त्यस्ता कथाबाट कहिले उत्प्रेरित र कहिले भयभीत हुने गरेका एवम् त्यसबाट पर्याप्त मनोरञ्जन समेत प्राप्त गर्ने गरेको कुरा अझैपनि गाउँघरमा देख्न सकिन्छ । बालकथाहरूको प्रमुख उद्देश्य बालबालिकाहरूलाई मनोरञ्जन र आस्वादन प्रदान गर्ने र सत् मार्गमा डोऱ्याउने हो । बालकथामाचित्रात्मक पक्षले पनि महत्त्वपूर्ण

भूमिका खेलेको हुन्छ । रामायण, महाभारतजस्ता पौराणिक कथालाई विषयवस्तु बनाएर लोककथाको रूप दिई बालसाहित्यकारहरूले बालकथालाई सजीव तुल्याउँदै आएका छन् । नेपाली बालबालिकाहरूका निमित्त उपयुक्त हुने कथाहरूको लेखनका क्षेत्रमा रुद्रराज पाण्डेको लेखन उल्लेखनीय छ । उपन्यास विधामा पनि कलम चलाएका पाण्डे प्रथम नेपाली मौलिक उपन्यासकारका रूपमा समेत चर्चित र परिचित छन् । उनको नीतिकथा समुच्चय (१९९० ई) र अझ त्यसपछिको 'इसपनीतिकथा' (१९९७ ई.) 'इसपका कथाहरू' नेपाली बालबालिकाहरूलाई दिने स्तुत्य प्रयास हो [३८] भनी चूडामणि बन्धुले व्यक्त गरेका छन् ।

जम्मा २१ वटा बालकथाहरू यसमा रहेको, बानिया कान्छाद्वारा लिखित 'अटेरी चल्लो' अर्को बालकथासङ्ग्रह हो । धौलागिरि साहित्य प्रतिष्ठानद्वारा २०४४ सालमा प्रकाशित यस कृतिले बालबालिकाहरूलाई नैतिकताको सन्देश दिन खोजेको छ । कनकलाल शर्माका 'नानीका कथाहरू' (२०४५) प्राथमिक सामग्री एकाइद्वारा प्रकाशित छ । यसलाई अध्ययन गर्दा बालबालिकाहरू स्वभावैले जिज्ञासु प्रवृत्तिकका हुन्छन् तर तिनीहरूको जिज्ञासालाई जस्तो पायो त्यस्तो अभिव्यक्ति शैली पच्दैन भन्ने सत्यप्रति कथाकार सचेत रहेको देखिन्छ ।

"वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि समितिले प्रकाशित गरेका 'गोरखा शिक्षा' का विभिन्न भागमा बालबालिकाहरूका निम्ति उपयोगी हुने कथाहरू समावेश गरिएका छन् "[३९] भन्दै बन्धु थप प्रकाश पर्दछन् ।

"नेपाली भाषा प्रकाशिनी समितिले वि.सं. १९९९ तिर लोककथाहरूको सङ्कलन र प्रकाशन गर्ने कार्यमा रुचि देखाउन थाल्यो । यसको फलस्वरूप

---

[३८] चूडामणि बन्धु र अन्य, **नेपाली बालसाहित्यको सर्वेक्षण,** (कीर्तिपुर, त्रि.वि. २०५२), पृ. २५ ।

[३९] ऐजन ।

लोककथालाई पुनर्कथन गरी प्रस्तुत गरी प्रस्तुत गर्ने प्रयास हुन थाले ।"[४०] बन्धुको अध्ययनबाट नेपाली बालसाहित्यको ऐतिहासिकता बुझ्न धेरैलाई सहयोग पुग्ने देखिन्छ ।

समाजमा व्याप्त भएका विभिन्न क्षेत्र, चाल चलन उनीहरूकै माझबाट विविध विषयवस्तुहरू छनौट गरेर गरेर बालबालिकाहरूलाई ज्ञानार्जन र मनोरञ्जनको कोसेली दिने क्रममा विदेशी भाषाबाट अनुदित कथाहरू पनि देखा परेका छन् । बालकथाहरूका कृतिहरूमा रहेको चित्राङ्कन पक्षले बालबालिकाहरूलाई बालकथा पढ्नका लागि उत्सुकता, कौतुहल पैदा गराउने काम गरेको छ ।

यसै गरी बालआख्यानका क्षेत्रमा रामप्रसाद ज्ञवालीबाट **सानी परेवी र बाज** (सचित्रबालकथा, २०६१), **आहा! कति मिठो खीर!** (सचित्रबालकथा, २०६५), **कालाजादुको कथा** (सचित्रबालकथा, २०६५), **दयालु भावना** (सचित्रबालकथा, २०६६) र **रमेश विकल** (औपन्यासिक जीवनी, २०६६) गरी पाँचवटा कृतिहरू प्रकाशित भएका छन् । त्यस्तै विभिन्न पत्रपत्रिकाहरूमा छापिएका बालकथाहरू बालबालिकाको चाहना र आवश्यकता अनुसार समय सापेक्ष र ज्ञानबर्द्धक पनि रहेका छन् ।

### ३.२.३. बालउपन्यास

बालउपन्यास बालकथाको बृहत रूप भएकाले बालकथा झैं पूर्णता पाउन नसकेतापनि बालउपन्यास बालबालिकाहरूका लागि महत्वपूर्ण र रोचक विधाका रूपमा देखिन आउँछ । उपन्यासका माध्यमबाट बालबालिकाहरूलाई ज्ञान, सूचना र यथार्थ संसारको वृहत् जानकारी दिन सकिन्छ । बालउपन्यास त्यो हो, जसमा

---

[४०] ऐजन ।

बालबालिकाहरूका अगाडि उनीहरूको रुचि, स्तर र आवश्यकता अनुसार बौद्धिक विकासका लागि खुराक बनेर लामो कथाको रूपमा देखापर्दछ ।

उपन्यास जीवनको समष्टि प्रस्तुति हो । उपन्यासको सेरोफेरोमा मान्छेको जीवन छरिएको हुन्छ । पुस्ता-पुस्ताको पात्र प्रयोगमा सभ्यता, संस्कृति र इतिहासमा मोलतोललाई औपन्यासिकीकरण गर्ने प्रवृत्ति उपन्यासमा प्रयोग भएको हुन्छ । यिनै तत्त्वहरूको कलात्मक विन्यास र समुचित सङ्गठनमा ढाल्ने काम भएपछि त्यसले उपन्यासको आकृति प्राप्त गर्दछ । एउटा कालीगढबाट तयार भएको भावनाको रूप उपन्यासले प्राप्त गर्दछ । उपन्यास भएर आउँछ, प्राचीन आध्यात्मिक समाज अनि उपन्यासमा आउँछ पूरै सांस्कृतिक र ऐतिहासिक समाज पूरा मानवहरू उपन्यासका पात्रहरू बनेर आउँछन् । नृवंशको शुभारम्भ गर्न मानव आउँछ । जीवनसँग सम्बद्ध रहने प्रकृति र प्राणीजगत, उपन्यास बनेर आउँछ, समष्टिगत यिनै सम्पूर्णताहरू स्रष्टाको सृजन चेतबाट पुनः सिर्जना गरिनु उपन्यासकारको प्राप्ति हो । यसै प्राप्तिमा उपन्यासको सिद्धि निहित हुन्छ [४१] भन्ने विचार राजेन्द्र सुवेदीको रहेको छ ।

दैवज्ञराज न्यौपानेका अनुसार “सुम्निमामा काव्यात्मक भाषाशैली र काल्पनिक दिव्यानुभूतिले लट्ठयाएजस्तै **मोदिआइन** को बालसुलभ सुकुमार भाषाशैलीले लट्ठाएको अनुभव हुन्छ । उनले अरु उपन्यासहरूको प्रौढप्राप्तिभन्दा यसैमा पाइने बालसुलभ जिज्ञासाहरूले यसलाई बालउपन्यास मान्दिए अन्याय ठहर्ने छैन ।”[४२]

नेपाली बालसाहित्यमा केही उपन्यासकारहरूले मौलिक उपन्यासहरू लिएर देखा परेका छन् । शेष मानन्धरले **सिरल्की बाखी** (२०३०), मोदनाथ प्रश्रितको

---

[४१] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (भारत! भूकि प्रकाशन, २०५३) पृ. २३ ।

[४२] नरेन्द्र चापागाई (सम्पादक), **पूर्वाञ्चल समालोचना सङ्ग्रह,** (विराटनगर पूर्वाञ्चल साहित्य प्रतिष्ठान), पृ. ३१९ ।

**नानीचोर** (२०३८) उपन्यास र भद्रथापा साबीको **साबु** (२०२२) मौलिक बालउपन्यासका रूपमा रहेका छन् ।

अङ्ग्रेजी उपन्यासबाट नेपालीबाट अनुवाद गरिएका उपन्यासहरूमा विश्वम्भर चञ्चलले अनुवाद गरेको **टमको बहादुरी** (२०३०) र जोनाथन स्विफ्टको **बामपुड्केको देश** (२०३०) जस्ता उपन्यासले बालबालिकाहरूको बालसाहित्यिक कृतिप्रति विशेष आकर्षण बढाई थप योगदान दिएका छन् ।

### ३.२.४. बालनाटक/बालएकाङ्की

बालनाटक बालसाहित्यको एक मुख्य विधा हो । बालनाटक भनेको बालकहरूले बुझ्ने किसिमको भाषामा गरिने जीवनको एक किसिमको नक्कलमा आधारित अभिव्यक्ति हो ।

बालबालिकाहरूले आफ्नो ज्ञान र विवेकको प्रयोग सबैभन्दा पहिले अनुकरण गर्नमा लगाउँछन् । वास्तवमा बालबालिकाहरूले अनुकरण गर्नु एक सहज क्रिया हो । उनीहरूले विभिन्न चराचुरङ्गीहरू तथा गाईबाछा, पाठापाठी, कुखुरा, हाँस र परेवाजस्ता घरमा पालिएका जीवजन्तुका आवाज र क्रियाकलापहरूको अनुकरण पनि गर्ने गर्छन । एकाङ्की र नाटकको सम्बन्ध अनुकरण कार्यसँग पनि रहेकाले बालएकाङ्की एवम् बालनाटक बालबालिकाहरूमा सुषुप्त अवस्थामा विद्यमान प्रतिभाप्रस्फुटनका लागि सशक्त र सबल माध्यम बन्दै आएका छन् ।

"बालबालिकाहरूमा केहीलाई छाडेर आफ्ना शब्दभण्डारको कमी हुनुका साथै वाक्यरचना र भावगुम्फनलाई बुझ्ने क्षमता अत्यन्त कम हुन्छ । त्यसैले बालबालिकाहरूले अध्ययन भन्दा मञ्चित नाटकलाई हेरेर विषयवस्तुलाई बढी सहज र

सरल किसिमले बुझ्ने स्वाभाविक हो । त्यस्ता नाटकले उनीहरूमा उत्कण्ठा, प्रेरणा र जाँगर जाग्रत पारेर सुषुप्त रूपमा रहेका प्रतिभा प्रस्फुटित गर्न मद्दत पुऱ्याउँछन् ।"[४३]

नेपाली बालसाहित्य बालकविता/बालगीत, बालउपन्यास, बालकथा आदिको रचनाका तुलनामा बालनाटक/बालएकाङ्की रचना त्यति धेरै भएको पाइँदैन । यद्यपि यसमा केही स्रष्टाहरूले बालनाटक/बालएकाङ्कीहरूको पनि रचना गरेका छन् । त्यस क्रममा नेपाली बालसाहित्यको इतिहासमा देखापर्ने पहिलो बालनाट्य कृति 'सात थुँगा' (२०३७) हो । यो रमेश विकलद्वारा रचित एकाङ्कीहरूको सँगालो हो ।

नेपाली भाषामा संस्कृत नाटकको अनुवाद गरीएर लेखिएको शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** लाई पहिलो नाटक मानिए तापनि नेपाली भाषामा नै लेखिएको पहिलो एकाङ्की 'सात थुँगालाई' मान्न सकिन्छ ।

बालसाहित्यका अन्यविधाका तुलनामा बालनाटकका क्षेत्रमा खासै अध्ययन भएको पाइदैन । यसका बारेमा केही छिटपुट अध्ययनहरू भएका भेटिन्छन् । "२०३७ सालमा पहिलो नेपाली बालएकाङ्की सङ्ग्रह 'सातथुँङ्गा' प्रकाशित भएको देखिन्छ रमेशविकलद्वारा लिखित एवम् साझा प्रकाशनद्वारा प्रकाशित सो सङ्ग्रहमा **शम्भुदाई निर्दोष छ, देवदूतको मद्दत, किसान र बाघ, गीता भेट्टिई, ऊ हाम्रो साथी हो, सिद्धार्थको करुणा, र नदेखिने दान** शीर्षकका गरी सातवटा एकाङ्कीहरू रहेका छन् । यसपछि गेहेन्द्रमान उदास (पोखरेली) द्वारा लिखित एवम् वि.सं. २०४२ मा प्रकाशित **शाहवंशका पाँच प्रमुख राजाहरूमा** पनि केही नाटक भएको लेखक स्वयम्ले उल्लेख गरेका छन् ।"[४४]

विजय चालिसेद्वारा लिखित र नेपाल बालसाहित्य समाजद्वारा २०५२ सालमा प्रकाशित बालनाटकसङ्ग्रह 'बादलका बुट्टाहरूमा' चारवटा बालनाटक रहेका छन् । त्यस्तै नेपाली बालनाटकका क्षेत्रका चौथो पुस्तकका रूपमा प्रकाशित

---

[४३] प्रमोद प्रधान, **नेपाली बाल साहित्यको इतिहास**, (दो.सं.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, दो.सं. २०६१ ।

[४४] ऐजन ।

भएको छ बालबालिकाहरूका नाटक ! सरुभक्तद्वारा लिखित एवम् रत्न पुस्तक भण्डारबाट वि.सं. २०५३ सालमा प्रकाशित यस बालनाटकसङ्ग्रहमा तीन नाटक रहेका छन् र तीनवटै नाटक पदयात्राको पृष्ठभूमिका लेखिएका छन् ।

वि.सं. २०५८ मा आएर बालनाटकका क्षेत्रमा तीन पुस्तक प्रकाशित छन् पहिलो हो - शारदारमण नेपालको **हाम्रो अभियान**, दोस्रो हो - दिनेश अधिकारीको **जङ्गलको कथा जङ्गलको व्यथा**, तेस्रो हो जयराम रेग्मीको **हामीले पनि पढ्न पाउने भयौं** । एक-एक अङ्क भएको चार दृश्यमा विभाजित **हाम्रो अभियान** नाटकमा संस्कृतिको संरक्षणका नाममा बोझ बन्दै गएका चाडपर्वहरूलाई परम्पराभन्दा भिन्न तरिकाले सुधारेर मनाइनुपर्ने सन्देश दिइएको छ । शारदारमण नेपालकै वि.सं. २०५९ मा प्रकाशित **खलाँती बाजे** नाटकसङ्ग्रहमा सोही शीर्षकका साथै **रमेशसरको जादु** र **कुरैकुरा** शीर्षकका गरी तीन नाटक रहेका ।

पहिलो नेपाली बालनाटक सङ्ग्रहका लेखक रमेश विकलकै वि.सं. २०५९ मा प्रकाशित **अब तिमी नरोऊ किरण** बालनाटक सङ्ग्रह भने सामाजिक विषयवस्तु सरल बोलीचालीको भाषा, बालपात्रपात्रालाई, शिक्षाप्रद एवम् रोचक प्रस्तुति तथा मनोरञ्जनात्मक हुनाका कारण बालबालिका लागि प्रभावकारी हुन पुगेको छ ।

नेपाली बालनाटकको अहिलेसम्मको स्थिति हेर्दा नाटकहरू लेख्दा “मञ्चन” तर्फ ध्यान पुऱ्याएको पाइदैन । ‘लेखन’ एक महत्त्वपूर्ण पक्ष हो भने मञ्चन अर्को महत्त्वपूर्ण पक्ष हो । यथार्थमा नाटक प्रदर्शन भएपछि मात्र त्यसको उपयोगिता र महत्त्व देखिन्छ । त्यसैले बालनाटकको लेखन सङ्गसङ्गै प्रदर्शनतिर पनि ध्यान जानु आवश्यक छ ।

### ३.२.५. बालोपयोगी जीवनी

बालसाहित्यका विभिन्न विधाका माध्यमबाट हामी बालबालिकाहरूलाई प्रेरित र उत्साहित गर्न सक्छौ र "बालोपयोगी जीवनी" पनि यसै मध्येको एक प्रमुख विधाको रूपमा रहेको छ । बालबालिकाहरूजीवनी साहित्य पढ्न रुचाउने भएकाले जीवनी साहित्यको आफ्नै विशिष्ट महत्त्व रहेको छ ।

"नेपाली भाषा प्रकाशिनी समितीले राष्ट्रिय महापुरुषका बालजीवनी सरल भाषामा लेखी बालबालिकाहरूलाई उपलब्ध गराउने विचारपछि मात्र गरेको देखिन्छ । यसक्रममा रामचन्द्र अधिकारीको प्रसिद्ध **आठ महापुरुष** (१९९५) पहिलो बालजीवनी देखिएको छ । पहिलो संस्करण नेपाली कागजमा छापिएको यो पुस्तक २०१७ सालसम्ममा नै आठौं संस्करणमा प्रकाशित भइसकेको देखिन्छ ।[४५]

नेपाली साहित्यको इतिहासतिर ध्यान दिदा प्रथम बालजीवनीका रूपमा चूडामणि बन्धुको महाकवि लक्ष्मीप्रसाद देवकोटा (२०१८), देखि आउँछ भने अरु बालजीवनीहरूमा सूर्यविक्रम ज्ञवालीको **द्रव्यशाहको जीवन चरित्र** (१९३४), **रामशाहको जीवनी** (१९३३ ई.) आदि देखिन आउँछन् । त्यसैले बालसाहित्यका इतिहासमा सूर्यविक्रम ज्ञवालीको योगदानले बालजीवनी विधालाई उर्वर बनाएको पाइन्छ ।

बालसाहित्यको जीवनीविधामा सचेत रूपमा कलम चलाउने काम वि.सं. २०४५ देखि मात्र सुरु भएको देखिन्छ । यसरी सचेत रूपमा कलम चलाउनेमा गोपाल पराजुली अग्रणी देखिन्छन् । यसरी गोपाल पराजुलीको "केही राष्ट्रिय विभूतिहरू"(२०४५), दैवज्ञराज न्यौपानेको "हुने विरुवाको चिल्ला पात" (२०४५), कुमार घिसिङ्गको "गान्धीका कथाहरू", जीवन अधिकारीको "हाम्रा पुर्खा" (२०४७), देवीप्रसाद वनवासीको "असल मान्छे" (२०४७) र "अदभूत मान्छे" (२०५६) जस्ता पुस्तकहरू नेपालबाट प्रकाशित भएका छन् ।

---

[४५] चूडामणि बन्धु र अन्य, **नेपाली बालसाहित्यको सर्वेक्षण,** (कीर्तिपुर : त्रि.वि. २०४२) पृ. ३१ ।

बालसाहित्यमा कविता, कथा, उपन्यास, जीवनीबाहेक निबन्ध, यात्रा संस्मरण एकाङ्की विधाले पनि ठाउँ पाएको छ । केही आचार्यहरूले निबन्ध, संस्मरण आदि विधालाई वर्णन-विवरणमा राखेर हेरेको पाइन्छ ।

"निबन्ध संस्मरण आदि विभिन्न शैलीमा लेखिएका बालसाहित्यलाई वर्णन विवरण अन्तर्गत राखिएको पाइन्छ ।[४६]

बालसाहित्यको विधाका रूपमा रहेको बाल यात्रासंस्मरणमा तेज प्रकाश श्रेष्ठद्वारा लिखित तथा रत्नपुस्तक भण्डारबाट प्रकाशित "चीलगाडीमा सरर" पाँचवटा यात्रासंस्मरणको सँगालोको रूपमा रहेको छ । बालबालिकाहरूलाई नौलो स्वाद चखाउने कोसिस गरेका तेज प्रकाश श्रेष्ठले यस यात्रासंस्मरणात्मक सँगालोमा लेखेका छन् - "नेपालका धार्मिक, ऐतिहासिक महत्वका स्थल लगायत दुर्गम क्षेत्रको यात्रा वृत्तान्त सङ्कलित भएका यस सङ्कलनमा यात्रासंस्मरणहरू १० देखि १२ वर्षका बालबालिकाहरूका लागि ज्ञानवर्द्धक तथा मनोरञ्जक पाठ्यसामग्रीका रूपमा रहेका छन् । सरल भाषा तथा बालपात्रको समावेशद्वारा बाल यात्रासंस्मरणका रूपमा उभिन पुगेको यस कृतिमा बालयात्रासंस्मरणहरूले बालबालिकाहरूलाई नेपालका विविध स्थलका धार्मिक, ऐतिहासिक तथा भौगोलिक ज्ञान प्रदान गर्नका साथसाथै मनोरञ्जन पनि प्रदान गर्ने छन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।[४७] बालसाहित्यका माध्यमबाट विभिन्न भूगोलमा रहने बालबालिकाहरूले धार्मिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक ज्ञान आर्जन गर्न सक्ने कुरा स्पष्ट झल्कन्छ ।

नेपाली भाषा साहित्यमा लेखनाथ पौड्याल, खेचरमणि आ.दी, जयपृथ्वीबहादुर सिंह, शिखरनाथ सुवेदी आदि विद्वान्हरूको महत्त्वपूर्ण योगदान र फुट्कर बालनिबन्धका रचनाकार आनन्देव भट्टको वर्णन विवरणभित्र राखेर हेर्न

---

[४६] ऐजन, पृ. ३२ ।

[४७] शारदा अधिकार (ढकाल), **चीलगाडीमा सरर,** बालसाहित्य १०, (२०५४), पृ. ५४ ।

सकिने बालसाहित्यिक कृतिहरूले नेपाली साहित्यका फाँटमा मलजल थप्ने र सिञ्चित गरी हराभरा बनाउने काम गरेका छन् ।

## ३.३. नेपाली बालसाहित्यको विकास

नेपाली बालसाहित्यको इतिहासलाई नियालेर हेर्ने हो भने यस क्षेत्रमा थुप्रै सर्जकहरूले कलम चलाएको पाइन्छ । "लोकजीवनमा चिरकालदेखि प्रचलित लोककथा, झोलुङ्गे गीत, खेलगीत र सामान्य गीतसम्बन्धित गीत र बालकविताहरू पर्दछन् । लोक बालसाहित्यका यी विधाहरू समाजमा परम्परागत रूपमा हस्तान्तरित हुँदै आएका हुन्छन् र समाजमा आएका नवीनताहरूद्वारा प्रभावित भई कालान्तरमा परिवर्तन पनि हुन्छन् ।"[४८]

जब समाजमा विस्तारै ज्ञान र चेतनाको वृद्धि हुँदै जान्छ र शैक्षिक जागरणको उज्यालो फैलिन थाल्छ, तब बालबालिकाहरूको बौद्धिक मानसिक विकासका लागि लिखित बालसाहित्यको आवश्यकता महसुस हुन्छ ।"[४९]

लोक बालसाहित्यबाट विकसित र विस्तारित बन्दै आएको बालसाहित्य बालक, भाषा र बालसाहित्य बीच त्रिकोणात्मक सम्बन्धको पहिचान गराउँदै आएको हो र सुधारवादी र राजा जयपृथ्वीबहादुर सिंहको सक्रियताबाट रेखदेख पाएर लेखनाथ पौड्यालमा आएपछि थप प्रेरणास्वरूप आधुनिकताका सङ्घारमा टेकी यसले वर्तमानको दौडाईमा सम्भावनाका सौगातहरू दिँदै यो भविष्यतिर आशावादी बनेको देखिन्छ ।

"मौखिक परम्परामा बालसाहित्यको रूप जतिसुकै पुरानो भए पनि लिखित नेपाली बालसाहित्यको थालनी धेरै पछि मात्र भएको देखिन्छ । वास्तवमा नेपाली

---

[४८] चूडामणि बन्धु र अन्य, 'सम्पा.' **नेपाली बालसाहित्यको सर्वेक्षण,** (काठमाडौँः त्रि.वि., २०४२), पृ. ११ ।

[४९] प्रमोद प्रधान, **नेपाली भाषाका लिखित बालसाहित्य : एक सिंहावलोकन,** (२०४५) पृ. ९७ ।

भाषामा बालकहरूलाई पढाउने औपचारिक कार्यको प्रारम्भ श्री ३ महाराज देवशम्सेरको राज्यकाल (१९५७-५८) मा स्थापित भाषा पाठशालाबाट भयो । त्यसैले यस्तो सु-अवसर प्राप्त हुने बित्तिकै वि.सं. १९५८ मा राजा जयपृथ्वीबहादर सिंहको "बालबोध नं. १" प्रकाशित भयो र यो नै आजसम्मकै प्रायः लिखित बालपाठ्य पहिलो पुस्तक हो ।"[५०] बालसाहित्यको ऐतिहासिक स्वरूप चर्चा गर्ने क्रममा जयपृथ्वीबहादुर सिंहद्वारा लिखित (बालबोध नं. १) सम्म पुगेको देखिन्छ ।

"पञ्चतन्त्र", "हितोपदेश", "कथासरित्सागर", "सिहासन बत्तीसी" आदि यस्ता केही कथाकृति छन् जसमा आज पनि बालकहरूको मनलाई आकर्षित गर्ने क्षमता रहेको छ । पञ्चतन्त्रको रचना गर्नाको पछाढि बालसाहित्य निर्माणको नै उद्देश्य थियो भन्ने अनुमान गरीन्छ ।"[५१] बालसाहित्यको बारेमा पञ्चतन्त्रजस्तो पुस्तकलाई पनि एक आधार सामग्रीको रूपमा लिएको देखिन्छ यद्यपि सो पुस्तक बालसाहित्यमा मात्र सीमित छैन ।

"लोक बालसाहित्य युगौंदेखि बालकहरूको मनलाई मनोरञ्जित गर्ने साधन हुनाका साथै आज पनि शाश्वत बालसाहित्यको रूपमा रहेको छ । परिकथाले पनि युगौदेखि बालकहरूलाई मनोञ्जन दिइरहेका छन् । कथा सुन्ने सुनाउने चलन सम्भवतः पहिलो कलात्मक कथ्य विधा हो, जुन मानवसभ्यताको विकास सँगसँगै उत्पन्न भएको हो । स्तरीय साहित्यको विकास सँगसँगै बालसाहित्यको पनि एउटा निश्चित विचारधारा प्रकट गरेर त्यसप्रति विद्वान्हरूले एउटा निश्चित विचारधारा प्रकट गरे र अब यो बालसाहित्यको स्वतन्त्र नामले चिनिन्छ ।"[५२] बालसाहित्यको रूपमा परिकथालाई पनि त्यतिकै समेटेको देखिन्छ ।

[५०] हरिकृष्ण देवसरे, **हिन्दी बालसाहित्य एक अध्ययन** (दिल्ली : आत्माराम एण्ड सन्स, १९६९ ई.) पृ. ५ ।
[५१] ऐजन, पृ. ४ ।
[५२] ऐजन, पृ. ४ ।

"नेपाली भाषामा पठनपाठनको औपचारिक थालनी हुने बित्तिकै वि.सं. १९५८ मा राजा जयपृथ्वीबहादुर सिंहको 'बालबोध' पहिलो भाग प्रकाशित भयो, जुन पुस्तक आजसम्मको लिखित पाठ्यपुस्तकमध्ये पहिलो पुस्तकका रूपमा देखा परेको छ । नेपाली भाषामा ज्यादै रुचि लिने राजा जयपृथ्वीबहादुर सिंहले 'बालबोध' पहिलो भाग लगायत अन्य पुस्तक पनि प्रकाशित गरेका छन् । 'बालबोध' पहिलो भागमा शैक्षिक उद्देश्यबाट प्रेरित पाठका साथै बालसाहित्यतर्फ उत्प्रेरित गर्ने रचना छन् । त्यसैले बालसाहित्यको बीजविन्दु मिर्मिरे बिहानीको घडीमा देखापरेका जयपृथ्वीबहादुर सिंहको 'बालबोध' पहिलो भाग पाठ्यपुस्तककै रूपमा भएपनि नेपाली बालसाहित्यको बीजबिन्दु मान्नुपर्ने देखिन्छ ।"[५३] बालसाहित्यको ऐतिहासिक वीजभूमि जयपृथ्वीबहादुर सिंहद्वारा लिखित बालबोधलाई नै लिएको छ ।

"वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि बाल-पाठ्य सामग्रीको लेखन र प्रकाशनमा संस्थागत प्रयासको थालनी भएको देखिन्छ । यस समितिद्वारा ३२ शीर्षकका विभिन्न पुस्तकहरू प्रकाशित गरिएकोकुरा समितिका अध्यक्ष राममणि आ.दि.ले 'पुरानो सम्झना' पुस्तकमा उल्लेख गरेका छन् । नेपाली गद्य साहित्यलाई आधुनिक रूपका साथै शैक्षिक क्षेत्रमा प्रवेश गराउन यस संस्थामार्फत राममणिले खेलेको भूमिका प्रशंसनीय देखा पर्छ ।"[५४]

गोर्खा भाषा प्रकाशिनी समितिबाट प्रकाशित चक्रपाणि चालिसे, लेखनाथ पौड्याल, रुद्रराज पाण्डे, बदरीनाथ भट्टराई आदिका बालोपयोगी कृतिले नेपाली बालसाहित्यको विकासमा थप योगदान दिएका छन् ।

"नेपाली बालकहरूलाई पढाउनका लागि पाठ्यपुस्तकको नितान्त अभाव भएको अनुभव नेपालभित्र एवम् भारतको दार्जिलिङ्गमा तीब्र रूपमा गरिन थाल्यो ।

---

[५३] चूडामणि बन्धु र अन्य, पूर्ववत, पृ. १२ ।

[५४] प्रमोद प्रधान, 'नेपाली भाषामा लिखित बालसाहित्य : एक सिहवलोकन' **मधुपर्क**, (वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ३५०, २०५५ भदौं), पृ. ९९ ।

दार्जिलिङ्गबाट बालसाहित्य लेखन र बालपाठ्यलेखनमा व्यक्तिगत तथा समूहगत प्रयास भएका छन् । नेपालबाट गोर्खा भाषा प्रकाशिनी समितिले गरेको जस्तो प्रयासलाई नेपाल बाहिर अघि बढाउने काममा भारतको कलकत्तास्थित अन्तर्राष्ट्रिय प्रकाशन संस्था म्याकमिलन एण्ड कम्पनी लागि परेको देखिन्छ ।"[५५] बालसाहित्यको प्रकाशनार्थ नेपाल भित्र र बाहिर आ-आफ्नै ढङ्गले लागेको देखिन्छ ।

"काठमाडौँको भक्तबहादुर बुकसेलद्वारा २००३ सालमा **भक्तबालसाहित्यमाला** का रूपमा बालसाहित्यको प्रकाशन गरिएकोपाइन्छ । यस प्रकाशन मालाको तेस्रो पुस्तक **मर्यादा राम** (२००३) प्रकाशित भएको हो । यसरी २००३ सालदेखि भक्तबहादुर श्रेष्ठको निजी प्रकाशनद्वारा पनि बालसाहित्यका कृति प्रकाशित हुन थालेको पाइन्छ ।"[५६] बालसाहित्यको प्रकाशनमा यो थपिएको एउटा अर्को आयम भएको देखिन्छ ।

यसै प्रकाशनद्वारा पछि 'सरलसाहित्य' भाग (१) र (२) प्रकाशित भए । त्यसपछि काठमाडौंबाट सहयोगी प्रकाशन, रत्न पुस्तक भण्डार, पशुपति पुस्तक भवन र विराटनगरबाट सरस्वती बुक डिपोद्वारा 'हाम्रो साहित्य र ज्ञानमाला' 'नयाँ नेपाली साहित्य', 'नेपाली साहित्य' आदि पुस्तकहरू प्रकाशित भए । ती पुस्तकमा बालसाहित्यका कविता, कथा, जीवनी आदि प्रकाशित छन् ।

२००७ सालपछिका दशकमा पुस्तक प्रकाशकहरू पनि बालसाहित्यको प्रकाशनतर्फ अभिमुख हुन थाले । नेपाली बालसाहित्यको राम्रो प्रकाशन हुने् थाल्यो ।

---

[५५] भिक्टर प्रधान, 'बालसाहित्यको विकासक्रम', **मधुपर्क** (वर्ष २३, अङ्क ६, २०४६), पृ. ८ ।

[५६] भिक्टर प्रधान, नेपाली बालसाहित्यको परिप्रेक्ष्यमा बालकथाकार कृष्णप्रसाद पराजुली, कृष्णप्रसाद पराजुली आस्थाका आयाम, (काठमाडौँ : व्यथा प्रकाशन, २०४६), पृ. ३५३ ।

“२०२५ सालमा बालपुस्तक नेपालको स्थापना भयो । बालबालिकाहरूको पढ्नमा अभिरुचि जगाउने, उनीहरूको बौद्धिक विकास गर्न सहयोग पुऱ्याउने र सरल मूल्यका पुस्तकहरूको प्रकाशन गर्ने यसको उद्देश्य थियो ।”[५७]

“२०२९-३० लाई संसारभरि नै अन्तर्राष्ट्रिय पुस्तक वर्षका रूपमा मनाइयो । यस अन्तर्राष्ट्रिय पुस्तक वर्षले नेपाली बालसाहित्यको लेखन तथा प्रकाशनमा अपूर्व जाँगरणको लहर ल्यायो ।”[५८]

“वि.सं. २०३६ लाई अन्तर्राष्ट्रिय **बालवर्ष** को रूपमा मनाइएपछि बालसाहित्यतर्फ थप जागस्नकता र बालसाहित्यको प्रकाशनमा केही तीब्रता आएको पाइन्छ” नेपाली बालसाहित्यतर्फ सचेत रूपमा पाइला चलाउने पहिलो व्यक्ति महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) हुन् । वि.सं. १९९७ मा प्रकाशित ‘राजकुमार प्रभाकर’ देवकोटाकै प्रथम बालकृति नभई नेपाली भाषामा लेखिएको बालसाहित्यकै प्रथम कृति र पहिलो बालखण्डकाव्य पनि हो ।”[५९]

महाकवि देवकोटाकै **पुतली** (२००९), **सुनको बिहान** (२०१०), **चिल्ला पातहरू** (२०१९), **हाँगासँग कुरा** (२०२६) जस्ता बालकवितासङ्ग्रहले नेपाली बालसाहित्यलाई थप सहयोग प्रदान गरेका छन् ।

“महाकवि देवकोटाले बालककै लागि भनेर बालसाहित्य लेखेकाले र सङ्ख्यात्मक रूपमा उनका कृति बढी भएकाले उनी प्रजातन्त्रउत्तरका एक केन्द्रीय बालकविका रूपमा स्थापित भएका छन् ।”[६०] महाकवि देवकोटाले लेखेका बालसाहित्यमा बालबालिकाहरूलाई उत्सुकता र रोचकतातर्फ डोऱ्याउने कला भएको देखिन्छ ।

---

[५७] चूडामणि बन्धु र अन्य, पूर्ववत्, पृ. १७ ।

[58] ऐजन, पृ. १८ ।

[५९] ऐजन ।

[६०] सीता कटुवाल, **नेपाली बालकविताको अध्ययन,** (अप्रकाशित शोधपत्र, कीर्तिपुर : त्रि.वि. २०५०), पृ. ६८ ।

देवकोटा पछि माधव घिमिरेको आगमनले पनि नेपाली बालसाहित्यको भण्डारलाई फराकिलो बनाएको छ । बालकविता विधाका सिद्धहस्त घिमिरेका **घामपानी** (२०१२), **बालालहरी** (२०२०) र **सुनपंक्षी चरो** (२०५३) मा उनका बालकविताहरू सङ्ग्रहीत छन् । "बालबालिकाहरूको रुचि र मनोभाव उनीहरूको बालभाषाको प्रयोग र मनोरञ्जन पक्षको सूक्ष्म अध्ययन गरी लेखिएका कवि घिमिरेका बालकविताहरू नेपाली साहित्यका महत्त्वपूर्ण प्राप्ति हुन् ।"[६१] घिमिरे बालसाहित्यलाई सूक्ष्म अध्ययनको सामग्रीको रूपमा सिर्जना गरी बालबालिकाहरूको रुचि र मनोभाव उन्मूख भाषाशैलीको छनौट गरी लेखिनु पर्ने धारणा पाइन्छ ।

नेपाली बालसाहित्यका क्षेत्रमा 'नानीका कवि र नानीका कथाकार' भनेर चिनिने कृष्णप्रसाद पराजुलीका **रमाइला नानी** का तीन भाग (२०२२-२०२५) कवितासङ्ग्रह र **सातगेडीको कथा** (२०२७), **सुनौला तीनकुरा** (२०२७), **चार चङ्गेरी** (२०२८), **लुकामारी** (२०३०) **सुनकेस्रा** (२०३५) कथासङ्ग्रह प्रकाशित छन् ।

"पराजुलीका बालकविताहरूमा पाइने भाषिक सरलता, गेयात्मकता, बालमानसिकता अनुकूलको अनुभूति, बालबोली र अनुकरणात्मक शब्दहरूको प्रयोग आदिले उनलाई सफल बालकवि बनाएको छ भने बालहृदय अनुकूल भाषाशैली र बालमनोविज्ञान अनुसार विषयवस्तुको चयन गरिएका उनका बालकथाहरू उत्कृष्ट छन् ।"[६२] यसमा बालसाहित्यको मनोविज्ञान बुझी विषयवस्तुको छनौट गर्नु पर्ने कुरा अभिव्यक्त भए पनि कस्ता किसिमका विषयवस्तु हुन भन्ने कुराको निर्क्योल गरिएको पाइदैन ।

---

[६१] प्रमोद प्रधान, पूर्ववत् ।

[६२] प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको सङ्क्षिप्त विश्लेषणात्मक अध्ययन' **गरिमा,** (पूर्णाङ्क १३७, २०५१ वैशाख), पृ. ३७९ ।

देवकुमारी थापाले दार्जिलिङ्गमा हुँदै बालकथा र बालजीवनीका क्षेत्रमा सचेतताका साथ कलम चलाई **पुण्यात्मा आमा** (२००९), **छ तारा** (२०१०), **दुई जीवनी सङ्ग्रह** र **राम कथा** (२०१३), कथासङ्ग्रह दार्जिलिङ्गबाट र **वरपरबाट** (२०३३), कथासङ्ग्रह काठमाडौँबाट प्रकाशित गरी बालसाहित्यमा महत्त्वपूर्ण योगादन दिएको पाइन्छ । त्यसैगरी अग्रणी बालसाहित्कारका रूपमा देखापरेका परशुप्रधानका **नानीका कथा** (२०३८), **रीताको स्कुल** (२०२९), **सुनको हात्ती** (२०२९), **घामछायाँ** (२०३०), र **सुन्नेलाई सुनको माला** (२०३०), प्रकाशित कृति छन् भने रमेश विकलको **विरानो देशमा** (२०१६), **कथाकुञ्ज** (२०२६) र **तेह्र रमाइला कथा** (२०२९), **एक्काइस रमाइला कथाहरू** (२०३३), पनि प्रकाशित कृतिका रूपमा देखा परेका छन् ।

बालसाहित्यका क्षेत्रमा कलम चलाउने साहित्यकारहरूमा ध्रुव दवाडी, बालकृष्ण पोखरेल, कुलमणि देवकोटा, गौरीनानी प्रधान, चूडामणि वन्धु, बदरीनाथ भट्टराई, यदुनन्दन के.सी., अञ्जनादेवी भट्टराई, शेषनारायण मानन्धर, कमलप्रसाद शर्मा, जीवनलाल सत्याल, विश्वम्भर चञ्चल आदिको नाम पनि उल्लेखनीय रूपमा देखापर्दछ ।

नेपाली बालसाहित्यका फाँटमा २०३६ सालदेखि निरन्तररूपमा कलम चलाइरहेका बालसाहित्यकार शारदारमण नेपाल पनि बालबालिकाहरूको नैतिक चरित्र निर्माण गर्नुका साथै अभिभावक वर्गमा पनि बालबालिकाहरू प्रति सम्मान गर्नु सक्नुपर्छ भन्ने उद्देश्य बोकेर बालसाहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका छन् । २०३६ सालदेखि आजसम्ममा नेपालले थुप्रै बालसाहित्यिक लेख-रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएको देखिन्छ । बालसाहित्यका क्षेत्रमा उनका प्रकाशित कृतिहरू **हात्ती** बालकविता सङ्ग्रह (२०३८), **फूलबारीको चरी** बालकाव्य (२०४४), **यी हाम्रा सन्तमानहरू** बालकाव्य (२०४८), **मान्छेबच्चा बालक म !** बालकविता सङ्ग्रह (२०४९), **जुनतारा**, **दिदीभाइ मिलीजुली**

बालकवितासङ्ग्रह (२०५५), **महाभारत कथा (१)** (२०५५), **महाभारत कथा (२)** बालकथासङ्ग्रह (२०५६), **हजुरबाको थाल** बालकथासङ्ग्रह (२०५८), **हाम्रो अभियान** बालनाटक सङ्ग्रह (२०५८), **खँलाती बाजे** नाटकसङ्ग्रह (२०५९), **अठोट** बाल लघुनाटक सङ्ग्रह (२०६१), **गौथलीको गुँड** निबन्धसङ्ग्रह (२०६०) र **हामीबालबालिका** बालकविता सङ्ग्रह (२०६७) आदि कृतिहरू प्रकाशित गरेका नेपालले बालसाहित्यको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् ।

२०३७ सालमा अन्तर्राष्ट्रिय बालवर्ष मनाइएपछि चित्रकथा जस्ता विधामा पनि साहित्यकारहरूले कलम चलाएर बालबालिकाहरूलाई पठनसामग्रीका अतिरिक्त चित्रसज्जा रङ्गद्वारा आकर्षण गर्नुपर्छ भन्ने चेतना पनि लेखक एवम् प्रकाशकहरूमा हुन गयो । जनकशिक्षा सामग्री केन्द्रले **गणेशको लड्डु** (२०३७) आदि प्रकाशित गरी चित्रकथामा क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएको छ ।

यस्तै सिद्धिचरण श्रेष्ठले पनि बालकविताका इतिहासमा कलम चलाएका छन् । खासगरी फुट्कर कविताहरू **सरल नेपाली साहित्यिक ज्ञानमाला**, **नेपाली साहित्य**, जस्त विविध बालपाठ्यपुस्तकहरूमा प्रकाशित हुनाका साथै **तिरमिरा तारा** (२०४५) प्रकाशनका रूपमा आएका छन् । रामबाबु सुवेदीका **बाँ बाँ बाच्छी** (२०४४), **भँगेरी** (२०५१), **तारावाजी लै लै** (सम्पा.) (२०५९), **धान्द्रुक झलल** (२०५९) र **आमा जस्ती गुरुमा** (२०६०) लगायत थुप्रै कृतिहरू प्रकाशित भएका छन् । त्यस्तै बालसाहित्यका क्षेत्रमा देखिने अर्का साहित्याकार चुडामणि वन्धुद्वारा लिखित **बालरामायण** (२०६१), बालकाव्यले बालबालिकाहरूका लागि रोचकता प्रस्तुत गरेको देखिन्छ । जुन काव्य नेपाली र अङ्ग्रेजी भाषामा लिखित मिथिला चित्रकलासहितको सीता र रामको कथामा आधारित बाल काव्य हो ।

बालकथाका क्षेत्रमा जनकप्रसाद हुमागाईँको **गोकुलकी आमा कसरी निको भइन** (२०३६), **गुनिला पाँच कथा** (२०४१), **बा-आमाको माया** (२०४३), देवीप्रसाद वनवासीको **फूलपाती** (२०४०), **चुभुर-चुभुर** (२०४२), गोपीकृष्ण

शर्माको **पौराणिक बालकथा** (२०४४), रमेश विकलका **केही मूर्खहरूको कथा** (२०४५), **दिलमाया** (२०४५), **हिउँदे छुट्टी** (२०४९), विश्वम्भर चञ्चलको **पञ्चैबाजा** (२०३०), **जादुको बाकस** (२०५९), **बलभन्दा बुद्धि ठूलो** (२०६०) जस्ता बालकथा सङ्ग्रहले पनि बालकथा विधालाई मलजल थपेका पाइन्छ ।

"चित्रकथाको प्रस्तुति शान्तदास मानन्धर, लक्ष्मी गुरागाई, मिलन शाक्य, भूषण न्यौपाने, सुबोध प्रधान, गेहेन्द्र भूषण पोखरेली, मोहनप्रसाद घिमिरेका क्षमता बालपत्रिकामा झल्किएका छन् भने अन्य सामग्रीलाई पनि कुलमानसिंह, के कर्माचार्य, शान्तदास मानन्धर, मिलन शाक्य, एकाराम सिंह, उज्ज्वल कुन्दन ज्यापू, वीरेन्द्र प्रतापसिंह, राजमान महर्जन, विष्णु श्रेष्ठ आदिका चित्रकथाले सजीव तुल्याएका छन् ।"[६३]

नेपाली बालसाहित्यमा निबन्ध विधामा पनि विभिन्न साहित्यकारहरूले कलम चलाएका देखिन्छन् । कृष्णप्रसाद पराजुलीको **फूलपात** (२०४४), गोपीकृष्ण शर्माको **सरल निबन्ध परिचय** (२०४८), राम्रा बालनिबन्ध सङ्ग्रह हुन् । गोपाल पराजुलीको **नानीको बानी** (२०५३), शारदारमण नेपालको **गौथलीको गुँड** (२०६०), लालगोपाल सुवेदीको **नानीका निबन्ध र चिठी** (२०६१) बाल निबन्ध सङ्ग्रहरू प्रकाशित छन् । बालकोसेलीबाट प्रकाशित पृथ्वीको कथाले आत्मपरक निबन्ध र चौध चौपायाले वस्तुपरक निबन्ध प्रस्तुत गरेका छन् । तेज प्रकाश श्रेष्ठको **हात्ती लस्क्यो** (२०५५) यात्रा निबन्ध निस्केको छ । जनकप्रसाद हुमागाई आदिका बालनिबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन् ।

अन्यस्तरहरूबाट पनि नेपालीमा विभिन्न भाषाका कथाहरू अनुवाद गरीएका छन् । कलममणि दीक्षितको 'सान्बावुका चराहरू' बङ्गलाबाट अनूदित

---

[६३] जीवेन्द्रदेव गिरी, 'नेपाली बालपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान', **प्रलेस**, (वर्ष ४५, १० माघ-चैत, २०५४), पृ. १०७ ।

बालउपन्यास हो । रमेश विकलको 'गुलिभरको लिलपुट यात्रा' जस्ता रोचक कथा पनि नेपालीमा अनुवाद गरिएकोकथा हो ।

यस प्रकार कथाकार, कवि, निबन्धकार, संस्करणका साथै पत्रपत्रिका रेडियो, टेलिभिजन आदिका महत्वपूर्ण सहयोगले नेपाली बालसाहित्यको विकास द्रुतत्तर रूपमा अगाडि बढिरहेको छ ।

## ३.४. निष्कर्ष

बाल साहित्यको सैद्धान्तिक स्वरूपको अध्ययन र विश्लेषणबाट यस प्रकारको निष्कर्ष पाउन सकिन्छ । बालबालिकाहरू काँचो माटो भएको हुँदा उनीहरूलाई बाल्य अवस्थामा जेजस्ता कुराहरू सिकाइन्छ त्यो छाप अमिट बन्न पुग्दछ । बालबालिकाहरूमा नयाँ कुरा बुझ्न, जान्न र सिक्न उत्सुक र जिज्ञासु स्वभाव रहेको हुन्छ । यस अवस्थामा मानसिक एवम् बौद्धिक विकासको साथै चौतर्फी विकासका सम्भावनाहरूको ढोका खुल्ने समय हो । बालबालिकाहरूमा बालकथा, बालकविता, बालउपन्यास, जीवनी, निबन्ध र प्रबन्धजस्ता विधाहरू बालबालिकाहरूको क्षमता रुचिअनुसार भएमा उनीहरूको चौतर्फी मानसिक विकास हुन्छ । माथि उल्लिखित विधाहरूमा भाषा सरल, सहज र सुबोध्य हुनु पर्दछ । सरल भाषा र बालबोध्य ज्ञानवर्द्धक बालसाहित्यका माध्यमले बालबालिकारूमा धटनाका परिवेशले बालबालिकाको बालमस्तिष्कमा प्रभाव पार्ने हुँदा सकारात्मक चिन्तन निर्माण गर्नका लागि उचित हुने सामग्री स्रष्टाहरूले पस्कनु पर्ने देखिन्छ । यस्ता बालसाहित्यिक कृतिका माध्यमबाट बालबालिकाहरूमा सामाजिक भावनाको विकासका साथ नैतिक र चरित्रवान भविष्यप्रति सचेत बन्नका लागि महत्त्वपूर्ण भूमिका रहन्छ । बालसाहित्यप्रति समर्पित विद्वान्हरूको विचारका आधारमा पनि बालसाहित्यको निष्कर्ष यही नै हो ।

# अध्याय चार

# रामप्रसाद ज्ञवालीको बालआख्यानात्मक कृतिहरूको अध्ययन

## ४.१. परिचय

रामप्रसाद ज्ञवाली बाल साहित्यमा पनि चर्चित स्रष्टा हुन् । उनले बालमनोविज्ञानमा आधारित भएर बालबालिकाको उमेर, रुचि र पूर्व ज्ञानलाई समेत ध्यानमा राखी बालसाहित्यको रचना गरेको पाइन्छ । फुटकर रूपमा बालकविता, बालगीतबाट लेखन आरम्भ गरेका ज्ञवालीले हालसम्म बालगीत, बालकविता, बालकथा, बालनाटक, बालनिबन्ध, जीवनीमा आधारित बालउपन्यास लेखेका छन् । उनका अनेक बालगीत, बालकविता, बालकथा र बालनाटक निजी स्तरबाट लेखिएका विभिन्न विद्यालय स्तरीय विभिन्न पाट्यपुस्तकहरूमा पाइन्छन् । कक्षा एकदेखि कक्षा सातसम्म हुने नेपाली विषयक पाठ्यपुस्तकहरुमा समावेश गरिएका उनका बालरचनाहरूको सङ्ख्या करीव दुई दर्जन छन् । पुस्तकाकार कृतिका रूपमा भने उनका बालकथा, बालनाटक र जीवनीपरक बालउपन्यास मात्र प्रकाशित छन् । बालसाहित्यका क्षेत्रमा हालसम्म प्रकाशित उनका कृतिहरू हुन् ।

१. सानी परेवी र बाज (सचित्र बालकथा, २०६१)

२. आहा! कति मिठो खीर! (सचित्र बालकथा, २०६५)

३. कालाजादुको कथा (सचित्र बालकथा, २०६५)

४. दयालु भावना (सचित्र बालकथा, २०६६)

५. रमेश विकल (औपन्यासिक जीवनी, २०६७)

उपर्युक्त कृतिहरूका आधारमा हेर्दा बालसाहित्यकार ज्ञवालीको मुख्य रचना कर्म बालआख्यानमा बढी रहेको देखिन्छ । प्रस्तुत शोधमा उनका बालआख्यानलाई

लिएर अध्ययन गर्ने उद्देश्य अनुरूप उनका बालआख्यान केन्द्रित कृतिहरूको कृतिपरक अध्ययन गरिएको छ ।

## ४.२. सानीपरेवी र वाज

### ४.२.१. कथानक

'सानीपरेवी र बाज' रामप्रसाद ज्ञवालीको पहिलो प्रकाशित बालकथाको कृति हो । यो सचित्रबालकथाका रूपमा प्रस्तुत गरिएको छ । यस कथाको कथावस्तु मिश्रित प्रकारको रहेको छ । जसमा पौराणिक कथामा काल्पनिक घटनाक्रम जोडेर तयार पारिएको छ । यस कथामा परेवा र बाज मानवेतर पात्र हुन् । यसको कथानक यिनै दुई पात्रमा केन्द्रित छ । आम मानव स्वभावका राम्रा र नराम्रा पक्षलाई यथार्थपरक ढंगबाट प्रस्तुत गरिएको छ । लघु आकारको यस कृतिमा कथ्य कथाकारले कथ्य विषयवस्तु प्रस्तुतिका लागि मानवेतर पात्रको संयोजनमा घटना घटाउँदै कथाको कथावस्तु अगाडि बढाएका छन । कथानक काठमाडौँ उपत्यकामा घटेको देखिन्छ । आमा परेवी, बाबु परेवा र सानी परेवी बस्छन् । एक दिन बाबु आमालाई नसोधि राम्रा लुगा, रङ्गीन चस्मा, टाई र रिबन र  चुइँचुइँ बज्ने जुत्ता लगाएर मोवाइल फोन हातमा लिएर सानी परेवी घुम्न निस्कन्छे । आकासबाट काठमाडौँका खेत डाँडाकाँडा हरियाली र घरहरू हेर्दै केही समयको उडान पछि सानी परेवी थाक्छे र विश्रामका निम्ति खेतमा पुग्छे । त्यहाँ उसले एउटा अनौठो जालभित्र स्वादिलो खानेकुरा देख्छे । जालभित्र रहेको खानेकुरा खानका लागि जालतिर जान्छे । त्यो जाल सिकारीले चराहरूलाई जालमा पार्न थापेको हुन्छ । ऊ जालमा पुग्ने बेला उसले एक मोटो र मायालु आवाज सुन्छे । त्यो मोटो आवाजमा जालतिर नजानका लागि उसलाई सतर्क गराइन्छ । सतर्क गराउने पात्र बाज हुन्छ । बाज जालमा फसेको हुन्छ ।  सानी परेवीलाई बच्न आग्रह गर्छ । परेवीले बाजलाई धन्यवाद दिदै ढुङ्गा ल्याई त्यसैमा राखी जाल काटी बाजलाई जालबाट छुटाउछे । बाज जालबाट छुटेपश्चात् परेवीले

आफूले दूध, घिउ, दही, कुराउनी र आईसक्रिम खाएर बलियो भएको कुरा बाजलाई बताउछे । बाजले परेवीको गुण बिर्सन्छ र मोटी खाइलाग्दी सानी परेवीलाई खाने षड्यन्त्रमा लाग्दछ । गुनको बदला बैगुनले तिर्नु पर्छ भन्ने मान्यता बाजले अगाडि सार्दछ । सानी परेवी डराउछे, आफूलाई नखान बाजसँग बिन्ती गर्छे । आफूले बाजलाई मृत्युबाट बचाएको हुँदा बाजले कृतज्ञ हुनु पर्छ भनेर कर्तव्य बोध गराउन खोज्छे तर बाज मान्दैन । त्यसपछि सानी परेवीले बुद्धि लगाउँछे र गुनलाई गुनले तिर्नु पर्छ वा गुण गर्नेलाई बैगुन गर्नु पर्छ भन्ने सर्त राखि विभिन्न व्याक्ति पात्रहरुलाई सोधेर निधो गर्ने कुरामा बाजी राख्छन ।

सानी परेवीले बाजलाई छलेर मोवाइलबाट आमा बालाई फोन गर्छे, आफू सङ्कटमा परेको बताउछे र संपूर्ण अवस्था अवगत गराउछे । आमा बाबु परेवाले उसलाई धैर्य र बुद्धिपूर्वक काम गर्न र बाजलाई कुरामा अल्मल्याउँदै गर्ने सल्लाह दिन्छन् भने आफूहरू कौवा मामालाई लिएर आई हाल्ने र बाजबाट उसलाई बचाउने कुरा गर्छन् । बाजीमा राखिएको सर्त अनुसार सानी परेवी र बाज विभिन्न ठाउँ र पात्रसम्म पुग्छन् । जंगल, बाग्मती र बूढी गाईलाई प्रश्न सोद्धछन् । उनीहरूबाट सानी परेवीको पक्षमा उत्तर आउँदैन । सबै पात्रहरू धोका खाएर दुःखी हुन्छन् । त्यसैले सबैले नराम्रो गर्दछन र यो संसारमा गुन गर्ने भन्दा बैगुन गर्ने स्वार्थी धेरै छन् भन्ने उत्तर दिन्छन । जो सित सोद्धा पनि यस्तै उत्तर आएको हुन्छ । सर्तमा सानी परेवीले हारेको हुनाले बाजले सानी परेवीलाई काठमाडौँको सिफलमा ल्याएर खाने योजना गर्छ र सिफलको जंगलमा ल्याउछ तर सानी परेवीले बठ्याइँ पूर्वक बाबु आमा र काग मामालाई फोन मार्फत् त्यहीँ बोलाउँछे । काग मामा ज्यादै चलाख हुन्छ उसले बाजलाई अल्मल्याएर त्यहीँ राख्छे । कागको चलाखिले सानी परेवी बाच्न सफल हुन्छे । बाज पुनः जालमा थुनिन पुग्दछ । बाजलाई सम्पूर्ण परेवा र काग मिलेर ठुंगी-ठुंगी मार्दछन् । यही घटनामा आएर प्रस्तुत सचित्र बालकथाको कथानकको अन्त्य भएको छ ।

प्रस्तुत कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा बिकसित भएको छ । आख्यान मानवेतर प्राणीको भए पनि कथ्य मान्छेका चाहना, प्रवृत्ति, कर्म र नैतिकतामा आधारित देखिन्छ । पुराणमा जालमा परेको सिंहलाई जाल काटेर वचाउने मुसोको कथा पाइन्छ । यसमा त्यस आख्यानलाई नवीन स्वरूपमा नवकल्पना साथ नवीन पात्रमा नितान्त फरक ढङ्ले रूपान्तरण गरेर प्रस्तुत गरिएको देखिन्छ । प्रस्तुत आख्यानगत धटनाका माध्यामबाट कथाकारले उपदेश नदिइकन धेरै ज्ञानगुनका र कर्म मानवीय प्रबृत्तिका कुरा प्रस्तुत गरेका छन् । बच्चाहरू चन्चल, घुमफिर गर्न रूचाउने र आमा बालाई नसोधी हिडिदिने जसलाई पनि माया र विश्वास गर्ने तथा जिज्ञासु र कल्पनाशील स्वभावका हुन्छन् भन्ने कुरा सानी परेवीको घटनाबाट देखाइएको छ । सहरको प्रदूषणका दृश्य बाग्मतीको अवस्थाबाट वनजंगलको विनासको अवस्था जंगलको स्वरूप मानिसको स्वभावले, बूढीगाईले भोग्नु परेको अपमान र दुःख देखाउन पनि यहाँको आख्यान सहायक बनेको छ । कथामा कथाकारले मानवताबादको वकालत गरेका छन् । यस संसारमा मानवता भन्ने कुरा सबै भन्दा ठूलो कुरा हो । कसैले पनि गुनको वदला बैगुनले तिर्नु हुदैन । राम्रो काम गर्नेको प्रशंसा र नराम्रो काम गर्नेलाई डण्डको व्यवस्था गर्नु पर्दछ तर नराम्रो काम गर्नेलाई उक्साउने, ठूलो बनाउने प्रवृत्तिको अन्त्य गर्नु पर्दछ । बल भन्दा बुद्धि नै सर्वश्रेष्ठ कुरा हो जुन कुरा सानी परेवी र कागको बठ्याइँबाट प्रमाणित हुन्छ । त्यसैले आफू बलियो छु, जान्ने छु, मैले भनेको सबैले मान्नु पर्छ भन्ने मान्यताबाट हामी सबै टाढा रहनुपर्छ भन्ने कुरा बताउने गरी प्रस्तुत कथानक समाप्त हुन्छ ।

### ४.२.२ चरित्र चित्रण

**'सानीपरेवी र बाज'** धटना प्रधान कथा हो । यसमा मानवेतर पत्रहरूमा मानवीय प्रवृत्तिको आरोहण गरी चरित्र चित्रण गरिएको छ । यसमा मुख्य पात्रका

रूपमा सानी परेवी र बाज रहेका छन भने गौण पात्रका रूपमा आमा परेवी, बाबु परेवा, कौवा मामा बाग्मती नदी र बूढीगाई रहेका छन् । यी सबै पात्र तृतीय दृष्टिविन्दुका रूपमा चित्रित छन् ।

**क) सानी परेवी**

सानी परेवी प्रस्तुत कृतिको मुख्य पात्र हो । यसलाई बालपात्रका रूपमा चित्रण गरिएको छ । यो बालजिज्ञासा भएकी, मायालु र भ्रमण गर्न घुम्न मन पराउने बालपात्र हो । आमा र बालाई नसोधी घुम्न निस्कने यस पात्रमा कथाकारले केटाकेटीका रूचि, स्वभाव, कल्पनाशीलता र चतुऱ्याइँ आदिको प्रारूपीकरण गरेका छन् । टाई, जुत्ता, फ्रक लगाएर चिरिच्याट्ट परी साथमा मोवाइल फोन पनि लिएर यो पत्र काठमाडौं उपत्यकाको सैर गर्न हिड्छे । प्रकृतिको सौन्दर्य र विविधताले चमत्कृत हुन्छे । जालमा परेको बाजको दुखेसो सुनेर पग्लन्छे । बाजमाथि दया गर्दै उसलाई जालबाट मुक्त पार्छे । यस घटना र उसको कार्यबाट उसको चरित्र एकतिर दयालु देखिन्छ भने अर्कोतिर बुद्दिमान पनि । जब बाजले गुनको बदलामा बैगुनी व्यवहार गर्छ र कृतज्ञ हुनुको साटो कृतध्न भई उसलाई नै खान खोज्छ । तब सानी परेवीमा बालकल्पनाशीलता र चतुऱ्याइँ देखा पर्छ । उसले बाजसंग तर्क गरेको छ । तर्कले बाजको मन परिवर्तन गर्न नसके पछि आफू बच्न सर्त राखेर विभिन्न पात्रलाई सोध्दै हिडेको छ । यसक्रममा उसको चरित्र तर्कशील बालपात्रका रूपमा देखा पर्छ । जव बाग्मती नदी र बूढीगाई दुवैले संसारको प्रचलन धेरै मात्रामा कृतघ्न प्रवृत्तिको छ र स्वार्थ पूरा गर्ने किसिमको छ भन्ने कुरा मान्छेहरूले आफूमाथि गुनको बदला बैगुन गरेका घटना सन्दर्भ बताउदै भन्छन तव उसमा धैर्य, चतुऱ्याइँ र तात्क्षाणिक बौद्धिकता देखा पर्छ । उसले बाजलाई छलेर घरमा फोन गर्छे । आमा परेवीले

केही समय बाजलाई अल्मल्याई राख्न सल्लाह दिए पछि सिफलको इतिहास, सहिदको इतिहास आदिका बारेमा प्रश्न गर्दै बाजलाई अल्मल्याईरहन सफल बन्छे । उसको चतुऱ्याइँकै कारण बाज उसका प्रश्नहरूमा अल्मलिइरहन्छ र कौवा मामा सहित उसका आमा बा आएर अन्त्यमा उसलाई बाजबाट बचाउछन् । उसको जिन्दगी जोगिन्छ । यी घटना र कृयाकलापमा उसको चरित्र बुद्धिमान धैर्यशील, तर्कशील र साहसी बालपात्रका रूपमा रहेको छ ।

सारतः सानी परेवी प्रस्तुत कथाको बालनायिका हो । यो बद्ध पात्र हो । यसमा बाल स्वभावगत चञ्चलता जिज्ञासा, रहर, प्रश्नशीलता, तर्कशीलता, धैर्य र साहस जस्ता गुण पाइन्छन् । तृतीय पुरुष दृष्टिविन्दुका रूपमा रहेको यस पात्रको विधान पूर्णतः काल्पनिक स्वरूपमा छ तर त्यसमा मानवीय बालप्रवृत्ति र बालचरित्रको प्रारूपीकरण भएको छ ।

**ख) बाज**

बाज प्रस्तुत कथाको खलचरित्र हो । तृतीय दृष्टिविन्दुमा प्रस्तुत यो पात्र पनि बद्ध पात्रका रूपमा रहेको छ । सुरूमा यो पात्र सिकारीको जालमा फसेर मृत्यु पर्खिरहेको अवस्थामा छ । सानी परेवी पनि अर्को जालमा फस्न लागेको देखे पछि यसले उसलाई सचेत गराउँछ र जालमा फस्नबाट बचाउछ । यहाँ उसको चरित्र दयालु र परोपकारी किसिमको देखिन्छ तर सानी परेवीले उसलाई जाल काटेर मुक्त गरी बचाए पछि भने ऊ क्रूर खलपात्रका रूपमा परिवर्तित हुन्छ । आफूलाई मृत्युबाट जोगाउने सानी परेवीलाई खान खोज्नु र सानी परेवीका आँसुले नपग्लनुले ऊ कठोर, क्रूर, निर्दयी तथा कृतघ्न चरित्रको देखिन्छ । सानी परेवीको तर्कशीलताबाट डोऱ्याइँदै गएको र सानी परेवीको भित्री योजना पहिल्याउन नसक्ने उसको क्षमतामा ऊ बुद्धि नभएको पात्र देखिन्छ । उसको चरित्रमा मान्छेका क्रूर, स्वार्थी, निर्दयी र कृतघ्न चरित्रको प्रारूपीकरण

गरिएको छ । मानवेत्तर पात्र भए पनि यिनै दुष्प्रवृत्तिको प्रतिनिधित्व गर्ने पात्र भएकाले यस पात्रमा खलताको चरित्र चित्रण पाइन्छ । दुष्टताको उत्कर्षमा रहेको यो पात्र अन्त्यमा दण्डित भएको छ । कौवा मामा र अन्य पात्रहरुबाट पूनः जालमा फस्न गई यसले मृत्युको दण्ड पाएको छ । दुष्टको दुःखद् अन्त्य हुने गर्छ भन्ने सन्देश प्रवाह गर्नका निम्ति यस पात्रको जीवन चरित्र र दुःखान्त सहायक बनेका छन । यो दुष्ट चरित्र भएका व्यक्तिहरूको प्रतिनिधि पात्र हो ।

**ग) अन्य**

**'सानीपरेवी र बाजका'** अन्य पात्रहरुमा कौवा मामा विशेष छ । यसले सानी परेवीलाई बाजको पन्जाबाट जोगाउन चलाखीपूर्ण तथा तर्क र बुद्धिको विशेष प्रयोग गरेको छ । बाजलाई पूनः जालभित्र जानका लागि तयार पार्न उसले गरेका तर्क सफल भएका छन् र जालभित्र फसाई सके पछि बाजलाई दण्डित गर्न पनि उसैले नेतृत्व गरेको छ । यस पात्रका माध्यामबाट आफन्त नै आफन्तको काम लाग्छन भन्ने सन्देश मिल्छ भने सङ्कटका क्षणमा आत्तिएर नभई धैर्यपूर्वक सोचेर काम गर्न सकिएमा सङ्कटबाट मुक्ति पाउन सकिन्छ भन्ने कुरा बुझ्न पनि सहयोग मिल्छ । यो मानवेत्तर पात्र भए पनि यसमा चलाख, सहासी र बुद्धिमान मान्छेको कुशल गुणहरूको प्रारूपीकरण भएको छ । तृतीय पुरुष दृष्टिविन्दुमा प्रस्तुत यो पात्र लेखकीय कल्पनाशीलताकै प्रतिविम्ब र बद्धचरित्र देखिन्छ । बाग्मती नदी पनि मानवेतर पात्र हो । त्यस पात्रका माध्यमबाट कथाकारले वातावरणीय प्रदूषण प्रति सम्वेदनशीलता प्रस्तुत गर्नुका साथै वनविनाश र वातावरणीय प्रदुषण वढाएर सहरलाई कुरूप, फोहर तथा नदीनालालाई पानी रहित र दुर्गन्धित पार्ने सभ्य भनाउदा मानिसहरूप्रति व्यङ्ग्य गरिएको छ । यो पात्र दुःखी धरतीको प्रतिनिधि पनि हो । अविवेकी मानव जातले ध्वस्त पारिएको प्रकृतिको प्रतीक पनि हो । प्रस्तुत कथामा यस पात्रले अधिकांश

मानिसको प्रवृत्ति बैगुनी हुन्छ भन्ने कुरा सानी परेवीको प्रश्नको उत्तरमा भनेको छ । यसका माध्यामबाट मान्छेको अविवेकी अदूरदर्शी र कृतघ्न प्रवृत्तिको उद्घाटन गरिएको छ । यो पात्र पनि कविद्वारा र सन्देशमूलक चरित्रमा चित्रित छ ।

सिफलको बूढीगाई पनि बद्ध तृतीय पुरुष दृष्टिविन्दुमा आधारित र प्रतीक पात्र हो । उमेर, बल र दूध दिने क्षमता रहुन्जेल मान्छेले उसलाई माया गरेका तर दूध दिन नसक्ने र बूढी भएपछि घरबाट निकालिदिएको कुरा बताउदै मृत्यु कुरेर बस्न विवश भएको आफ्नो अवस्था बताउने यस गाईका माध्यमबाट कथाकारले निर्दयी र कृतघ्न मानिसको चरम स्वार्थी र चरम अवसरवादी प्रवृत्तिको उद्घाटन गरेका छन् । सानी परेवीका प्रश्नमा गाईले दिएका उत्तरहरूबाट यही कुरा प्रमाणित हुन्छ । गाई सोझो, उपकारी, गुणी तथा दुष्ट मान्छेबाट सातईएको रोगी र जीवनको अन्तिम घडी पर्खिरहेको कारूणिक पात्रका रूपमा चित्रित छ । मानवीय मूल्यको रक्षाका निम्ति सन्देश प्रवाह गर्ने पात्रका रूपमा पनि यसलाई लिन सकिन्छ भने बुढौली लागेको अभिभावक जो सन्तानद्वारा तिरस्कृत भई कारूणिक जीवन बिताउन बाध्य छन् । तीनको प्रतिनिधित्व गर्ने पात्रका रूपमा पनि यसलाई लिन सकिन्छ ।

आमा परेवी र बाबा परेवाको चरित्र सामान्य छ । छोरीप्रति प्रगाढ बात्सल्य भएका बाबुआमाका रूपमा यिनको चरित्र रहेको छ । छोरी परेवीलाई बाजले खान खोज्दै छ भन्ने सुन्दा उत्पन्न आकुल व्याकूलतालाई धैर्यमा रूपान्तरण गरी सानी परेवीलाई धैर्य, साहस, चतुऱ्याइँको उपयोग गर्न र आफूहरू नआईपुग्दा सम्म बाजलाई कुरैकुरामा अल्मल्याई राख्न सुझाव दिनुले यी पात्रमा धैर्यशील र बुद्धिमान चरित्र देखा पर्छ । यी पात्र पनि कविकल्पित, बद्ध, तृतीय पुरुष दृष्टिविन्दुका रूपमा रहेका चरित्र हुन ।

यसरी हेर्दा सानी परेवी र बाजका पात्रहरुको चयन र चरित्र चित्रणमा कथाकारको कल्पना, योजना र सिर्जनशीलताको मुख्य भूमिका रहेको पाइन्छ । यी चरित्रमा एकातिर मानवीय प्रबृत्तिको आरोपण छ भने अर्कातिर मानवीय स्वभाव र कृतघ्नताको प्रारूपिकरण पनि छ । यी सबै पात्र बद्ध, काल्पनिक हुँदाहुँदै पनि प्रतिनिधिमूलक र प्रतीकात्मक तथा तृतीय दृष्टिविन्दुमा रहेका देखिन्छन् ।

### ४.२.३. कथोपकथन

पात्रपात्र बीचको विचार, भावना, क्रोध, प्रेम आदि मनोरागहरूलाई व्यक्त गर्नका लागि प्रयुक्त पारस्परिक कुराकानी नै संवाद हो । संवादको जति महत्त्व नाटक एकाङ्कीमा रहन्छ आख्यानमा त्यति महत्त्व रहँदैन तर पनि कथामा पनि संवाद प्रस्तुत गर्ने गर्दछन् । जसमा बोलीचालीको भाषा नाटकीयता आदि हुने गर्दछन् । यस दृष्टिले हेर्दा संवादको प्रयोगले पूरै कथाको रहस्योद्घाटन गर्न सकेकाले संवादको उचित प्रयोग रहेको छ । संवादको प्रयोग नाटकीय शैलीमा भएको छ ।

### ४.२.४. द्वन्द्व

यस कथामा आन्तरिक र बाहय द्वन्द्वको प्रयोग भएको छ । आन्तरिक द्वन्द्वको फलरूवरुप बाज पूनः जालमा परेको छ । बाह्य द्वन्द्वका कारण सानी परेवीले ज्यान बचाएकी छ भने बाजले ज्यान गुमाउन पुगेको छ ।

### ४.२.५. परिवेश

यस कथाको परिवेश काठमाडौँको सेरोफेरोलाई आधार मानेर कथा तयार पारिएको छ । काठमाडौँ भित्र रहेको सहर, जंगल, पहाड, खेत, सिफल आदि

ठाउँहरूलाई परिवेशका रूपमा देखाउन खोजिएको छ । घुम्दै जाने क्रममा वनजंगलमा पनि पुगेका छन् भने वनजंगलबाट फर्के पछि सहरको मनोरम दृश्यहरू देखेर सानी परेवी असाध्यै खुसी रहेको पाइन्छ । सिफलमा पुगेपछि बाजले सानी परेवीलाई खान खोजेपछि आफ्नो चतुऱ्याइँले आमा बा काग मामालाई मोवाइल फोनबाट बोलाएर आफू बाच्न सफल भई बाजलाई पूनः जालमा पारी मार्न सफल भएको परिवेश कथामा रहेको छ ।

### ४.२.६. भाषाशैली

मानिसका विचारको अभिव्यक्तिको माध्याम भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग शैली हो । आख्यानको अङ्गहरू मध्ये महत्त्वपूर्ण अङ्ग नै भाषाशैली हो । भाषाशैलीविना कथानक एक कदम पनि अगाडि बढदैन । सानी परेवी र बाजको कथामा सन्दर्भ अनुरूप भाषा देखाइएको छ । लेखको भाषा वर्णानात्मक लेख्य भाषा मिठासपूर्ण रहेको छ । जसको माध्यामबाट कथा पढ्दै जाँदा कुतूहलता बढ्दै जान्छ । सन्दर्भ अनुरूप भाषा देखाउने काम भएको छ । बालमनोविज्ञानमा आधारित रहेर कथालाई अगाडि बढाइएको छ । सरल, सहज, सुबोध्य र बालसुलभता पाइन्छ । कथ्य भाषा भन्दा लेख्य भाषाकै अधिक प्रयोग भएको र वाक्य गठन छोटो छरितो हुनुका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले भाषाशैली मिठो भएको छ । विम्व, प्रतीक र अलङ्कारको प्रयोगले कथा अरू रोचक बनेको छ । नाटकीय संवादको प्रयोगले भाषाशैली थप रोचकता भएको आभास हुन्छ ।

### ४.२.७. सन्देश

कुनै पनि रचना सन्देश नभएको हुदैन । लेखकीय विचार नै सन्देश बनेको हुन्छ । अझ बालआख्यानात्मक कृतिमा पूर्वीय मान्यता अनुसार मनोरन्जनका

साथै शिक्षा पनि हुनु पर्ने मान्यता रहेकोले बालआख्यानको महत्त्वपूर्ण अङ्ग सन्देश पनि हो । प्रस्तुत सानी परेवी र बाज कथामा लेखकीय बिचार नै सन्देश बनेर आएको छ । गुनको बदला गुन र बैगुनको बदला बैगुनले नै तिर्नु पर्छ भन्ने मान्यताका साथै मानवतावादको स्थापना गर्नु यस कथाको सन्देश रहेको छ ।

## ४.३ आहा! कति मिठो खीर!

### ४.३.१. कथानक

आहा! कति मिठो खीर! ज्ञवालीको सचित्र बालकथा हो । कथाको विषयवस्तुको रूपमा ढेडूबाँदरले अनायासै रूपमा बनाएको खीरको रोचक प्रस्तुति रहेको छ । कथावस्तुको विकासका लागि मानव पात्र आमा मीना र मानवेतर पात्र ढेडूबाँदरको योजनामा घटना घटाई कथावस्तुको विकास गराउन कथाकार सफल रहेका छन । आहा! कति मिठो खीर! कथाको कथासार यस प्रकार छ :

मीनाको घरमा मीना र आमा दुई जना मात्र बस्थे । मीनालाई पढ्न, चित्र बनाउन र खेल्न धेरै मन पर्दथ्यो । मीनालाई कथाका किताबहरू असाध्यै मन पर्दथ्यो । मीना बाथरूम जाने क्रममा एउटा अनौठो आवाज सुनिन् के रहेछ भनी हेर्दा एउटा बडेमानको ठूलो जन्तु घरको पर्खाल नाघेर फुत्त हामफाल्यो । मीना साह्रै डराईन । गेमखेल्दा खेल्दै आर्ट सिकाउने गुरुले मीनालाई चित्र बनाउन प्रोत्साहित गरेको कुरा सम्झिन्छिन र चित्र बनाउन सुरू गर्छिन् । गीत गाउदै ढुङ्गामा बसेको माझीको चित्र बनाउँछिन् । चित्र बनाई सकेपछि मीना घरको छतमा गएर शीतलसँगै बाहिरी दृश्यको मजा लिन्छिन् । रात परि सेकेकाले फर्कने क्रममा एउटा अनौठो जीवले पर्खाल चढेर हाम फालेको देखिन्छ र डराएर चिच्याउन थाल्छिन् । आमाले पनि त्यो जन्तुलाई राम्रो नियाल्न नसकेकाले कालोछायाँ मात्र देख्नसक्नु भयो । आमाको मनमा त्यो जन्तु कुकुर, बिरालो, भालु,

बाघ, आदि जे पनि हुन सक्छन भन्ने भावना उत्पन्न भयो । एक दिन आमा छोरीलाई खाजा बनाईदिन किचनमा दूध बसालेर फोन गर्न लाग्नु भयो । त्यहीँ समयको मौका छोपेर ढेडूबाँदर किचनमा पस्यो र दूध भुलभुल-भुलभुल गरिरहेको देखेर बाँदर छक्क पऱ्यो । के हुँदो रहेछ भनी बाँदरले दूधमा औँला गाड्यो । औँला पोले पछि दूधसँग धेरै रिसाएर रिसको झोकमा बोराबाट एकमुठी चामल झिकेर दूधमा हाल्यो । केही समय शान्त भएको दूध पुनः भुलभुल-भुलभुल गर्न थाल्यो । फेरि बाँदरले दूधमा औंला चोब्यो । उसलाई झन बढी पोल्यो । दुखाइको पीडाले सहन नसकेर बाँदरले दूधमा चिनी हालिदियो । चिनी हालेको केहीबेरसम्म दूध शान्त भयो । यही मौका छोपी बाँदरले दूधमा औंला चोब्यो । यसपटक ता उसलाई अझ बढी पोल्यो । यही रिसको झोकमा बाँदरले ऱ्याकमा लात्ताले हान्यो । ऱ्याकबाट काजु, बदाम भएका बट्टाबाट काजु बदाम खसे रिसको झोकमा बाँदरले ती काजु बदामलाई त्यसै दूधमा हालिदियो । यही क्रममा मीना स्कुलबाट आइपुग्छिन् । मीनाले आमालाई बोलाएको आवाजले झ्यालबाट बाँदर फुत्त भाग्यो । मीना किचनमा पस्दा मगमग बास्ना आयो । के रहेछ भनी हेर्दा उनलाई मन पर्ने खाजा खीर पाकेको देख्छिन् । खीर पाकेको देखी आमालाई धन्यवाद दिन्छिन् तर आमा कसरी खीर पाक्यो भनी छक्क पर्छिन् । यत्तिकैमा आमाका आँखा पर्खालमा बसेर पोलेको औंला चुसिरहेको ढेडूबाँदरमा पर्दछ । सबै रहस्यको एकैचोटी पर्दाफास हुन पुग्दछ । घटनाको आधारमा शीर्षक रहेको यस कथाको कथावस्तु सुखद् रूपमा रमाइलो क्षणमा टुङ्गिन्छ ।

### ४.३.२ चरित्र चित्रण

आहा! कति मिठो खीर! घटना प्रधान कथा हो । यसमा मानव र मानवेतर पात्रहरू रहेका छन । यस कथामा पात्रहरूका रूपमा मीना, आमा र ढेडूबाँदर रहेका छन् । अन्य पात्रहरू मीनाका साथीहरू रहेका छन् । मानवेतर पात्रको

रूपमा कुकुर, बिरालो, बाघ, भालुलाई राखिएको छ । यो कथामा पात्रहरू तृतीय दृष्टिविन्दुका रूपमा चित्रित छन् ।

**क) मीना**

आहा! कति मिठो खीर! कृतिको मुख्य पात्र हो । यसलाई बालपात्रका रूपमा चित्रण गरिएको छ । यिनी बाल जिज्ञासा भएकी मायालु स्वभाव भएकी पात्र हुन । यिनलाई पढन, चित्र बनाउन र कम्प्यूटरमा गेम खेल्न धेरै मन पर्दथ्यो । यिनी विशेष कथाका पुस्तकहरू चाख राखेर पढने गर्दथिन् । आमालाई काममा सहयोग गर्ने पनि गर्दथिन् । आफ्नो काम आफैँ गर्नु पर्दछ भन्ने भावना भएकी पात्र र सधै सफा सुग्गर बस्न मन पराउने मीनाको स्वभाव थियो । उनी पहाडका दृश्य, क्षितिज, बादलका बुट्टाहरू कहिले कस्ता कहिले कस्ता भएर बदलिरहेको देखेर छक्क पर्दथिन् । यस्ता दृश्यहरू देखेर उनी अनेक कल्पना गर्ने गर्दथिन् । यस प्रकारको चरित्र भएकी मीना आफ्ना साथीभाइहरूसँग असाध्यै मिल्दथिन् । मीना सबैसँग मिलेर बस्नु पर्दछ भन्ने भावना भएकी बालनारी पात्रका रूपमा देखा पर्दछिन् ।

**ख) आमा**

आमा प्रस्तुत  कृतिकी सहायक पात्र हुन । आफ्नी छोरी मीनालाई औधि माया गर्ने पात्रको रूपमा रहेकी छिन् । आफ्ना बालबालिका प्रति वात्सल्य प्रेम भएकी तथा जिम्मेवार अभिभावकत्व निर्वाह गर्न सक्ने नारी पात्र हुन् । यिनी कर्तव्यपरायण सुशील गुण भएकीले उनको पारिवारिक स्थिति ज्यादै राम्रो भएको

देखिन्छ । यिनी आफ्नो परिवारमा छोरी मीनालाई कसरी सुशील आज्ञाकारी र उसको भविष्य उज्ज्वल हुन्छ भनेर सधैँ तल्लीन देखिन्छिन् । परिवार कसरी राम्रो बनाउन सकिन्छ भन्ने विचार राख्ने, कल्पनाशील, गतिशील भावना भएकी पात्रका रूपमा आमालाई लिईन्छ ।

**ग) ढेडूबाँदर**

ढेडूबाँदर मानवेतर पात्र हो । ढेडूबाँदरले बाँदर जातिको प्रतिनिधित्व गरेको छ । बाँदरको स्वभाव भन्ने चलनचल्तिको भनाइ अनुरूप ढेडूबाँदरले किचनमा पसेर तताई राखेको दूधमा चामल हाल्ने, दराजमा राखेका सामानहरू जमीनमा खसाल्ने खसेका बट्टाहरूमा कुनै बट्टामा चिनी, काजु, पेस्ता बदाम हुन्छन ती सबै वस्तु क्रमिक रूपले तताई राखेको दूधमा हालिदिन्छ । यस क्रममा कुनै पनि चिज दुधमा हालिसकेपछि एकछिन दूध भुलभुल गर्न छोड्छ । त्यसपछि बाँदरले आफ्नो औंला दूधमा चोप्दछ र दूधले पोलेपछि पुनः कुनै वस्तु दूधमा हाल्दछ । यसरी धेरै पटक पोलेपछि रिसले चुर हुन्छ । त्यसै समय मानिस बोलिरहेको आवाज सुनेर फुत्त बाहिर निस्कन्छ । ढेडूपात्र चकचके चन्चले स्वभाव भएको गतिशील पात्र हो ।

**ग) अन्य**

अन्य पात्रहरूमा मीनाका साथीहरू रहेका छन् । यिनीहरू गौण पात्रका रूपमा रहेका छन् । मीनाको मिल्ने साथी रेस्मा हुन् । यिनीहरू दुबैको मिल्दो जुल्दो स्वभाव देखिन्छ । रेस्मा मीनालाई सँगै लिएर स्कुल जाने आउने गर्दछिन् । आपसमा साथीसँग मिलेर बस्नु पर्दछ भन्ने भाव रेस्मा र मीना दुबैमा भएको पाइन्छ । ढेडूबाँदर मानवेतर पात्र हो ।

### ४.३.३. कथोपकथन

कथोपकथन आख्यानको प्रस्तुतिमा रोचकता थप्ने एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा हेर्न सकिन्छ । कथोपकथनका माध्यामले कथाकार पात्रहरूको मुखबाट विषयवस्तुको प्रस्तुति गर्दछ । यस आहा! कति मिठो खीर! कथामा सबै पात्र बीचमा संवाद भएको देखिंदैन । मीना र आमा बीचमा थोरै संवाद रहेको छ ।

### ४.३.४. द्वन्द्व

आहा! कति मिठो खीर! कथामा आन्तरिक द्वन्द्वले कथा रोचक बनाएको छ । मीना र आमाका मनमा द्वन्द्व चलेको छ । मीना र आमाका मनमा त्यो अनौठो जनावर के हुन सक्छ भन्ने कुराले डेरा जमाएको छ । त्ससै गरी ढेडूबाँदरका मनमा दूध उम्लेको भुलभुल आवाजले रोचकता ल्याइदिएको छ । जसका कारण ढेडूले औंला पोल्न पुगेको छ । अचानक खीर बनेको र खीर बन्नुको रहस्य ढेडुबाँदर रहेको कुरा थाहा पाएपछि मात्र आन्तरिक द्वन्द्व समाप्त भएको छ ।

### ४.२.५. परिवेश

यस कथाको परिवेश यस प्रकार अगाडि बढेको पाइन्छ । घर र विद्यालय नै यसका परिवेश हुन । मीना सधैं विद्यालय जाने आउने गर्ने परिवेशलाई देखाइएको छ । कथाबस्तु घर र धर वरिपरिको पर्खाल, किचन कै सेरोफेरोमा रहेको परिवेशलाई देखाइएको छ । ढेडुबाँदरले खीर पकाएको कुराको रहस्य थाहानपाएसम्म आन्तरिक परिवेशका रूपमा बालमानसिकताले भरिएको परिवेश यस कथामा पाइन्छ । जव रहस्य खुल्दछ तब मात्र सम्पूर्ण परिवेश पर्दा उघ्रन्छ । यही नै यस कथावस्तुको परिवेश हो ।

### ४.३.६. भाषाशैली

मानिसका विचारको अभिव्यक्तिको माध्यम भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग शैली हो । आख्यानको अङ्गहरू मध्ये महत्त्वपूर्ण अङ्ग नै भाषाशैली हो । भाषाशैली विना कथानक एक कदम पनि अगाडि बढ्दैन । यस **आहा! कति मिठो खीर!** कथामा सन्दर्भ अनुरूप भाषाशैली देखाइएको छ । लेखको भाषा वर्णानात्मक लेख्य भाषा मिठासपूर्ण रहेको छ । जसको माध्यमबाट कथा पढदै जाँदा कुतूहलता बढदै जान्छ । सन्दर्भ अनुरूप भाषा देखाउने काम भएको छ । बालमनोविज्ञानमा आधारित रहेर कथालाई अगाडि बढाइएको छ । सरल, सहज, सुबोध्य र बालसुलभता पाइन्छ । कथ्य भाषा भन्दा लेख्य भाषाकै अधिक प्रयोग भएको र वाक्य गठन छोटो छरितो हुनुका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले भाषाशैलीमा मिठासको आभास पाइन्छ । पात्रपात्र बीच धेरै संवाद नरहेको लेखक स्वयं समाख्याता भएकोले भाषाशैली एकोहोरो वर्णनात्मक शैलीको प्रयोग नै अधिक मात्रामा रहेको पाइन्छ ।

### ४.३.७. सन्देश

विभिन्न विद्वान्वर्गले बालआख्यानको शिक्षा दिनु पर्दछ भन्ने मान्यता राखेबाट पनि यो कुरा स्वयंसिद्ध भैसकेको छ । बालसाहित्यले कुनै न कुनै तरहबाट केही न केही अप्रतक्ष्यरूपमा शिक्षा तथा सन्देश दिएकै हुन्छ । यस **आहा! कति मिठो खीर!** बाट केटाकेटीहरू ज्ञानी, जिज्ञाशु, कर्तव्यनिष्ट, आज्ञाकारी बन्नु पर्छ तर चकचके बन्नु हुदैन भन्ने सन्देश पाउन सकिन्छ । त्यस्ता केटाकेटीका लागि असाध्यै सरल र सुबोध्य भाषाशैलीमा महत्त्वपूर्ण सन्देश यसले दिएको छ ।

## ४.४. कालाजादुको कथा

### ४.४.१. कथानक

कालाजादुको कथा ज्ञवालीको चौथो कथा हो । यो कथाको कथावस्तु जादुमा आधारित रहेको छ । कालाजादुको काथावस्तु प्रस्तुतिका लागि कथाकारले पिङ्की, हजुरबुबा र जादुगरका लोग्ने स्वास्नी जस्ता पात्रलाई अघि सारेका छन् । कथा भन्ने क्रममा जादुगरका लोग्ने स्वास्नी र दर्शकहरू पात्रका रूपमा आएका छन् । काल्पनिक कथा वस्तुमा आधारित यस कथाको कथावस्तु यसरी अगाडि बढ्दछ । पिङ्कीको सुत्ने समय हुदै थियो । यत्तिकैमा उसले हजुरबुबालाई कथा भन्नका लागि ज्यादै आग्रह गर्न थाली । बालहठको अगाडि हजुरबुबाको केही लागेन र हजुरबुबाले कालाजादुको कथा भन्न सुरु गर्नु भयो । भारतको बम्बई भन्ने सहरमा एकजना जादुगर आफ्नी स्वास्नीलाई लिएर आयो । जादु देखाउने आवश्यक सामग्रीका साथ डमरु, झ्याली बजाउँदै जादुगर जादुको प्रचार गर्न थाल्यो । उसकी स्वास्नीले सर्पको माला लगाएकी थिई । पुलिस चौकीको अगाडिको चउरमा गएर जादुगरले जादु देखाउन सुरु गऱ्यो । मान्छेको भीड जम्मा हुन थाल्यो । जादु देखाउने ठाउँमा रेखा कोरी जादुको सुरुवात भयो । विभिन्न मन्त्र पढ्दै जादु देखाउने क्रममा मुर्च्छित अवस्थामा जादुगर ढल्यो । उसकी स्वास्नीले पानी छम्केर जादुगरलाई बिउँझाई । यो पनि एक प्रकारको जादु नै थियो । त्यस पश्चात जादुगरले डरलाग्दो खप्पर हातमा लियो र आँखा चिम्लेर केही बडबडायो र त्यतिकैमा आकाशमा तर्वार बजेको, रोएको आवाज सुनिन थाल्यो । यो आवाज अरु कसैको नभई जादुगरको गुरु र शत्रुबीचको लडाई हो भन्ने जानकारी दर्शकहरुलाई गरायो । ऊनको डल्लो आकाशमा हुत्याई स्वास्नीलाई दर्शकको जिम्मा लगाएर गुरुलाई सघाउने बाहानामा जादुगर आकाशतर्फ प्रस्थान गऱ्यो । आकाशमा जादुगर केही समय पछि आकाशबाट रगतै रगतले लतपत्तिएका खुट्टा फ्यात्त फ्यात्त गर्दै खस्न थाले । त्यसै समयमा स्वास्नी रून थाली अन्य दर्शक चिच्याउन थाले । यसको पीडा खप्न नसकेर जादुगरकी स्वास्नी पनि सति जाने बहानामा आगोमा प्रवेश गरी त्यसको केही

समयपछि जादुगर अकास्मात् देखा पर्‍यो । सबैलाई स्वास्नी मारेको आरोप लगाई सबै दर्शकका पैसा मालसामान हात पार्‍यो । तीनै दर्शकलाई ट्याक्सी खोज्न लगाएर मालसामान ट्याक्सीमा हाली जव जादुगर जान लागेको थियो अकस्मात् उसकी स्वास्नी देखा परी । यी सम्पूर्ण कुराहरू यथार्थ नभएर जादु थियो भन्ने कुरा दर्शकहरूलाई बतायो र जादुका नाममा आफ्नो सम्पूर्ण सम्पत्ति नै दान दिनु हुँदैन भन्ने सन्देश दिदै जादुगर त्यहाँबाट प्रस्थान गर्‍यो र यतिकैमा कथावस्तुको अन्त्य हुन पुग्दछ ।

यसरी बिनाकाममा जादुको फन्दामा परेर आफ्नो धनसम्पत्ति र समय खेर फाल्नु हुदैन भन्ने कुरा कथावस्तुले व्यक्त गर्न खोजेको छ ।

### ४.४.२ चरित्र चित्रण

कालाजादुको कथामा पिङ्की, हजुरबुबा र जादुगरका लोग्ने स्वास्नी पात्रका रूपमा रहेका छन् । यो घटना प्रधान कथा हो । यस कथामा मानव पात्र र मानवेतर पात्रको प्रयोग गरिएको छ । मुख्य पात्रका रूपमा हजुरबुबा रहेका छन भने अन्य सहायक पात्रका रूपमा रहेका छन ।

### क) हजुरबुबा

हजुरबुबा प्रस्तुत कृतिका प्रमुख पात्र हुन् । हजुरबुबाले नातिनीलाई सधैँ जिस्क्याएर मायाको भावले दाह्रीले गालामा घोचिदिएर जिस्क्याउँदा पिङ्की ठस्स पर्छे र नातिनी रिसाएको देखेर पिङ्कीले कबुल गराए अनुसार कालाजादुको कथा सुनाउन हजुरबुबाले सुरु गर्दछन् । कथा सुनाउदै गर्दा जादुका आश्चर्य लाग्दा घटानाहरू सुन्दै जाँदा पिङ्कीका मनमा आन्तरिक द्वन्द्व पैदा हुन्छ र हजुरबुबा कथा सुनाउदै जान्छन् पिङ्की कथा सुन्दा सुन्दै निदाउन पुग्दछे ।

## ख) पिङ्की

पिङ्की यस कथाको सहायक पात्रका रूपमा रहेकीछे । उसमा बालसुलभ चहानाहरू भएकोले नयाँ नयाँ कथाप्रति जिज्ञासा रहेको छ । बालकहरूमा जिज्ञासा हुनु स्वाभाविकै हो । हजुबासँग जिस्कने, रिसाउने, घुर्क्याउने स्वभाव भएकी बालपात्रका रूपमा देखिन्छे । यसै सन्दर्भमा ऊ हजुरबुबालाई नयाँ कथा भन्नका लागि आग्रह गर्दछे । पिङ्की बालनारी पात्र हो ।

## ग) अन्य

अन्य पात्रहरुमा जादुगरका लोग्ने स्वास्नी दर्शकहरू र मानवेतर पात्रहरूको पनि प्रयोग भएको छ । जादुगरले जादु देखाउने क्रममा आश्चार्य लाग्दा घटनाहरू देखाउँछ जस मध्ये आश्चर्य लाग्दो कुरा उनको आकाश तर्फ फ्याक्दछ र त्यसै समयमा आकाशमा गड्याङ गुडुङ आवाज आउछ आफ्ना गुरु र शत्रुहरू बीच लडाई भएकोले आफू पनि सहयोग गर्नकालागि जानु पर्ने भएकोले आफ्नी स्वास्नीलाई दर्शकको जिम्मा लगाएर ऊ आकाश तर्फ जान्छ । सर्पको माला लगाएकी जादुगरकी पत्नीलाई कुरेर दर्शकहरू बसिरहन्छन् । यसै बीचमा केही आश्चर्य लाग्दा घटनाहरु घट्दछन् । जादुगरका शरीरका टुक्रा टुक्रा जमीनमा खस्छन् यो देखेर जादुगरकी स्वास्नी लासका टुक्रा सँगै सती जाने कुरामा ढिँपी गर्दछे र सती जान्छे । यसै क्रममा जादुगर अकस्मत आई पुगेपछि त्यसको लगतै ट्याक्सी चडेर हिड्न खोज्दा उसकी स्वास्नी पनि टुप्लुक्क आई पुग्छे र दुबैजना घर जान्छन । यी पात्रहरू मानिसलाई आश्चर्य लाग्दा कुराहरू देखाएर छक्याउने पात्रका रूपमा रहेका छन । उनीहरू गतिशील पुरुष र नारी पात्र हुन ।

## ४.४.३. कथोपकथन

निकै गहन र सोचनीय कथावस्तु रहेको कालाजादुको कथामा कथावस्तुको सरल प्रस्तुतिका लागि सहायक पात्रको भूमिका निर्वाह गर्ने कालाजादु र उसकी स्वास्नीको प्रयोग गरिएको छ । यी दुबै पात्र बीचको संवादले कथावस्तु रोचकताका साथ अगाडि बढेको पाइन्छ। त्यसै गरी पिङ्की र हजुरबुबाको संवाद पनि उत्तिकै रोचक रहेको छ। कथाकारले संवादको प्रयोगमा वर्णनात्मक शैलीमा प्रयोग गरेका छन् ।

### ४.४.४. द्वन्द्व

यस कथामा बाह्य द्वन्द्वका रूपमा गुरु र शत्रुहरू बीचको द्वन्द्व देखाइएको छ भने दर्शकहरूका मनमा जादुगर र उसका स्वास्नीको अवस्था के होला ? भन्ने उत्सुकता आन्तरिक द्वन्द्वका रूपमा रहेको छ।

### ४.४.५. परिवेश

कालाजादुको कथाको परिवेश नेपालदेखि भारतको बम्बईसम्म फैलिएर रहेको छ। बालहठको कारण हजुबुबाले कथा भन्नु पर्ने परिस्थितिबाट नै विभिन्न परिवेशहरू देखा पर्न थाल्दछन् । पहिलो परिवेश त घरको सुत्ने कोठालाई नै परिवेशका रूपमा प्रस्तुत गरिएको छ भने जादुगरले भारतको बम्बई भन्ने सहरको कुनै एक ठाउँको चौरमा जादु देखाउनका लागि रहेको परिवेशलाई पनि देखाइएको छ। चौर नजिकै रहेको पुलिस चौकीलाई पनि परिवेशकै रूपमा देखाइएको छ। आकाश, आकाशमा गुरु र शत्रुहरू बीचको युद्धका साथै जादुगरकी स्वास्नी सती गएको र आफ्नी स्वास्नीलाई गुमाउनु परेकोले सबैका धन सम्पत्तिहरू जादुगरले लिएको र तीनै दर्शकहरूबाट ट्याक्सी बोलाउन लगाई जादुगरका लोग्ने स्वास्नी ट्याक्सीमा चडेर घर गएको परिवेशलाई देखाउन खोजिएको छ।

### ४.४.६. भाषाशैली

मानिसका विचारको अभिव्यक्तिको माध्यम भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग शैली हो । आख्यानको अङ्गहरू मध्ये महत्त्वपूर्ण अङ्ग नै भाषाशैली हो । भाषाशैलीविना कथानक एक कदम पनि अगाडि बढदैन । यस कालाजादुको कथामा सन्दर्भ अनुरूप भाषाशैली देखाइएको छ । लेखको भाषा वर्णानात्मक लेख्य भाषा मिठासपूर्ण रहेको छ । जसको माध्यमबाट कथा पढदै जाँदा कुतूहलता बढदै जान्छ । सन्दर्भ अनुरूप भाषा देखाउने काम भएको छ । बालमनोविज्ञानमा आधारित रहेर कथालाई अगाडि बढाइएको छ । सरल, सहज, सुबोध्य र बालसुलभता पाइन्छ । कथ्य भाषा भन्दा लेख्य भाषाकै अधिक प्रयोग भएको र वाक्य गठन छोटो छरितो हुनुका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले भाषाशैलीमा मिठासको आभास पाइन्छ । पात्रपात्र बीच धेरै संवाद नरहेको लेखक स्वयं समाख्याता भएकोले भाषाशैली एकोहोरो वर्णनात्मक शैलीको प्रयोग नै अधिक मात्रमा रहेको पाइन्छ ।

### ४.४.७. सन्देश

जुन सुकै कथामा पनि केही न केही सन्देश वा विचार रहेकै हुन्छ । त्यस्तै कालाजादुको कथाको कथा वस्तु गहन र सोचनीय रहेकाले यस कथाले दिने सन्देश पनि त्यतिकै महŒवपूर्ण छ । बालबालिकाहरू जादु भने पछि हुरूकै हुन्छन् । जादुगरले अनेकौँ बहाना सुनाएर बालबालिकासँग र समाजका अन्य सोझा सिधा जनतासँग धन सम्पत्ति लिने गर्दछन् । यसबाट बच्नका लागि प्रत्येक अभिभावकले जादुप्रतिको बास्तविकता बालबालिकालाई बताएर त्यसबाट टाढै राख्नु उपयुक्त हुन्छ भन्ने सन्देश यस कथावस्तुले बोकेको छ ।

### ४.५ दयालु भावना

### ४.५.१. कथानक

**दयालु भावना** ज्ञवालीको सचित्र बालकथा हो । यस कथामा छुवाछुत छोरीमाथि गरिने भेदभाव र गरिबीलाई कथावस्तु वनाउँदै सबैप्रति दयालु भावना राख्नु पर्दछ भन्ने कथावस्तु रहेको छ । मुख्य पात्रका रूपमा भावना रहेकी छिन् भने सहायक पात्रका रूपमा बुबा, आमा, सन्ते, किस्ने र प्रधानाध्यापक रहेका छन् । यस कथाको कथावस्तु ग्रामिण परिवेशीय रहेको छ । एक दिन भावनाको परिवार सुत्ने तर्खर गरि रहेको बेला घर भन्दा पारीपट्टि सन्तेको घरमा आगलागी हुन्छ आगलागीले गर्दा सन्तेको घर सखाप हुन्छ । सन्तेको परिवार गरिवमाथि अरू गरिव भएकोले  मागेर गुजारा चलाउछन् । दलित भएकोले उच्च कुलीन वर्गका कथित आफूलाई ठूलो जात भन्नेहरूले सन्तेप्रति भेदभाव गर्दछन् जुन कुरा भावनाकी आमाले पनि गर्दछिन् । भावनाकी आमाको विचार परम्परागत पाराको भएकोले छोरीलाई पढाउन हुदैन भन्ने मानसिकताले पनि ग्रसित थिईन् । भावनाका बाबु भने छोराछोरी बराबर हुन उनीहरूलाई शिक्षादीक्षा लगायत सम्पूर्ण कुरामा समानता हुनु पर्दछ भन्ने विचार राख्दथे । उनी छुवाछुतमा पनि विश्वास राख्दैनथे । बाबुको जस्तो आदर्श विचार भावनामा रहेको थियो । आमाले छोरालाई धेरै माया र छोरीलाई अर्काको घरमा जाने जात भनेर हेला गर्दथिन् । उदाहरणको रूपमा भाइलाई राखिदिएको खाजा खाँदा आमाको पिटाई खानु परेको प्रसङ्गबाट प्रष्ट हुन्छ । भावना उद्दार दिलकी धनी थिइन् । उनले घर सखाप भएर बिचल्लिमा परेको सोनामको छोरो किस्नेलाई आफ्नो खुत्रुके फुटाएर सहयोग गरेको कुराबाट हेडमास्टर लगाएत सम्पूर्ण साथी र गाउँलेबाट स्यावासी पाउन सफल हुन्छिन ।

यस कथानकबाट छोरी पनि छोरा सरह काम गर्न सक्दछन् अझ उनीहरूको मन त सदैव अर्कालाई सहयोग गर्नमा तत्पर रहन्छ भन्ने विचार कथावस्तुमा  रहेको छ ।

### ४.५.२ चरित्र चित्रण

दयालु भावना ज्ञवालीको घटना प्रधान कथा हो । यसमा मानव र मानवेतर पात्रहरूको प्रवृत्तिको चरित्र चित्रण गरिएको छ । यस कथामा मुख्य पात्रका रूपमा भावना रहेकी छन । भावनाका आमा बुबा , प्रधानाध्यापक, सोनाम तामाङ, किस्ने, सन्ते सहायक पात्रका रूपमा रहेका छन् ।

**क) भावना**

भावना प्रस्तुत कृतिको प्रमुख पात्र हो । यसलाई बालनारी पात्रका रूपमा चित्रण गरिएको छ । यिनी बाल जिज्ञासा भएकी, दयालु र परोपकारी भावना भएकी पात्रका रूपमा रहेकी छिन् । आमाबुबासँग आफूले नबुझेका कुराहरू सोध्ने र आमाप्रति त्यति सकारात्मक नभएर बाबुतर्फ बढी सकारात्मक भावना राख्ने पात्र हुन् । भावना नाम जस्तो छ त्यस्तै उनको मनमा पनि विशाल पबित्र भावना देखिन्छ । भावनाले आगलागी भएर गरिवमाथि अरू गरिब भएको सोनाम तामाङ र उसैसँग पढ्ने सोनामको छोरा किस्नेप्रति देखाएको भावबाट पनि यिनी विशाल हृदय भएकी पात्र हुन् । यिनको छुवाछुतप्रति पनि सन्तेको कुरालाई लिएर आमासँग गरेको संवादले यिनी छुवाछुतका कुराहरूप्रति वेवास्ता गर्दछिन् भन्ने कुरा प्रस्ट हुन्छ । त्यसैले भावना गतिशील चरित्र भएकी बालनारी पात्र हुन् ।

**ख) बाबु**

भावनाका बाबु सहयोगी पात्रका सहायक पात्रका रूपमा रहेका छन् । बाबुले समाजमा घटने घटनाहरूमा सक्दो सहयोग पुऱ्याएको देखिन्छ । उनले सोनाम तामाङको घरमा लागेको आगो निभाउन सहयोग पऱ्याएको देखिन्छ । आफ्ना छोराछोरी प्रति समान व्यवहार देखाउन सक्ने व्यक्तिका रूपमा देखिएका छन् । छोरीलाई पढाउनु पर्छ भन्ने प्रेरणा पनि यिनमा रहेको छ । छोराछोरीलाई वात्सल्य ममता दिने उपकारी भलो व्यक्तिका रूपमा उनको चरित्र चित्रण गर्न सकिन्छ ।

**ग) आमा**

आमा सहायक पात्र हुन् । यिनी पुरानो विचार बोक्ने परम्परालाई अँगालेर बस्ने पात्रका रूपमा रहेकी छिन । छोराछोरीमा भेदभाव गर्नुका साथै समाजमा पनि छुवाछुतको भेदभाव गर्ने पात्र हुन् । छोरालाई काख र छोरीलाई पाखा गर्ने स्वभावहरू पनि आमा पात्रमा देखिन्छ ।

**घ) अन्य**

कथावस्तुमा अन्य मानवपात्रहरू रहेका छन् । सोनाम तामाङ, किस्ने, सन्ते, प्रधानाध्यापक र अन्य भावनाका साथीहरू पनि रहेका छन् । सोनाम तामाङ समाजको गरिब पात्र हो । सोनामको घरमा आगो लागेर अझ गरिब बन्न पुगेको छ । यस्तै सन्ते गरिब र दलित जातको भएकोले समाजमा अपमान भोग्न परेको छ । प्रधानाध्यापकबाट शैक्षिक क्षेत्रमा लागेर त्यस क्षेत्रमा शिक्षाको ज्योति छर्नु भएको छ । साथै गरिबप्रति दया देखाउनु भएको छ । किस्ने गरिब भएबाट विद्यालयमा पढ्न बञ्चित बन्न पुगेको देखिन्छ । यसरी आ-आफ्नो चरित्र देखाउने कार्य दयालु भावना काथाका पात्रहरूको चरित्रमा पाइन्छ ।

### ४.५.३. कथोपकथन

यस कथामा प्रयुक्त संवादले कथानकलाई अगाडि बढाउँदै रोचकथा थपेको छ । भावना, भावनाकी आमा, बुबा र हेडमास्टर बीचको संवादले कथानक अगाडि बढेकोछ । सन्देश मूलक कथा भएकोले संवादले कथामा प्रभावकारी भूमिका खेलेको छ ।

### ४.५.४. द्वन्द्व

द्वन्द्व कथाको आधार हो । कुनै पनि कथाको आधार द्वन्द्व वा समस्या रहेको हुन्छ । प्रस्तुत कथामा पुराना पुस्ता र नयाँ पुस्ता, छोरा र छोरी, धनी र गरिब, उच्च जात र तल्लो जातको द्वन्द्वले कथामा रोचकता बढाएको छ । भावना छोरी भएर आमाबाट हैँलाको पात्र बन्नु परेको छ । सन्तेले तल्लो जात भएकै कारण भावनाकी आमाको गाली खानु परेको छ । किस्ने गरिब भएको कारण पढाइबाट बञ्चित बन्नु पर्ने अवस्थाको सिर्जना भएको छ । कथाको अन्त्यमा आएर भावनाको व्यवहारले केही मानिस भित्र रहेको द्वन्द्व केही हदसम्म कम भएको देखिन्छ ।

### ४.५.५. परिवेश

दयालु भावना कथाको परिवेश ग्रामीण क्षेत्रबाट सुरुवात भएको पाउन सकिन्छ । घरमा रहेका बाबु, आमा र छोरी बीचको संवादले नै परिवेश अगाडि बढदै गएको हुन्छ । सोनाम तामाङको घरमा आगलागी हुनुले सोनाम तामाङ गरिब माथि अझै गरिब बन्दै गएको परिवेशलाई देखाउन खोजिएको छ । सोनाम तामाङको छोरा विद्यालयमा गएर पढ्न नसक्ने अवस्था सिर्जना भएको छ । प्रधानाध्यापकको सहयोगात्मक भावना भएकोले विद्यालयको परिवेश असाध्यै राम्रो देखिन्छ । छुवाछुत, धनी र गरिब बीचको अवस्थालाई पनि परिवेशको रूपमा

देखाउन खोजिएको छ । छोरीलाई पनि पढाउनु पर्छ भन्ने सन्देश मूलक परिवेश यस कथावस्तुमा रहेको छ ।

### ४.५.६. भाषाशैली

मानिसका विचारको अभिव्यक्तिको माध्याम भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग शैली हो । आख्यानको अङ्गहरू मध्ये महत्त्वपूर्ण अङ्ग नै भाषाशैली हो ।  भाषाशैलीबिना कथानक एक कदम पनि अगाडि बढदैन । यस दयालु भावना बालकथामा सन्दर्भ अनुरूप भाषाशैली देखाइएको छ । लेखको भाषा वर्णानात्मक लेख्य भाषा मिठासपूर्ण रहेको छ । जसको माध्यामबाट कथा पढदै जाँदा कुतूहलता बढदै जान्छ । सन्दर्भ अनुरूप भाषा देखाउने काम भएको छ । बालमनोविज्ञानमा आधारित रहेर कथालाई अगाडि बढाइएको छ । सरल, सहज, सुबोध्य र बालसुलभता पाइन्छ । कथ्य भाषा भन्दा लेख्य भाषाकै अधिक प्रयोग भएको र वाक्य गठन छोटो छरितो हुनुका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले भाषाशैलीमा मिठासको आभास पाइन्छ ।

### ४.५.७. सन्देश

कथाकारले दयालु भावना कथाका माध्यमबाट छुवाछुतको अन्त्य गर्नु पर्दछ र गरिब दुःखीलाई सक्दो सहयोग गर्नु पर्दछ भन्ने सन्देश दिएका छन् । छोरा र छोरी समान हुन्छन् । दुबैलाई समान अवसर दिनु पर्दछ, छोरीहरूले पनि केही गर्न सक्दछन् । उनीहरूको भावना पनि विशाल हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । छोरीहरूले पढ्ने अवसर पाएमा गाउँ समाज र राष्ट्रका लागि महत्त्वपूर्ण योगदान दिन सक्छन भन्ने उदाहरणहरू प्रसस्त पाउन सकिन्छ । त्यसैले जातजाति प्रतिको भेदभाव, धनी र गरिब बीचको भेदभाव परम्परावादी सोचको अन्त्य गरिनु पर्दछ भन्ने सन्देश यस कथावस्तुबाट पाउन सकिन्छ ।

### ४.६. साहित्यका रमेश विकल (औपन्यासिक जीवनी)

रामप्रसाद ज्ञवाली जीवनी लेखक पनि हुन् । साहित्यकार रमेश विकल नामक कृति ज्ञवालीद्वारा साहित्यकार रमेश विकलको समग्र जीवनीलाई लिइ तयार पारिएको बालसाहित्यिक पुस्तक हो । जीवनी भएकाले यसमा तिथि, मिति सहितको जीवन यात्रालाई समेटिएको देखिन्छ तर लेखन शिल्प भने औपन्यासिक शैलीको देखिन्छ । प्रस्तुत कृतिलाई औपन्यासिक शैलीमा लेखिएकाले यसलाई औपन्यासिक जीवनीका रूपमा पनि लिन सकिन्छ । प्रस्तुत कृति स-साना २२ वटा खण्डहरूमा तयार पारिएको छ । प्रत्येक खण्डको बेग्लाबेग्लै शीर्षक दिइएको छ । कूल ८४ पृष्ठमा तयार पारिएको प्रस्तुत कृतिमा प्रत्येक खण्डमा सेमटिएका विषयवस्तुको प्रतिनिधित्व गर्ने गरी चित्रहरू रहेका छन् भने अन्तिम तीन पृष्ठहरूमा साहित्यकार रमेश विकलसँग सम्बन्धित महत्त्वपूर्ण तस्विरहरू रहेका छन् । प्रस्तुत पुस्तकलाई जीवनी परक तथा औपन्यासिक तत्त्वपरक आधारमा विश्लेषण गर्नु उचित हुन्छ ।

#### ४.६.१. कथावस्तु

मुख्य घटनाक्रम (जीवनीक्रम) कथावस्तु साहित्यकार रमेश विकल शीर्षकको प्रस्तुत कृति बहुआयामिक स्रष्टा रमेश विकलको कालक्रमिक जीवन यात्रामा आधारित छ  रमेश विकलको समग्र जीवनलाई यस कृतिमा रोचक आख्यानकारूपमा औपन्यासीकरण गरिएको छ । त्यसैले उनको जीवनी यसमा रोचक कथावस्तुकारूपमा रहेको देखिन्छ । यसरी जीवनीलाई नै कथावस्तुका रूपमा रूपान्तरण गरिएको प्रस्तुत कृतिको कथावस्तुलाई २२ भागमा विभाजन गरी क्रमश: व्यवस्थित गरिएको देखिन्छ । **कस्तो रमाइलो दिन** शीर्षकको पहिलो भागमा रमेश विकलको जन्म दिनका बारेमा जानकारी दिइएको छ । उनको जन्म

वि.सं. १९८५ साल कार्तिक २८ गते भाइटीकाका दिन भएको, उनको जन्मले उनको परिवारमा दोब्बर हर्ष उल्लासको वातावरण बनेका उनी जन्मेको छैटौं दिनमा भव्य रूपमा छैटी मनाइएको र ११ दिनमा पुरोहितबाट उनको नाम रामेश्वर चालिसे राखिएको र गाउँलेहरूले उनको बोलाउने नाम रामबाबु राखेको कुरा कथानकका रूपमा देखाइएको छ । आमा मर्नुभयो तर यसमा विकलको आमाको मृत्युको कथा र बाल्यकालको कथा विषयवस्तुका रूपमा आएको छ । आकार तथा संरचनाका दृष्टिले यो जीवनी सूक्ष्म प्रकारको देखिन्छ । विषयवस्तु अनुरूपको चित्र संयोजन यसमा रहेको छ । रमेश विकलको परिवारमा ७ जना सदस्य थिए । हजुरवा हजुरआमा, बुबा, आमा, दिदी र ठूलीआमा रहेका थिए । उनको परिवार धनी र सम्पन्न थियो । हजुरबुबा नामी नाम चलेका व्यक्ति थिए । बाबु पनि सरकारी जागिरे भएकोले विकलको ठूलो रवाफ थियो । डेढ वर्षको उमेरमा रमेश विकलले आफ्नी आमा गुमाउनु पऱ्यो । सदाका लागि मातृवियोगको पीडा खप्न बाध्य भए । उनको लालन पालन हजुरआमाबाट भयो । उनी चकचके र बदमास प्रकृतिका थिए । जसले गर्दा परिवारमा र हजुरआमाको मनमा रोचकता थपेको थियो । उफ्रँदै दौंड्दै खेल्दै विकलको बाल्यकार बित्यो ।

धेरे नै रमाइलो भयो तापनि हजुरआमाको मृत्यु र त्यसपछिको लालनपालनसँग सम्बन्धित रहेको छ । विं.सं. १९९० सालमा रमेश विकल ६ वर्षको हुँदा उनको हजुरआमाको मृत्यु हुन पुग्दछ । हजुरआमाको मृत्युले सम्पूर्ण परिवार लगायत विकल पनि दुःखित बन्न पुग्दछनन् । विकलको हेरविचार ठूली आमा र हजुरबुबाबाट हुन थाल्यो । हजुरबुबा अत्यान्त माया गर्दथे सँगै सुताउने नदी, मन्दिर, गाउँघरतिर डूल्न लैजाने गर्दथे । मिठाइ किनिदिने जस्ता काम हजुरबुबाले गर्नु हुन्थ्यो । उनी कडा अनुशासनमा बस्न मन पराउँदैनथे । त्यसैले हजुरबुबाको आँखा छलेर साथीसँग खेल्न जान्थे । त्यस्तो त कहिल्यै नहोस् । यसमा वि.सं. १९९० सालमा गएको महाभूकम्पको अति कारुणिक ढंगबाट कथा प्रस्तुत गरिएको छ । आकार तथा संरचनाका दृष्टिले यो अन्य जीवनीहरूको

हाराहारीमा फैलिएको छ । विषयवस्तु अनुरूपको चित्र संयोजन पनि यसमा रहेको छ । वि.सं १९९० सालको भूकम्पको सेरोफेरोमा घटना क्रम अगाडि बढेको छ । १९९० माघ २ गते का दिन शान्त र सुन्दर काठमाडौँ एकाएक अशान्त बन्न पुग्दछ । घरहरू हल्लिन र ढल्न थाल्दछन् । मान्छेहरू चिच्याउन, रुन कराउन थाल्दछन् । गाई, भैंसी, बाख्राहरू उफ्रिन र कराउन थाल्दछन् । यो हुनुको मुख्य कारण थियो महाभूकम्प यही भूकम्पले हजारौं विचलित परे हजारौंको सिउँदो पुछियो हजारौं विधुर बने बा आमाको कोख रित्तो भयो । साना बालबच्चाहरू टुहुरा बन्न पुगे । यसै घटनाले विकल एउटा सफल कथाकार बन्न पुगे । रमाइलो गर्दा गर्दै रमेश विकलले साथी भाइसँग मिलेर खेलेको प्रसङ्गबाट भएको छ । उनी जिद्दी स्वभावका थिए । उनी जाल झेल गरेर झुक्याएर रोएर जसरी भए पनि जित्नै पर्ने स्वभावका थिए । दिदीलाई ज्यादै सताउँथ्ये । दिदीलाई झुट्टा आरोप लगाएर गाली खुआउँथ्ये । घरमा पनि दिदीलाई भन्दा उनले नै बढी माया पाउँथ्ये । तर पछि उनलाई यस कुराले पश्चाताप लाग्यो । उनी साथीहरूसँग मिलेर तेलकासा, सुलकासा, कानेकाने पिच्चा आदि खेल खेल्दथ्ये । त्यसका साथै रमाइला रमाइला कथाहरू सुन्ने र सुनाउने गर्दथ्ये । आश्चर्यका, सुख, दुःखका, मायाका, रोमाञ्चका, डरका, प्रेमका, दयामायाका र निर्दयताका अनौंठा अनौंठा कथाहरूले उनको मनमा नौलो संसार बनायो । उनी आफूलाई कथाको राजकुमार जस्तै ठान्न थाले । यही कुराले उनलाई कथाकार बन्न प्रेरणा मिल्यो । उनी हार्मोनियम, तबला जस्ता वाद्यवादन, जानि नजानि बजाउने र भजन गाउँने कुरामा पनि चाख लिन्थ्ये । यसै कुराले उनलाई गीत लेख्न प्रेरणा दियो ।

पिटाइ खाँदै पढ्दै - रमेश विकलको अक्षराम्भ ६ वर्षको उमेरमा सरस्वती पूजाका दिन भयो । धुलो माटोमा लेखेर सिलोटमा लेखेर विकलले अक्षर चिने हजुरबुबाले किनिदिएको वाह्रखरीले विकललाई अक्षर चिन्न झन मद्दत गऱ्यो । यिनको व्रतबन्ध  बाह्र वर्षको उमेरमा भयो व्रतबन्ध पश्चात यिनी पढाइका लागि देउपाटनको पाठशालाा पुगे गुरुको सानिध्यमा बसेर अनेकौं गाली,  सिस्नु पानी,

औंलाको च्यापाइ, थपड खाएर र सफा गरिदिएर लुगा धोएर यिनले शिक्षा प्राप्त गरे । घोक्रो फुलाइ-फुलाइ चिच्याएर अ, आ, इ, ई, कण्ठ गरे । बकैनाको रूखमा झुन्डिएको लास । देउपाटन पढ्ने क्रममा रमेश विकल सिफलको बाटो हुँदै पशुपति जान लागेका थिए । बाटोमा मानिसहरूको झुन्ड-झुन्ड देखिन्थ्यो । यो वि.सं. १९९७ को घटना हो । झुन्ड-झुन्ड मानिस हुनुको कारण थियो, वकैनाको रुपमा झुन्ड्याएइको लास विकललाई पनि हेर्ने इच्छा जाग्यो । लास विभत्स किसिमको थियो । टाउको लुत्रुक ढल्किएको जिब्रो बाहिर निस्किएको थियो । यो दृश्य देखेर विकल डराए त्यो लास अरू कसैको नभएर स्वतन्त्रता र प्रजातन्त्रका हिमायती महान् सहिद धर्मभक्त माथेमाको थियो । उनलाई राजद्रोहको आरोपमा झुन्डयाइएको थियो । यो कुरा विकलले ठूलो भए पछि मात्र थाहा पाए र यसै घटनालाई आधार बनाएर एउटा कथा लेखिदिए जसको नाम हो बूढो बकैनाको रूख । बाह्र वर्षमा नै बिहे - विकलले विभिन्न ठाउँमा विभिन्न गुरुहरूसँग शिक्षा आर्जन गरे वम भोलासँग अङ्ग्रेजी पढे जब यिनी बाह्र वर्षका भए यिनको विवाह काभ्रे पलाञ्चोक बासी नेपाल थर गरेकी बाहुनकी छोरी सुशीलासँग भयो । उनी दुब्ली, पातली र खिनौरी थिइन् । बालक रमेशलाई चिटिक्क परेकी गोरी उज्याली हँसिली केटीसँग बिहे गर्ने मन थियो । त्यसैले सुशीलालाई उनले मन पराएनन् । सुशीलाले रमेशलाई हरदम सुख दिने प्रयास गरे पनि रमेश विकलले भने हर तरहले दुःख दिने सताउने अपमान गर्ने नराम्रो वचन लगाउने जस्ता कार्य गरे जब उनी ठूला भए उनलाई पछुतो लाग्यो र दुलहीलाई माया गर्न थाले ।

बिराटनगरदेखि मानसरोवरसम्म - रमेश विकल बाबुको सरुवा विराटनगरको जेलमा हुन्छ, उनी पनि बुबाको साथ लागेर विराटनगर जान्छन् । विरानगर बस्ने क्रममा जेलमा थुनिएका हत्यारा, चोर, डाँडा, बलात्कारी आदि कुप्रवृत्तिका मानिसहरू विकलले देख्दछन् । त्यसैगरी मुखिया र धनी मानी व्यक्तिले फसाएका निमुखा र गरिब मनिसहरू पनि देख्दछन् । उनीहरूले गरेको सहयोगको याचनाले विकलको मनमा चोट पर्दछ । उनी सानो भएकाले ती कैदीका लागि

कुनै सहयोग गर्न सक्दैनन् । यसै क्रममा उनका बाबुको सरुवा दार्चुलामा हुन्छ विकल पनि दार्चुलामा सँगै जान्छन् र त्यहीको स्कुलमा अध्ययन गर्न थाल्दछन् । विकलका बाबु दार्चुला गएको थाहा भएपछि हजुरबुबा मानसरोवारको यात्रामा निस्कन्छन् र दार्चुला पुग्दछ । दार्चुलाबाट हजुरबुबा बुबा उनी मानसरोवरको यात्रामा निस्कन्छन् । त्यस क्रममा उनले चित्र विचित्रका भू-वनौट, मानिस र हिमालसँग साक्षात्कार गर्ने मौका पाउँदछन् । यसैको प्रेरणा स्वरूप निबन्धकार कथाका क्षेत्रमा हात हाल्न पुग्दछन् । तँ पाजी त गर्भमै तुहिएको भए हुन्थ्यो- वि.सं. २००१ सालमा रमेश विकलका बाबुको सरुवा काठमाडौँमा भयो । बुबाको साथ लागेर विकल पनि काठमाडौँ फर्किए र यही नै पढ्ने लेख्ने गर्न थाले । १६ वर्षमा टेकेका उनले जीवन कहानी रङ्गढङ्ग सुख, दुःख देखिसकेका थिए । उनमा आएको जवानी शरीरको बल बाबुबाजेको सम्पत्ति र धाकले विकलमा झन घमण्ड चढेको थियो । उनी बरालिएर साथीहरूको हुल बनाएर हिँड्न थालेका थिए । उरन्ठेउला केटाहरूको संगतले चुरोट खाने केटी जिस्क्याउने समूहसँग झगडा गर्ने जस्ता उदण्ड काम गर्न थाले । उनको यही बानीका कारण विकलका बाबु चिन्तिन  थिए । यही क्रममा उनका बाबुको जागिर खोसियो  समाजमा धाक रवाफ पनि कम हुन थाल्यो । बाबु पनि तास जुवा खेल्दै बिग्रन थाले घरको अवस्था नाजुक हुन थाल्यो । छोरो हल्लिएर हिँडेको देखेर बाबुको रिसको पारो तान्नुको साथै चिन्तिन पनि बन्न पुगे र विकललाई तँ गर्भमै तुहिएको भए हुन्थ्यो भन्ने जस्तो गाली  गरे । यसैको फलस्वरूप विकलले खराब साथीको संगत छोडिदिए । पढाइ, लेखाइतिर ध्यान दिए कामको खोजी गरे खराब काम कुरा छोडे यसरी उनको जीवन र स्वभावमा परिवर्तन आयो ।

काठमाडौँमा के बस्ने - बाबुको वचनले रमेश विकलको मनमा च्वास घोची रहन्छ । मनमा शान्ति र सुखको क्रान्ति हराउँछ केही गर्ने अठोटका साथ सानुभाइ भन्ने केटासँग मित्रता बढाउँदछन्  एकदिन विकल सानुभाइलाई भेट्न जान्छन् । उनीहरू दुबैले यस देशमा नबसी विदेश जाने अठोट गर्दछन्  विदेशमा

गएर पैसा कमाइ ल्याउने सपना बुनी सानुभाइको तीनसय ठूलीआमाको गहना सहित उनीहरू भारत तर्फ लाग्दछन् । चित्लाङ, भीमफेदी अम्लेखगन्ज हुँदै भारतको कलकतामा पुग्छन् । कलत्ताभन्दा काठमाडौँ नै जाती । कलकत्तामा लाखौं मानिसहरू बसोबास गर्दछन् । मान्छेहरू काला न काला धमरधुस जस्ता देखिन्छन् । अत्तालिएको मन लिएर विकल र उनका साथी मामा भाइजुकोमा बस्न जान्छन् तर उनीहरूले सहयोग गर्दैनन् । सहयोग नपाएपछि कलकत्ताको एउटा पाठशालामा उनीहरूले सहारा लिन पुग्दछन् तर स्कुल ठग भएकाले उनीहरूसँग भएको पैसा पनि रितिन्छ । सानुभाइलाई घरको यादले सताउन थाल्दछ र ऊ घर फर्कन्छ । त्यसैगरी विकल पनि काम नपाएपछि घर फर्कन्छन् । उनी फर्केको देखेर उनका बाबु निराश बन्दछन् । बजियाहरूले जेलमा पो हाले त । कथावस्तु यसरी अगाडि बढेको छ । कलकत्ताबाट फर्केपछि केही दिन रमेश विकल उदासउदास बनिरहे । यस समयमा विकलले मन बहलाउनका लागि हिन्दी र उर्दू भाषामा लेखिएका ‘अमीर हम्जा’ र ‘चन्द्रकान्ता सन्तति’ जस्ता रमाइला पुस्तकहरू पढ्दै जाने क्रममा उनको कल्पनाशील व्यक्तित्व बढ्न थाल्यो । यसै समयमा साहित्यकार श्यामप्रसाद शर्मासँग भेट हुनुले पनि महŒव राखेको छ । यसै समय एउटा घटना घट्यो जसले रमेश वकिललाई विद्रोही मानिस बनाइदियो । राणा प्रधानमन्त्री पद्मशमशेरले पदबाट राजीनामा दिए । अब प्रधानमन्त्री बन्ने पालो मोहनशमशेर राणाको थियो । राणा प्रधानमन्त्री गद्दीमा चढ्ने समयमा काठमाडौँ उपत्यकामा भव्य समारोह हुन्थ्यो । हजारौं मानिसहरु बाटोको दुवैपट्टि बसेर स्वागत र जयजयकार मनाउने गर्दथ्ये । राणा प्रधानमन्त्रीहरूले बाटामा स्वागत गर्न बसेका मानिसहरूलाई पैसा फ्याक्दथ्ये । गरिब मानिस पैसा पाउन तँछाड मछाड गर्दथे । यसै समय रमेश विकल पनि राणा प्रधानमन्त्रीलाई हेर्न भनेर बाटामा उभिएका थिए । यस समयमा एकजना बदमानस मानिसको भनाइबाट उनी जेल जानुपर्‍यो । सात दिन थुनिएपछि विकल

जेलबाट निस्किए जेलमा बस्दा राष्ट्रका निम्ति क्रान्ति गर्ने राम्रा राम्रा विचार भएका मानिसको संगतले विकलमा पनि नयाँ विचार आयो ।

जिम्मेवारीको संघर्षमा होमिएर - विकल श्यामप्रसाद शर्माको प्रेरणाबाट साहित्यितर्फ लाग्दै गरेको समयमा विकलले नराम्रा दुईवटा घटनालाई व्यहोर्नु पऱ्यो । जुन समय रमेश विकलको जीवनयात्रामा नयाँ मोड आउन थालेको थियो । २००४ सालमा हजुरबुबाको मृत्यु र २००६ सालमा बुबाको मृत्युले आफ्नो शिरको छहारी बित्दा कस्तो दुःख लाग्दो रहेछ भन्ने कुरा यस पटक उनले राम्ररी अनुभव गरे । यस घटनाले विकललाई अँध्यारो अँध्यारो र शून्यता लाग्यो । पारिवारिक जिम्मेवारी आफ्नो हातमा आयो । उनले नौलो आँट गरे र जीवनलाई दुईवटा बाटोमा हिँडाउन थाले । एउटा साहित्यको बाटोमा र अर्को पारिवारिक जिम्मेवारीको बाटोमा । पारिवारिक जिम्मेवारी पूरा गर्न विभिन्न क्षेत्रमा काम गरेर आफ्नो पारिवारिक दायित्व निर्वाह गरे साथै शैक्षिक क्षेत्रमा आफ्नो अध्ययनलाई र साहित्यलाई निरन्तरता दिँदै आफूलाई अगाडि बढाए र लिएको लक्ष्य पूरा गरेर छाडे । जीवनको अन्त्य भागसम्म पनि साहित्यसाधनामा निरन्तरता दिने काम कहिल्यै छोड्नन् । यसरी जीवनमा दुःख, सुख राम्रो नराम्रो अनुभव गरे । कथाकार रमेश विकल । वास्तवमा हाम्रा लागि रामेश्वर चालिसेको कुनै महत्त्व छैन । हामीलाई त साहित्यकार रमेश विकलसँग मतलब छ । साहित्यकार रमेश विकललाई चिन्नका लागि हामीले उनको जीवनयात्रालाई चिनेर मात्र पुग्दैन, उनले नेपाली साहित्यमा दिएको योगदानलाई चिन्नुपर्छ । साहित्यका क्षेत्रमा विविध विधामा कलम चलाएका विकलले कथा, उपन्यास, निबन्ध र नाटक लेख संस्मरणहरू र बालकथाहरू लेखे । बालनाटक, बालगीतहरूका साथै चित्रकारका रूपमा पनि चिनिन्छन् । सबैभन्दा ठूलो योगदान कथाका क्षेत्रमा दिएका छन् । वि.सं. २००६ सालबाट **गरिब** शीर्षकको कथाबाट कथालेखन शुरु गरेका विकलले कथा, उपन्यास र आख्यानका माध्यमबाट आफ्नो जीवनका बारेमा पढे जस्तो घर परिवार, गाउँ, शहर, दाजुभाइ दिदीबहिनीका जीवनका कथा पाउछौं । विकलका

कथाबाट धनीहरूले गरीब गुरुवाहरूलाई कसरी सताइएका छन् भन्ने कुरा जान्न पाइन्छ । जीवनका आरोह अवरोध, दुःख, सुख, आचरण सुधार, घमण्ड र अहङ्कारलाई त्याग्नु पर्दछ । राम्रा राम्रा कुरा मात्र गर्नु पर्दछ भन्ने मानवीय जीवनलाई सफल बनाउने विचारहरू पाइन्छन् । उपन्यासकार रमेश विकल । विकल जसरी कथाका क्षेत्रमा चमिक्ला छन् । त्यसैगरी उपन्यासका क्षेत्रमा पनि कम योगदान छैन् । विकलका उपन्यासले सबैको मन छुने र घतलाग्दा प्रकारका छन् । उपन्यासमा हाम्रा गामठाम, छरछिमेक, हाम्रो समाज र हाम्रो देशको बारेमा धेरै कुरा थाहा पाउन सकिन्छ । विकलका प्रकाशित धेरै. उपन्यास भए पनि सुनौली नामक उपन्यासमा गाउँकी सोझी केटी सुनौलीमाथि सहरका बदमानस मानिसहरुले कसरी अत्याचार गरे र केटीले कसरी दुःख पाई भन्ने कुरा देखाइएको छ । विक्रम र नौलो ग्रह किशोर उपन्यासबाट बालबालिकाहरूलाई नयाँनयाँ कुरा जान्न चाहने जिज्ञासु स्वभावका केटाकेटीहरूलाई जिज्ञासा र कल्पनालाई प्रस्तुत गर्न खोजिएको छ । अविरल बग्दछ इन्द्रावती चाहिँ रमेश विकलका उपन्यासहरू मध्ये सबैभन्दा बढी चर्चित उपन्यास हो ।  यसमा सिन्धुपाल्चोक जिल्लामा पर्ने इन्द्रावती नदी र त्यसको किनारमा बस्ने गरिब र सोझा माझीहरूको परिश्रमलाई शोषण गर्ने अन्याय र अत्याचार गरेर सधैं भरी ती माझीहरुलाई चुस्न पल्केका शोषक वर्गप्रति लक्षित गरेर लेखिएको छ । यस उपन्यास मार्फत दयाँ, माया, प्रेम र करुणाका बारेमा बताइएको छ । हामीले अन्यायका विरुद्ध कहिल्यै झुक्नु हुन्दैन भन्ने सन्देश दिइएको छ ।

नाटककार रमेश विकल । विकलका नाटक दुई प्रकारकाबाट अगाडि बढेका छन् । एक खाले नाटक उपन्यासले जस्तै मान्छेको सिंगो जीवनका बारेमा बताउने खालका छन् । अर्को खाले नाटकहरूमा कथामा जस्तै जीवनको एउटा खास घटना वा एउटा प्रसङ्ग प्रस्तुत गरिएका छन् । यस प्रकारका नाटकलाई एकाङ्की नाटक भनिन्छ । विकलका नाटकमा ठूला मानिसलाई मात्र काम लाग्ने नभई स-साना केटाकेटीहरूलाई पनि उपयोगी नाटक लेखेका छन् । नाटकमा धेरै थरी कुरा

छन् । इतिहासका कुरा पुराणका, धर्म, नीति, धनसम्पत्ति र समाज वरिपरिका कुराहरू उल्लेख गरेका पाइन्छ । विकलका नाटकले राम्रो सन्देश दिनुका साथै सबैलाई आनन्द दिन सक्ने रमाइला खालका नाटकहरू सन्देशहरू लेखेका छन् । विकलका नाटकका माध्यमबाट धनी र गरिबका कुरा छोरा र छोरी बीचको भेदभावका कुरा छन् । त्यस्ता भेद भाव हटाउनु पर्दछ भन्ने सन्देशका साथ कथावस्तुलाई अगाडि बढाउने काम भएको छ । निबन्धकार रमेश विकल - विकलका निबन्धभित्र आफ्नो जीवनमा घटेका र आफूले घुमेका, देखेका बुझेका कुरालाई प्रस्तुत गरेका छन् । कुनै निबन्ध यात्रा संस्मरणात्मक रूपमा छन् । कुनै निबन्ध आत्मसस्मरणको रूपमा छन् । निबन्धमा ज्ञान र अनुभवले भरिएका रमाइलो दिने खालका निबन्ध लेखेका छन् । विकलले गोसाँइकुण्डको यात्रा र मुक्तिनाथको यात्रा गर्दाका अनुभव रमाइला, अनौठा र विचित्रका दृश्यहरु देख्दा प्रयाप्त अनुभव गर्न पाएको कुरा छ । दुःख, सुख, आरोह, अवरोह, हावापानी, हिमालय, लेकबेसी सबै कुराको अनुभवका साथ हिउँलाई आफ्नै हातमा लिएर खेलाउन, हिउँका सेता डल्लाहरू लिएर एक अर्कालाई हिर्काउन पनि पाइन्छ । यसरी विकललाई नजिकबाट बुझ्न जान्नका लागि उनका निबन्ध मार्फत सहज हुन्छ । जीवनयात्रालाई वर्णन गरिएका रोचक प्रसंङ्गले भरिएका कुराहरु मार्फत मानिसलाई ज्ञान र बुद्धि बढाउने काममा महŒवपूर्ण काम गर्दछ । यसरी कथावस्तुले पूर्णता पाएको छ । बालसाहित्यकार रमेश विकल । रमेश विकल बालबालिकाहरू प्रति औधी माया गर्दथ्ये । विकलले आफू पनि केटाकेटी जस्तै स्वभाव देखाएर केटाकेटीहरूसँग खेल्दथ्ये । यसै स्वभावको परिणाम विकलले बालसाहित्यका क्षेत्रमा धेरै पुस्तक लेखेका छन् । विकल बहुआयामिक व्यक्तित्वका धनी भएकोले कथाका क्षेत्रमा मात्र नभएर कविता, उपन्यास, गीत, नाटक र चित्रहरु बालबालिकाहरूका निम्ति तयार गरे । विकलका बालसाहित्यिक कृतिमा उल्लेख गरिएका कुराहरूबाट हाम्रो जीवनसँग ठ्याम्मै मिल्न पुग्दछ । विकलका बालसाहित्यिक कृतिहरूमा आँसु र हाँसो पाउन सक्दछौं । बालसाहित्यले

बालबालिकाहरूलाई पढ्ने प्रेरणा, कल्पनाशक्ति, राम्रा राम्रा उपदेश केटाकेटीहरूका लागि प्रेरणाप्रद बन्न पुग्दछन् । औपन्यासिक जीवनी मार्फत विषयवस्तुको गहिराइमा अरु दयामाया र क्रूरताका कुरा पाउँछौ ।

राम्रा काम राम्रै परिणाम - प्रस्तुत बालउपन्यास कथाको थालनी केटाकेटीहरूले मनपराउने व्यक्तित्व विकल साहित्यका बहुविधामा मात्र कलम चलाउने व्यक्ति थिएनन् । उनी त संगीतकार व्यक्तित्व पनि हुन् । वाद्यवादनका क्षेत्रमा बासुरी, तबला र हार्मोनियम आदि बजाउन पनि सिपालु थिए । उनी चित्रकलामा पनि त्यत्तिकै सफल थिए । राम्रो काम गर्ने व्यक्तिलाई सबैले मन पराउँदछन् । समाजले यस्ता असल मानिसको सम्मान गर्दछन् । असल काम गर्नेप्रति प्रेम, माया, पुरस्कार र अभिनन्दन गर्दछन् । उनले जस्तै हामीले पनि राम्रा काम गर्ने प्रयास गर्नुपर्दछ । विकललाई राम्रो काम राम्रै परिणाम भएको कारण उनलाई विभिन्न संघसंस्थाहरूले सम्मान, पुरस्कार अभिनन्दन गरेका थिए । सहित्यकार रमेश विकल अमर रहून् - प्रस्तुत औपन्यासिक जीवनीमा रहेको साहित्यकार रमेश विकल अमर रहून् । मार्मिक र कारुणिकताको प्रस्तुती रहको छ । कथावस्तुको विकासको लागि मानव पात्र प्रयोग भएको छ । कथावस्तु यसरी अगाडि बढ्दछन् । रमेश विकल बहुआयामिक व्यक्तित्व भएकोले उहाँद्वारा थुप्रै साहित्यलेखन भएको थियो । विकल कुनै एक विधा विशेषमा मात्र नभएर कथा, कविता, गीत, उपन्यास, निबन्ध र चित्रकला आदि क्षेत्रमा लागेको पाइन्छ । जीवनका धेरै आरोह अवरोध पार गर्दै वि.सं. २०६५ साल पुस २ गते ८१ वर्षको उमेरमा देहावसान भयो । जीवनमा धेरै सम्मान, पुरस्कार, अभिनन्दन सबैका प्रिय भएर रहनु भएका साहित्यकार विकलको मृत्युले सम्पूर्ण नेपालीहरूलाई भावविह्वल बनायो । विकल बालबालिकाहरूमा पनि त्यतिक प्रिय थिए । आज उनी नभए पनि नियतिले ठगे पनि उहाँका कृति भनाइ र देखाएको बाटोलाई अनुशरण गर्नु नै हाम्रो कर्तव्य हो । अन्त्यमा हामी यो पनि भन्न सक्दछौं साहित्यकार रमेश विकल अमर रहून् । कथावस्तु यसरी समाप्त हुन्छ ।

### ४.६.२. पात्र विधान

प्रस्तुत औपन्यासिक कृतिमा रमेश विकल मुख्य पात्रका रूपमा रहेका छन् । उनी उज्यालो अनुहार, बाटुलो मुख, चञ्चल आँखा, लोभलाग्दा र पक्का परेका गाला कलिला हातखुट्टाले अति सुन्दर देखिन्छन् । सहायक पात्रका रूपमा दिदीबहिनी र दाजुभाइहरू रहेका छन् । उनीहरूको खासै भूमिका छैन । बाल्यकालको चञ्चले स्वभावको यथार्थ चित्रण गरिएको छ । अन्य पात्रमा हजुरबुबा, हजुरआमा, बुबा, आमा दिदी, ठूलीआमा रहेका छन् । ठूलीआमा र हजुरबुबाको मायाले सबै कुरा भुलेर बाल चञ्चलता देखाउने पात्रको रुपमा चित्रण गरिएको छ । निश्छल निष्कपट र उदार मन भएका व्यक्तिका रूपमा विकललाई उपस्थित गराइएको छ । विकलका साथ अन्य पात्रहरू सहयोगीका रुपमा आएका छन् । पारिश्रमिक लगावलाई उनको चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यिनको चरित्र बताउने क्रममा सहिद धर्मभक्त माथेमाको चरित्रको पनि चित्रण गरिएको छ । निडर, स्वतन्त्रता प्रेमी, समानता र क्रान्तिकारी भावना भएका युवकका रुपमा विकललाई लिइन्छ । सहायक पात्रका रूपमा दुलही सुशीला रहेकी छन् । विकलमा दया, माया र करुणा र क्रान्तिकारी भावना रहेको पाइन्छ । युवाको प्रतिनिधित्व पनि रमेश विकलले कतै कतै गरेको पाइन्छ । बाल सुलभ र बाल मनोभाव अनुकूल नै रहेको छ । केही गर्ने अठोट लिएका विकलको भूमिका मुख्य र दह्रो किसिमले अगाडि बढेको छ । उनमा दुःख, सुख राम्रा नराम्रा भावनाहरू उत्पन्न भएका छन् । जीवनमा भोगेका भोगाइहरू कथाका माध्यमबाट व्यक्त गरेका छन् । विकल आफ्नै गाउँ, समाज, देशका विभिन्न भागमा रहेको अवस्था विकलले प्रस्ट्याएका छन् । विकलद्वारा धर्म, नीति, धनी र गरिब छोराछोरीप्रति गरिने भेदभावको कुरा कथामा उल्लेख गरेका छन् । विकलले सबै खालका अनुभवलाई मुख्य पात्रका रुपमा प्रस्तुत गरेका छन् ।

### ४.६.३. परिवेश

काठमाडौँ तिहारको झिलीमिली र साजसज्जापूर्ण वातावरण जताततै सफा र हरियाली युक्त डाँडा पाखा सेता, हिमालहरू, ढकमक्क फूलका थुँगाहरू विकलको घर, गाउँ, मन्दिर, खोलानाला, भत्केका घरहरू, मरेका मानिस पशुपन्छी आँखामा बिम्ब बनेर झल्किरहेका छन् । आरुबारी र देउपाटन मुख्य परिवशेका रुपमा आएका छन् । आन्तरिक परिवेशका रूपमा बालमानसिकता र गुरुहरूको कठोर अनुशासनलाई लिएको छ । सिफल, पशुपति मन्दिर बाह्य परिवेशका रूपमा आएका छन् । क्रान्तिकारी भावना स्वतन्त्र, समानता आदि आन्तरिक परिवेशका रूपमा आएका छन् । काठमाडौँ विराटनगर, दार्चुला र मानसरोवर बाह्य परिवेशका रूपमा आएका छन् । आन्तरिक परिवेशका रूपमा दुःखी गरिबको पिडा व्यवथा आदिलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । काठमाडौँ, चित्लाङ, भीमफेदी, अम्लेखगञ्ज र भारतको कलकता, विभिन्न संघसंस्था, विद्यालय, विश्वविद्यालय, शिक्षा मन्त्रालय, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, अमेरिका लगायत अन्य देशहरू परिवेशको रूपमा देखा परेका छन् ।

### ४.६.४. भाषाशैली

प्रस्तुत जीवनीको भाषाशैली सरल, सुबोध्य र बालसुलभ रहेको छ । उज्यालो, बाटुलो, चञ्चल, लोभलाग्दा, टुमुक्क, चिम्मचिम्म आदि विशेषण र अनुकरणात्मक शब्दको प्रयोगले जीवनी झन् आकर्षक र पढुँ-पढुँ लाग्ने देखिन्छ ।

अनुकरणात्मका शब्दको प्रयोगले भाषा झन जीवन्त बन्न पुगेको छ । छोटा छोटा वाक्य गठनको ढाँचाले सुबोध्य देखिन्छ । वर्णनात्मक भाषाशैली लेख्य औपचारिक भाषाको आधिक्य रहेको छ । शैली संवादवात्मक नभई समाख्यानात्मक रहेको छ । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कुनै आलङ्कारिक शैली तथा शब्दको प्रयोग नगरिएको बालबोध्य सुग्राह्य भाषा शैलीको

प्रयोग देखिन्छ । कतैकतै एकोहोरो वर्णनात्मक शैली भेटिन्छ । आख्यानको अभिन्न तŒव भाषाशैली हो । भाषाबिना विचारको अभिव्यक्ति हुन सक्दैन । भाषालाई प्रस्तुत गर्ने तरिका शैली हो । यस आख्यानको भाषाशैलीमा तत्सम्, तद्भव्, आगन्तुक र अनकुरणात्मक शब्दको प्रयोगले जीवन्त बनेको छ । छोटा र सरल वाक्यको गठनले भाषामा मिठास थपिनुका साथै बालबोध्य रहेको छ । अन्य पूर्व उपन्यासको जस्तै वर्णनात्मक रहेको पाइन्छ । भाषा स्पष्ट र सरल, सहज र बोधगभ्य रहेको छ ।

### ४.६.५. उद्देश्य

रमेश विकलको जन्मको प्रसङ्गदेखि मृत्युपर्यन्तसम्मको प्रसङ्ग देखाउनु मुख्य उद्देश्य हो । विकलको आमाको मृत्यु दुःखद घटना देखाउनु हजुरआमाको मृत्यु, मृत्युको कारूणिक चित्रण गर्नु, हजुरबुबा र ठूलीआमाको बालममता देखाउनु, वि.सं. १९९० को महाभूकम्पको सचित्र वर्णन गर्नु, छोरीलाई अर्काको घरमा जाने जात भनेर हेला गर्नु, हुँदैन भन्ने सन्देश, दिनु यसको उद्देश्य हो । विकलको अक्षराम्भ गुरुकुल शिक्षा र कठोर अनुशासनको बारेमा जानकारी दिनु, शहिदहरूको त्याग, स्वतन्त्रता, प्रजातान्त्रिक भावना, क्रान्तिकारी चेत देखाउनु, बालविवाहलाई यस समाजबाट हटाउनु पर्दछ भन्ने विचार दिनु पनि उद्देश्य नै हो । बालविवाहबाट अनेकौं समस्या निम्तिन सक्दछ भन्ने सन्देश दिएका छन् । काठमाडौँ, विराटनगर, दार्चुला र मानसरोवरसम्मको यात्रा वर्णन गर्नु र आम दुःखी गरिब निमुखा वर्गको पीडा व्यथालाई यथार्थपरक ढंगबाट व्यक्त गर्ने काम भएकोछ । तन्नेरी युवकलाई सत्मार्गमा लाग्ने प्रेरणा, केही कमाउने आशामा विदेशिने आम नेपालीको बाध्यतालाई प्रस्तुति गर्नु, मातृभूमिप्रतिको माया जगाउनु, राणाशासनको अन्त्य गर्न अठोट गर्नु उद्देश्यका रूपमा रहेका छन् । कुनै पनि चुनौतीहरूलाई सामना गर्दै सहासिक रूपमा अगाडि बढ्न सके जीवन

लक्ष्यमा पुग्न सक्दछ भन्ने भावनाको विकास गर्नु, ठूलाबडाले निमुखाहरूमाथि अत्याचार गरेको कुरालाई झल्काउनु जसमा माझिहरूप्रति काजीहरूले सत्ताएको कुरा गरेको उल्लेख छ । देशको भौगोलिक अवस्थाको ज्ञान गराई मानिसको मानसिकतामा परिवर्तन ल्याउनु पर्छ । त्यसबाट बालबालिकाहरूमा पढ्न, राम्रा कामहरूमा लाग्न, प्रेरणा दिन सक्नु पर्दछ । राम्रो कामबाट नै राम्रो परिणाम मिल्छ भन्ने सन्देश दिनु यस औपन्यासिक जीवनीबाट यस प्रकारका उद्देश्यहरू प्राप्त गर्न सकिन्छ । साहित्यकार रमेश विकल युगयुगसम्म अम्वर रहून् र विकलले देखाएको बाटोलाई हामी सबैले अनुशरण गर्नुपर्ने कुरा मूल उद्देश्यका रूपमा रहेका छन् ।

## ४.७. निष्कर्ष

साहित्यकार सामप्रसाद ज्ञवाली साहित्यका विविध विधामा सशक्त रुपमा कलम चलाउने व्यक्तित्व हुन् । आफूले पढाउने पेशा अँगालेदेखि नै बालआख्यान, बालगीत, बालकविता, बालनाटकहरू पस्कने गर्दथ्ये तरपनि त्यस समयमा बालसाहित्यिक कृतिहरू प्रकाशन हुन सकेनन् । जब २०६१ सालदेखि बालसाहित्यका कृतिहरू प्रकाशित भएर आए तव मात्र बालबालिकाहरूलाई अरु हौस्याउन र नैतिक चरित्रवान, सामाजिक भावनाको विकास असल नागरिक बन्नका लागि प्रेरित गर्ने प्रकारका बालकथा र औपन्यासिक जीवनीमा पनि अझ सफल बन्न पुगे । ज्ञवालीका कृतिहरूमा मानव र मानवेतर पात्रहरूको प्रयोग गरिएको सहज, सरल र सुबोध्य भाषाशैलीमा लेखिएका बालआख्यानहरूको माध्यमबाट गरिब, निमुखा, अन्याय र अत्याचारको मारमा परेका निमुखा व्याक्तिहरूको अवस्थालाई ध्यान दिएर लेखिएका छन् । उचित परिवेशको कारणले नेपालीको अवस्थालाई राम्ररी बुझ्न सकिन्छ । भावनाका धनी अबोध बालबालिकाहरूको उज्ज्वल भविष्यलाई ध्यान दिएर लेखिएका चारवटा

बालआख्यान र एउटा रमेश विकलको औपन्यासिक जीवनीका माध्यमले कलिला बालबालिकाहरूका लागि महत्वपूर्ण कृतिका रूपमा रहेको निष्कर्ष देखिन्छ ।

# अध्याय पाँच

# बालआख्यानकार रामप्रसाद ज्ञवालीको बालआख्यानात्मक कृतिहरूको मूल्याङ्कन

## ५.१. परिचय

२०४० सालमा हरिद्वारमा रहँदा सगरमाथा पत्रिकामा **हाम्रो कर्तव्य** शीर्षकको कविता प्रकाशन गरी साहित्यिक यात्रामा प्रवेश गरेका ज्ञवालीले २०४२ सालमा जनविकास मा.वि. तालढुङ्गा काभ्रेमा शिक्षण कार्य सुरू गरेवाट बालसाहित्यिक यात्रा सुरू गरेको पाइन्छ । उनले कविता, उपन्यास, कथा, समालोचना, निबन्ध, नाटक र गीत जस्ता विभिन्न विधाहरूमा आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । ज्ञवालीले कविताका लघुतम, लघु, मध्यम र वृहत् गरी सबै उपविधामा, नाटकतर्फ पूर्णाङ्की र एकाङ्की गरी दुवै उपविधामा तथा निबन्धतर्फ वस्तुपरक र आत्मपरक दुवै प्रकृतिका रचनामा कलम चलाएका छन् । साथै बालगीत, बालकविता, बालकथा, बालनाटक र बाल औपन्यासिक जीवनी आदिका क्षेत्रमा समेत उत्तिकै योगदान पुऱ्याएका छन् । वर्तमान बालसाहित्यमा साधनारत नेपाली बालसाहित्यकारहरू मध्ये रामप्रसाद ज्ञवाली पनि एक बालसाहित्य साधकको रूपमा देखा परेका छन् । ज्ञवाली कविता, नाटक, स्वागत गीतका माध्यामबाट कलिला बालबालिकाहरूमा आचरण सुधार अध्ययनप्रति चासो नयाँ नयाँ कुरा र ज्ञानप्रति उत्सुक बनाउने खालका बालरचनाहरू ज्ञवालीबाट रचिएका रचना छन् । वि.सं. २०६१ साल आफ्ना

बालसाहित्यको पहिलो प्रकाशनका रूपमा **सानी परेवी र बाज** नामक सचित्रबालकथा ल्याए पश्चात् हालसम्म **आहा! कति मिठो खीर!** सचित्रबालकथा (२०६५), **कालाजादुको कथा** सचित्रबालकथा (२०६५), **दयालु भावना** सचित्र बालकथा (२०६६) र **रमेश विकल** औपन्यासिक जीवनी, (२०६७) गरी पाँचवटा बालकथाहरू प्रकाशन भै सकेका छन भने थुप्रै बालगीत, बालनाटक, बालकथाहरू पाण्डुलिपिको रूपमा रहेका छन् । यी माथिका बालकृतिहरूको अध्ययनबाट ज्ञवालीका कथागत विशेषतालाई निम्नलिखित बुँदामा चित्रण गर्न सकिन्छ ।

### ५.१.१. सामाजिकता

सामाजिकता ज्ञवालीको कथागत प्रमुख विशेषता रहेको छ । यिनले हाम्रो समाजसापेक्ष पात्रचयन गरी आवश्यक कला मूल्य प्रदान गरी कथात्मक अभिव्यक्ति दिएका छन् । मानवेतर पात्रको चित्रण गरे तापनि त्यसलाई मानवीकृत गरेर हेर्दा नेपाली समाजको चित्र प्रस्तुत हुन्छ । यिनको सानी परेवी र बाजकथाले गुनको वदला गुन र बैगुनको बदला बैगुनले नै तिर्नु पर्छ भन्ने मान्यताका साथै मानवतावादको स्थापना गर्न खोजेको छ भने दयालु भावना कथाको माध्यमबाट छुवाछुतको अन्त्य गर्नु पर्दछ, गरिब दुःखीलाई सक्दो सहयोग गर्नु पर्दछ, भन्ने भावनाका साथ सर्वहारा वर्गको हितमा र पूँजीपति, शोषक सामन्तीको विरुद्धमा लेखिएको पाइन्छ ।

### ५.१.२. पात्रमा मानसिक द्वन्द्वको सिर्जन र विकास

पात्रमा मानसिक द्वन्द्वको सिर्जन र विकास गरी कलात्मक पारामा विषयको प्रस्तुत गर्नु ज्ञवालीको अर्को उल्लेखनीय विशेषता रहेको छ । यिनमा हरेक शीर्षकको बालकथामा पात्रका बाह्यभन्दा आन्तरिक द्वन्द्वलाई बढी महत्त्व दिएको पाइन्छ । हरेक कथा पात्रको मानसिक द्वन्द्वमा अगाडि बढेको छ । कथामा

आन्तरिक र बाहय द्वन्द्वलाई अन्यान्तै रोचक ढंगबाट समायोजन गरी प्रस्तुत गरिएको छ ।

### ५.१.३. मौलिकता

रामप्रसाद ज्ञवालीका बालआख्यानहरूमा विषयवस्तुको छनौट, पात्र संयोजन, भाषाशैलीमा विशुद्ध मौलिकता पाइन्छ । शोधसामग्री संकलनका क्रममा शोधनायकसँगको अन्तरवार्तामा शोधनायकले बताएअनुसार उनी कुनै पनि पूर्वीय तथा पश्चिमेली बालसाहित्यकार र तीनको कृतिका प्रभाव नपरेको बुझिन्छ । उनी जीवनयापनको क्रममा विभिन्न विद्यालयमा कार्यरत रहँदा बालबालिकालाई नियाल्ने अवसर पाएको र सहकर्मी शिक्षक साथीहरूबाट र अन्य बैद्धिक व्यक्तिहरूको मौखिक प्ररणामा बालकृति सिर्जना गरेकाले उनका कथाहरूमा आफ्नै प्रकारको मौलिकता पाइन्छ ।

### ५.१.४. व्यङ्ग्यात्मकता

रामप्रसाद ज्ञवालीका कथाहरूमा व्यङ्ग्यात्मकता पनि पाइन्छ । व्यङ्ग्यात्मकताका दृष्टिले यिनका कथाहरूमा आजका मानिस यसरी क्रूर, निर्दयी र नीच बनेका कुराको वयान सानी परेवी र बाज कथामा बाजले सानी परेबीलाई खान लागे पछि परेवीले राखेको सर्तअनुसार  विभिन्न स्थानमा विभिन्न पात्रहरू बूढीगाई, बागमती नदी आदि संग गरेको संवादले प्रस्ट पारेका छन् । देशमा विद्यमान सामान्त वर्गलाई साधारण नेपालीहरू माझ हार खानु पर्ने चोटिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

### ५.१.५. संरचनामा लघुता

रामप्रसाद ज्ञवालीका बालआख्यानहरूमा  पाइने प्रवृत्तिगत विषेशताहरूमध्ये लेखनमा लघुता पनि एक हो । उनका हरेक कथा छोटा आकारका छन् । यही छोटा आकारका कथाहरूमा पनि बालमनोविज्ञानात्मक विश्लेषण गरी गहन विषयमा प्रस्तुति गर्न सक्नु उनको उल्लेख्य विषेशता हो ।

### ५.१.६. सरल भाषाशैली र सन्देशमूलकता

सरल र स्पष्ट भाषामा सबै खालका पाठकहरूको मन जित्ने खालका कृतिहरू प्रस्तुत गर्ने शिल्प र कला पनि रामप्रसाद ज्ञवालीको उपलब्धिको रूपमा रहेको छ । साहित्यले केही न केही सन्देश दिनुपर्छ भन्ने मान्यता भएका ज्ञवाली आफ्ना समग्र साहित्यिक कृतिहरू मार्फत् सन्देश दिई बालबालिकाहरू तथा पाठकहरूमा परिवर्तन ल्याउन सफल देखिन्छन् । रामप्रसाद ज्ञवालीले लेखेका जे-जति बालआख्यानात्मक कृतिहरू छन् ती कृतिहरूले बालबालिकाहरूको चरित्र निर्माण तथा सामुदायिकताको भावना जागृत गराएको छ भने अभिभावकहरूमा पनि बालबालिकाहरूलाई सम्मान गर्न सिक्नुपर्छ भन्ने पाठ पढाएको छ ।

## ५.२. निष्कर्ष

रामप्रसाद ज्ञवाली आफ्नो साहित्यको यात्रामा साहित्यिक यात्रा सुरु गरेदेखि नै बालसाहित्यमा प्रेरित भए तापनि बालआख्यानात्मक कृतिको रूपमा २०६१ सालमा **सानी परेवी र बाज** नामक कृतिको प्रकाशनसँगै अगाडि आएका हुन् । उनले अध्यापनको क्रममा विभिन्न विद्यालयहरूमा विभिन्न वर्गका बालबालिकाको स्वभाव र मनोविज्ञानलाई बुझेकाले उनलाई बालसाहित्य लेखनमा ठूलो मार्गदर्शन मिलेको देखिन्छ । उनले तिनै बालबालिकाहरूको रुचि र मनोभावनाको सहयोगले

गर्दा उनका बालसाहित्यिक कृतिहरूमा प्रयोग गरिएको भाषाशैली सरल, सहज, बालबोध्य र कथाले दिन चाहेको कुरामा सम्प्रेषणीय छ । बालमनोविज्ञान र बालजगत्लाई नजिकैबाट नियाल्ने खुबी भएका ज्ञवालीका सम्पूर्ण बालकृतिहरू विषयवस्तुअनुसार पात्र चयन, संवाद र सन्देशका दृष्टिले सफल रहेका छन् । रामप्रसाद ज्ञवालीलाई अन्य स्रष्टाहरू भन्दा भिन्न बनाउने विशेषता नै उनको मौलिक भाषाशैली हो । यहाँ चारवटा बाल आख्यान र एउटा औपन्यासिक जीवनीको चर्चा गरिएको छ । चर्चा गर्ने क्रममा रमेश विकलको औपन्यासिक जीवनीलाई लेखकले जीवनीपरक उपन्यास भने तापनि यो कृति विधा सिद्धान्तका आधारबाट अध्ययन गर्दा जीवनीपरक समालोचनाअन्तर्गत पर्दछ । उपन्यास तत्त्वका केही झिल्का झिल्की हुँदैमा यसलाई औपन्यासिक कृति मान्न नसकिने देखिन्छ ।

# अध्याय छ

# उपसंहार

रामप्रसाद ज्ञवालीको जन्म वि.सं. २०२४ साल वैशाख ११ गते पिता दुर्गाप्रसाद ज्ञवाली र माता कुन्तीदेवीको  काँइलो सन्तानका रूपमा लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, थानपति गा.वि.स. वडा नं. ३ फेक्लेँदी भन्ने ठाउँमा भएको हो । उनकोको जन्म निम्नमध्यमवर्गीय परिवारमा भएको थियो । उनका ३ दाजुहरू र १ बहिनी रहेका छन् । निम्नमध्यमवर्गीय पारिवारिक पृष्ठभूमिमा जन्मिएका रामप्रसाद ज्ञवालीको अक्षरारम्भ ६ वर्षको उमेरमा भएको थियो । २०३४ सालतिर शिक्षाका लागि भारततिर प्रस्थान गरी वि.सं. २०४२ मा वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रथम श्रेणीमा शास्त्री उत्तीर्ण

गरी नेपाल फर्के । रामप्रसाद ज्ञवालीले सर्वप्रथम जनविकास मा.वि. तालढुङ्गा काभ्रेमा २०४२ सालदेखि शिक्षण कार्य सुरु गरेका थिए । बालआख्यानकार रामप्रसाद ज्ञवालीको साहित्यिक यात्रा यहीबाट सुरू हुन्छ । महाकवि देवकोटाको काव्यप्रतिभाबाट सर्वाधिक प्रभावित कवि ज्ञवाली पारिजातबाट पनि त्यत्तिकै प्रभावित देखिन्छन् । जीवनसङ्घर्षका तीतामीठा क्षणहरूबाट, अरूले लेखेर स्याबासी पाएको देखेर, ठूला साहित्यकारहरूले पाएको सम्मान र प्रशंसा देखेर, अर्काले हेपेको सहन नसकेर र साहित्यकारहरूको सङ्गतले गर्दा साहित्ययात्रामा लाग्न प्रेरित भएका आख्यानकार ज्ञवाली प्रगतिशील स्रष्टाहरूबाट बढी प्रेरित भएको देखिन्छन् ।

रामप्रसाद ज्ञवालीको प्रमुख व्यक्तित्व भनेको साहित्यकार व्यक्तित्व हो । उनले साहित्यमा कविता, उपन्यास, कथा, समालोचना, निबन्ध, नाटक र गीत जस्ता विभिन्न विधाहरूमा आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । ज्ञवालीले कविताका लघुतम, लघु, मध्यम र बृहत् गरी सबै उपविधामा, नाटकतर्फ पूर्णाङ्की र एकाङ्की गरी दुवै उपविधामा तथा निबन्धतर्फ वस्तुपरक र आत्मपरक दुवै प्रकृतिका रचनामा कलम चलाएका छन् । साथै बालगीत, बालकविता, बालकथा, बालनाटक र बाल औपन्यासिक जीवनी आदिका क्षेत्रमा समेत उत्तिकै योगदान पुऱ्याएका छन् ।

साहित्यका अन्य विधाका तुलनामा बालसाहित्य त्यति फस्टाउन नसकेको विधाको रूपमा देखा परेको छ । आजका बालबालिकाहरू भविष्यका देश हाँक्ने सारथि हुन् । उनीहरूलाई सानैदेखि साहित्यको माध्यमबाट ज्ञानविज्ञानको विविध विषयको ज्ञान दिनु आजका बुद्धिजीवीहरूको जिम्मेवारी हो । यसै क्रममा बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहबाट सुरु भएको नेपाली बालसाहित्यको यात्रा उमेरका हिसाबले सयवर्ष पुगेको छ । यो उमेर धेरै परिपक्को त होइन तर पनि यस उमेर भित्र कयौं बालसाहित्यकारहरूको जन्म भएको छ । वर्तमान बालसाहित्यमा

साधनारत नेपाली बालसाहित्यकारहरूमध्ये रामप्रसाद ज्ञवाली पनि एक बालसाहित्य साधकको रूपमा देखा परेका छन् । बालआख्यानकार रामप्रसाद ज्ञवाली बालआख्यानयात्राको क्षेत्रमा वि.सं. २०४२ सालदेखि समर्पित भएको पाइन्छ । प्रतिभाका धनी व्यक्तिŒव ज्ञवाली हुने विरुवाको चिल्लो पात भनेझैं सानैदेखि बालआख्यान तर्फ उन्मुख भएका स्रष्टा हुन् । आफ्नो शास्त्रीसम्मको अध्ययन यात्रा पूरा गरेपछि २०४२ सालबाट अध्यापनको सिलसिलामा काभ्रेको विकट गाउँमा अवस्थित जनविकास मा.वि. तालढुङ्गामा ज्ञवालीका बालआख्यानात्मक रचनाहरू देखा पर्न थाले । कवितात्मक भाषाशैलीको माध्यमबाट कलिला बालबालिकाहरूलाई शिक्षा दिने क्रममा बालआख्यान यात्रा सुरू भयो । त्यस जनविकास मा.वि. तालढुङ्गामा हुने गरेका विभिन्न कार्यक्रमहरू दैनिक, साप्ताहिक, मासिक र वार्षिक कार्यक्रमहरूमा कविता, स्वागत गीत, बाल गीत, बालनाटक तथा विभिन्न बालमनोरञ्जनात्मक सिर्जनाहरू सिर्जिए । यिनै उल्लिखित विधाहरूका माध्यामबाट सबैलाई प्रफुल्लित तुल्याउन सफल भएका ज्ञवालीका कविता, नाटक, स्वागत गीतका माध्यमबाट कलिला बालबालिकाहरूमा आचरण सुधार अध्ययनप्रति चासो नयाँ नयाँ ज्ञानप्रति उत्सुक बनाउने खालका बालरचनाहरू रचिएका थिए । प्रत्येक कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूका मनोभवना अनुरूप उनीहरूको नाममा मिल्दो त्यसै विद्यार्थीको विभिन्न हाउ भाउ चरित्र व्यवहार चहाना आदि कुराहरूलाई मध्य नजर राखेर उक्त विद्यार्थीलाई प्रेरणा प्राप्त हुने किसिमका रचनाहरू लेख्ने गर्दथे । त्यसै क्रममा बालबच्चाका निम्ति बालपरक लेख लेख्ने गरेको र ती लेख रचनाहरूको प्रकाशन व्यवस्था नभएकोले पाण्डुलिपिका रूपमा मात्र ती बालआख्यानहरू रहन पुगेका छन् । जव वि.सं. २०६१ सालमा बालआख्यानकार ज्ञवालीले **सानी परेवी र बाज** नामक सचित्रबालकथा प्रकाशनमा ल्याउन सफल हुनुभएको देखिन्छ । यो बालकथा विद्यालयमा पढ्ने बालबालिकाहरूका लागि अति उपयुक्त सचित्रबालकथा हो । यस कृतिको कथावस्तुले बालबालिकाहरूमा  कुतूहलता पैदा गराई अध्ययनप्रति

बढी रुचि बढाउने खुराकीको रूपमा रहन पुग्दछ । २०६५ मा प्रकाशित दोस्रो **आहा! कति मिठो खीर!** सचित्र बालकथाले अर्को नयाँ आयम थपिन पुगेको छ । यस बालआख्यानका माध्यमबाट बालबच्चाहरू कति जिज्ञासु हुन्छन् भन्ने कुरा देखाइएको छ । उनीहरूलाई अध्ययनप्रति रुचि, कल्पना गर्न सक्ने क्षमताको विकास, सहयोगी भावनाको विकास र साथीहरूसँग मिल्नु पर्छ खराव काम गर्नु हुदैन भन्ने बानीको विकास गराउन यो बालआख्यान सफल देखिन्छ । तेस्रो बालआख्यान **दयालु भावना** नामक कृतिको प्रकाशनले बालबालिकाहरू माझ अर्को इँटा थप्न पुगेका छन् । यस कृतिका माध्यमबाट बच्चाहरूलाई समाजमा मिलेर बस्नु पर्दछ भन्ने शिक्षाप्रद बालआख्यान कृतिका रूपमा आएको छ । २०६६ मा प्रकाशित **कालाजादुको कथा**बाट बालबालिहरूको मनोजिज्ञासालाई चित्रण गर्न खोजिएको छ । **रमेश विकलको औपन्यासिक जीवनी** (२०६६) मार्फत् विकलको जन्मदेखि मृत्युसम्म उनका भोगाइहरूको सचित्र वर्णन गरिएको छ । जसको माध्यमबाट कलिला बालबालिकाहरूले यस कृतिको अध्ययनबाट आफ्नो जीवनलाई पनि नवीन ढङ्गबाट अगाडि बढाउन सफल हुन्छन् । ण

वर्तमान बालसाहित्यमा साधनारत नेपाली बालसाहित्यकारहरू मध्ये रामप्रसाद ज्ञवाली पनि एक बालसाहित्य साधकको रूपमा देखा परेका छन् ।

नेपाली बालआख्यानका स्रष्टा रामप्रसाद ज्ञवाली महŒवपूर्ण व्याक्तित्व हुन् । नेपाली बालआख्यानको विकासलाई अगाडि बढाउने स्रष्टाहरूमध्ये रामप्रसाद ज्ञवालीको नाम पनि अग्रस्थानमा रहेको पाइन्छ । रामप्रसाद ज्ञवालीका जीवनका विभिन्न खुड्किलाहरू, साहित्यिक यात्राहरू र बालसाहित्यिक पुस्तकाकार कृतित्वका सम्बन्धमा यस अघिका अध्यायहरूमा विस्तृत रूपमा चर्चा परिचर्चा गरीसकिएको छ । उपर्युक्त अध्यायहरूको निष्कर्षको रूपमा यस अध्यायलाई प्रस्तुत गरिएकोछ ।

जस अन्तर्गत विभिन्न शीर्षकहरू छन् । ती शीर्षकहरूमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् । यस अध्यायबाट रामप्रसाद ज्ञवालीको बालआख्यानकारितालाई विश्लज्ञेषण गर्ने आधार तयार गरिएकोछ । यसैगरी रामप्रसाद ज्ञवालीको सङ्क्षिप्त जीवनी प्रस्तुत गरिएकोछ । यसमा ज्ञवालीको जन्मदेखि हालसम्मका विभिन्न उतावचढावलाई विभिन्न शीर्षकमा समेट्ने प्रयास गरिएकोछ । ती शीर्षकहरूमा जन्म र बाल्यकाल, शिक्षा तथा अध्ययन, आर्थिक अवस्था, दाम्पत्य जीवन, पेसा तथा आजीविका, साहित्य सिर्जना, कार्यक्षेत्र (सामाजिक कार्य, शैक्षणिक कार्य र पत्रकारिता), साहित्यिक प्रेरणा र प्रभाव, स्वभाव र रुचि, संस्थागत संलग्नता आदिको बारेमा जानकारी दिइ निष्कर्ष समेत दिने काम गरिएकोछ । बालसाहित्यको सैद्धान्तिक परिचय अन्तर्गत बालसाहित्य के हो ? भन्ने विचारमा विभिन्न विद्वान्हरूका परिभाषा, बालसाहित्यका विधाको चिनारी तथा नेपालमा बालसाहित्यको विकासक्रमको बारेमा विस्तृत जानकारी गराइएको छ । वास्तवमा बालसाहित्य भनेको बालबालिकाहरूको चौतर्फी विकासलाई ध्यानमा राखेर लेखिएको साहित्य हो । बालसाहित्य स्वच्छ र सुन्दर हुनुपर्दछ । बालसाहित्यले बालबालिहरूलाई नैतिक सन्देश दिएको हुनुपर्छ साथै अभिभावकहरूमा पनि बालबालिकाहरूप्रति सम्मान गर्न सिक्नु पर्छ भन्ने ज्ञान दिएको हुनुपर्छ । बालआख्यानकार रामप्रसाद ज्ञवालीको बालसाहित्यिक यात्राको अध्ययान बारेमा विस्तृत विवरण प्रस्तुत गरिएको छ । जसमा रामप्रसाद ज्ञवालीको साहित्यिक यात्रा तथा बाल साहित्यको यात्राको विषयमा विस्तृत विवरण प्रस्तुत गरिएको छ । रामप्रसाद ज्ञवालीका बालआख्यानात्मक कृतिहरूको विश्लेषण गर्ने काम भएको छ । यस अन्तर्गत **सानी परेवी र बाज** (सचित्र बालकथा, २०६१), **आहा! कति मिठो खीर!** (सचित्र बालकथा, २०६५), **कालाजादुको कथा** (सचित्र बालकथा, २०६५), **दयालु भावना** (सचित्र बालकथा, २०६६) र **रमेश विकल** (औपन्यासिक

जीवनी, २०६७) जस्ता कृतिहरूको विश्लेषण गरिएकोछ । ज्ञवालीका बालआख्यानहरूको कथाहरूलाई कथाका तत्त्व, विषयवस्तु, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीका आधारमा विश्लेषण गरिएकोछ ।

रामप्रसाद ज्ञवालीले सुख, सुविधा र ऐस आरामको जीवन नविताएर आफ्नो जीवनमा आएका दुःख कष्ट, आँधीबेहरी आदिसँग पौंठेजोरी खेल्दै सङ्घर्षशील जीवन व्यतीत गरेका छन् । साहित्य सिर्जना र अध्यापन पेसालाई जीवनको लक्ष्य बनाएका ज्ञवालीका प्राप्ति र उपलब्धि पनि यसै क्षेत्रमा भएको पाइन्छ । नेपाली बालआख्यानमामा उनले गरेको निरन्तर साधनालाई हेर्दा लेखकीय निरन्तरता नै नेपाली बालसाहित्यमा उनको सबैभन्दा ठूलो प्राप्ति हो ।

नेपाली बालसाहित्य लेखन र प्रकाशनको इतिहास त्यति लामो नभए पनि रामप्रसाद ज्ञवालीको बालसाहित्यिक लेखनमा समर्पित एक महत्त्वपूर्ण स्रष्टा हुन् । पछि आउने बालसाहित्य लेखकका लागि एक प्रेरणा हुन् भने बालसाहित्यको उर्वरताका लागि आधार प्रदान गर्ने हस्ती हुन् । ज्ञवाली बालकलाई नैतिक र मानवीय मूल्यका दृष्टिले असल नागरीक बनाउनु पर्ने मान्यता राख्छन् र यसका लागि जीवनोपयोगी र प्रगतिशील बाललेखन र बालसाहित्यलाई प्रोत्साहित गर्दै बालकका पक्षमा समर्पित भइ बालसाहित्यलाई उर्वर बनाउने कार्यमा उनको योगदान महत्त्वपूर्ण रहेको छ । ज्ञवालीका पाँचवटा बालसाहित्यिक कृतिहरूको प्रकाशन भई सकेका तथा निरन्तर रूपमा बालसाहित्य सम्बन्धी लेख र रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित गरी जीवनभर नेपाली साहित्यिक यात्रामा नै लागि परेका ज्ञवालीको बालआख्यान क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान रहेको छ ।

रामप्रसाद ज्ञवालीका बालसाहित्यिक कृतिहरू प्रगतिशील विचार धारामा सर्वहारा वर्गको हितमा र पूँजीपति, शोषक सामन्तीको विरुद्धमा लेखिएको पाइन्छ । बालबालिकाहरूलाई अभिभावकहरूले सम्मान गर्न जान्नुपर्दछ भन्ने मान्यता भएका ज्ञवालीका सम्पूर्ण बालसाहित्यिक कृतिहरूले बालबालिकाको

नैतिक चरित्र निर्माणमा जोड दिएको पाइन्छ । साहित्यकारलाई भन्दा साहित्यलाई चिनिनुपर्छ भन्ने मान्यता भएका ज्ञवालीले आफ्ना लेख, रचनाहरू विभिन्न नामबाट प्रकाशित गरेको पाइन्छ ।

सरल र स्पष्ट भाषामा सबै खालका पाठकहरूको मन जित्ने खालका कृतिहरू प्रस्तुत गर्ने शिल्प र कला पनि रामप्रसाद ज्ञवालीको उपलब्धिको रूपमा रहेको छ । साहित्यले केही न केही सन्देश दिनुपर्छ भन्ने मान्यता भएका ज्ञवाली आफ्ना समग्र साहित्यिक कृतिहरू मार्फत् सन्देश दिई बालबालिकाहरू तथा पाठकहरूमा परिवर्तन ल्याउन सफल देखिन्छन् । रामप्रसाद ज्ञवालीले लेखेका जे-जति बालआख्यानात्मक कृतिहरू छन् ती कृतिहरूले बालबालिकाहरूको चरित्र निर्माण तथा सामुदायिकताको भावना जागृत गराएको छ भने अभिभावकहरूमा पनि बालबालिकाहरूलाई सम्मान गर्न सिक्नुपर्छ भन्ने पाठ पढाएको छ ।

# सन्दर्भकृति सूची


अधिकारी, शारदा, 'चीलगाडीमा सरर' **बालसाहित्य** (वार्षिक) २०५४ ।

अर्याल, कमल (२०६७), **औँसीका फूलहरू** महाकाव्यमा सामाजिक यथार्थको प्रतिबिम्बिन, स्नातकोत्तर शोधपत्र (अ.प्र.), काठमाडौँ : पशुपति बहुमुखी क्याम्पस, त्रि.वि.।

अवस्थी, महादेव, (२०६५), **बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया**, काठमाडौ : एकता बुक्स, ।

उपाध्याय, केशवप्रसाद, ‘बालसाहित्यको विषय चयनमा समय सापेक्षता’ **बालसाहित्य** (वार्षिक) २०५६ ।

उपाध्याय, जगन्नाथ (२०५१), **रामप्रसाद ज्ञवाली र औँसीका फूलहरू** काभ्रे, जनमत प्रकाशित अं.......पृ...........

कटवाल, सीता, **नेपाली बालकविताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर २०५० ।

खतिवडा, जगन्नाथ (२०६६), **जीवनका घुम्तीहरू उपन्यासको कृतिपरक** अध्ययन, काठमाडौँ स्नातकोत्तर शोधपत्र, (अ.प्र.), रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि. ।

गाम्नागे, लक्ष्मण (२०५७), ‘धत् रामप्रसाद ज्ञवाली’, **हिमालय टाइम्स** (वर्ष-५, अङ्क- ३१) पृ. ५ ।

गिरी, जीवेन्द्रदेव, (२०५४), ‘नेपाली बालपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान’ **प्रलेस** (पूर्णाङ्क १०) ।

गौतम, नेपाल, (२०६३) **पुतली र भुसिल्किरा कविता संङ्ग्रहको कृतिपरक** अध्ययन, ने.सं.वि. को शास्त्री तृतीय वर्षको छटौं पत्रको प्रयोजनकालागि प्रस्तुत शोधपत्र (अ.प्र.) ।

चापागाई, नरेन्द्र, (सम्पा.) **पूर्वाञ्चल समालोचना सङ्ग्रह**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ....... ।

चाम्लिङ, भोगिराज (२०६१), ‘एकादेशमा : गणतन्त्रात्मक चेत, **जनएकता** ( वर्ष-१०, अङ्क- ७) पृ. ४

ज्ञवाली, रामप्रसाद (२०६१), **सानी परेवी र बाज**, सचित्र बालकथा, काठमाडौँ, दो.सं. (२०६४), : विवेक सिर्जनशील प्रकाशन ।

(२०६५), **आहा! कति मिठो खीर!** सचित्र बालकथा, काठमाडौं : वि.एन. पुस्तक संसार ।

(२०६५), **कालाजादुको कथा,** सचित्र बालकथा, काठमाडौं : ते.सं. (२०६४), ऐरावती प्रकाशन प्रा.लि.।

(२०६६), **दयालु भावना,** सचित्र बालकथा, काठमाडौं : वि.एन. पुस्तक संसार ।

(२०६६), **साहित्यकार रमेश विकल,** (औपन्यासिक जीवनी), काठमाडैं : नेपाल बालसाहित्य समाज ।

ज्ञवाली, ज्ञाननिष्ठ (२०६२), **नेपाली महाकाव्य परम्परामा औंसीका फूलहरू** उन्नयन (वर्ष... आङ्क ५७ चैत्र) पृ. १५ ।

(२०६३), **भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू,** काठमाडौं : हजुरको पुस्तक प्रकाशन ।

देवसरे, हरिकृष्ण, (ई.१९६९), **हिन्दी बालसाहित्य : एक अध्ययन**, दिल्ली : आत्मराज एन्ड सन्स ।

नेपाल, शारदारमण, बालसाहित्य र नेपाली बालसाहित्यको पृष्ठभूमि, **शिक्षक जर्नल** । पूर्वाञ्चल साहित्य प्रतिष्ठान ....... ।

न्यौपाने, चन्द्रप्रसाद (२०५६), "औंसीका फूलहरु पूर्णिमाको खोजीमा" **केही साहित्यिक व्यक्तित्व र कृतित्व,** ? : ? ।

पराजुली, कृष्णप्रसाद, (२०४४) **भाषाको माया**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

प्रधान, प्रमोद, (२०५४), 'यसरी अगाडि बढेको छ नेपाली कविता', **मधुपर्क** (वर्ष ३०, पूर्णाङ्क ३४०) ।

(२०६१), **नेपाली बालसाहित्यको इतिहास**, दो.सं., (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

, **नेपाली भाषाका लिखित बालसाहित्य : एक सिंहालोकन ।**

,(२०५५), 'नेपाली भाषामा लिखित बालसाहित्य : एक सिहवलोकन', **मधुपर्क** (वर्ष ३१ अंङ्क ४ पूर्णाङ्क ३५०) ।

, (२०५१), 'नेपाली बालसाहित्यको सङ्क्षिप्त विश्लेषणात्मक अध्ययन' **गरिमा** (पूर्णाङ्क १३७) ।

,(२०३६), 'नेपाली बालसाहित्यको विकासधारा' **रुपरेखा** (पूर्णाङ्क २२३) ।

प्रधान, भिक्टर, 'बालसाहित्यको विकासक्रम' **मधुपर्क** (वर्ष २३, अङ्क. ६), २०४६ ।

बन्धु, चूडामणि र अन्य, (२०४२), **नेपाली बालसाहित्यको सर्वेक्षण,** नेपाली शिक्षण समिति त्रि.वि. ।

बाँस्कोटा, साधुराम (२०६५) **रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेत** स्नातकत्तोर शोधपत्र (अ.प्र.), रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि. ।

लामिछाने, कपिल, (२०५१), 'लोकपरम्परा र बालसाहित्य' **बालसाहित्य** (अङ्क ४) ।

लामिछाने, दीपक (२०६६), **औँसीका फूलहरू महाकाव्यको कृतिपरक** अध्ययन, काठमाडौँ स्नातकोत्तर शोधपत्र, (अ.प्र.), रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि.।

विकल, रमेश, (२०५०), **'बालसाहित्य'**, काठमाडौँ : नेवासास ।

शर्मा, विनयकुमार (२०५९) **नेपाली महाकवि र महाकाव्य**, काठमाडौँ : मामा पुस्तक भण्डार ।

शर्मा, सोनिया (२०६५), **जीवनका घुम्तीहरू उपन्यासको कृतिपरक अध्ययन**, काठमाडौँ स्नातकत्तोर शोधपत्र (अ.प्र.), रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि.।

सापकोटा, प्रभात (२०५७) **तातो महाकाव्य औँसीका फूलहरू**, (वर्ष-२१ अङ्क ४ माघ-फाल्गुन) पृ. ९० ।

सिलवाल, प्रकाश (२०६१ 'हो सच्चा क्रान्ति रुदैन' **हिमालय टाइम्स** (असारः १२) पृ. ३ ।

.....................,(२०४७), 'बालसाहित्य अस्तित्व र प्रयोजन' **बालसाहित्य** (अङ्क १) ।

सुवेदी, राजेन्द्र, (२०५३), नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देबकोटाको योगदान, **सुनकोसी** (बार्षिक पूर्णङ्क २ ।

सुवेदी, राजेन्द्र,(२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, काठमाडैं : भारत भूमिका प्रकाशन ।

हुमागाई, जनकप्रसाद, (२०५६), **नेपाली बालसाहित्य,** काठमाडौं : सुनकोसी साहित्य प्रतिष्ठान ।